८५२
८बी

सोतापन्न

अर्थात्

निर्वाणको दर्शन:

केही अनुभूतिहरू



५५२
सो

लेखक तथा अनुवादक:-
सानु भाइ डंगोल

सोतापन्न

अर्थात्

निर्वाणको दर्शन

(केही अनुभूति)

लेखक तथा अनुवादक

डाक्टर सानुभाइ डंगोल

ओम प्रकाशक
(Amen publishers)
ख २/४२७ छाउनी
काठमाडौं–४ नेपाल
फोन– २७९६५७, २७१३८०

यस पुस्तकको सर्वाधिकार लेखकमा सुरक्षित

मूल्य रू. ६० (साठी)

मुद्रक– लक्ष्मी छापाखाना
यटखा टोल
काठमाडौं

3466
९८९.८५२
डे २९८सो

विषय-सूचि

विषय	पृष्ठ
हाम्रो भनाई	
प्राक्कथन	क
अध्याय १	
बौद्ध धर्ममा सोतापन्न	१
अध्याय २	
ध्यानको अभ्यास र दरवारिया वातावरण	१२
अध्याय ३	
गुह्य दीक्षाक्रम र सोतापन्नको उपलब्धि	२३
अध्याय ४	
भुवनप्रसाद श्रेष्ठज्यूका साथ बिताएका दिनहरू	४४
अध्याय ५	
दरवारिया षड्यन्त्र र नोकरीबाट निस्काशन	५२
अध्याय ६	
भुवनप्रसाद श्रेष्ठज्यूको स्मृतिमा खसेको आँसु	८३
उपसंहार	८९
परिशिष्ट	
१. ध्यानको सम्बन्धमा सानु भाइ डंगोलसँगको अन्तर्वार्ता	९१
२. रहस्यवादका अलौकिक प्रतिभा भुवनप्रसाद श्रेष्ठ	९६
३. खनालको राजतन्त्र डुबाउने सल्लाह	१००
४. जिल्ला कार्यालय, काठमाडौंको पत्र	१०५
५. संघीय गणतन्त्र जर्मनीका राष्ट्रपति तथा श्रीमती हेन्रिक लुब्केको निमन्त्रणा	१०६
६. संयुक्त राज्य अमेरिका स्थित नेशनल जियोग्राफिक सोसाइटीद्वारा सानु भाइ डंगोललाई सम्मानार्थ सदस्य चुनेको प्रमाणपत्र	१०७

मार्ग दर्शक तथा गुरु

स्वर्गवासी भुवनप्रसाद श्रेष्ठमा

श्रद्धा र भक्तिपूर्वक समर्पण

हाम्रो भनाई

सीता र बुद्धको जन्मथलो कहलिएको हाम्रो देशमा वर्तमानमा आएर आध्यात्मिक साहित्यको विधामा केही कुराको कमी कमजोरी खटकिरहेको थियो। डाक्टर सानु भाइ डंगोलज्यूद्वारा अनूदित यो पुस्तकले यस कमी कमजोरीलाई हटाउनमा केही मात्रामा भए पनि सक्षम हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं। यो पुस्तक डाक्टर डंगोल लिखित Sotapanna or Flash of Enlightenment: Some Experiences भन्ने अति चर्चित अंग्रेजी पुस्तकको अनुवाद हो। यसको नेपाली रुपान्तर पनि लेखक आफैंले गर्नु भएको हो। यसरी लेखक आफैंले नेपालीमा रूपान्तर गर्नु भएको हुँदा पुस्तकको यथार्थ धारणा बिग्रन पाएको छैन पनि। यस कुराको बावजूद हामीलाई लाग्दछ यस पुस्तकको आधिकारिक रूप यसको मूल ग्रन्थ याने अंग्रेजी पुस्तक Sotapanna or Flash of Enlightenment: Some Experiences नै हो र पाठकहरूले पनि यस कुरालाई मानी दिनु हुने छ नै।

लेखकले यो पुस्तक आध्यात्मिक साहित्यको विधामा रहेको कमी कमजोरीलाई हटाउने क्रममा केही मात्रामा भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले करीव दुई वर्ष अगाडि तयार पार्नु भएको थियो। यसमा उल्लेखित कतिपय कुरामा हामी सहमत छैनौं ता पनि यो पुस्तक नेपालको वर्तमान आध्यात्मिक साहित्य विधाको लागि अपूर्व योगदान नै हो। यो पुस्तकको प्रकाशनले यस विधामा रहेका कमी कमजोरीहरू हटाउन सीमित मात्रामा भए पनि टेवा पुऱ्याउनुको साथै आत्मकहानी (autobiography) लेखनको क्षेत्रमा पनि एक ठोस आयाम थप्ने छ भन्ने कुरामा हामी विश्वस्त छौं। यसो हुनुको कारण यो पुस्तक आध्यात्मिक कृतिको रूपमा सीमित नरही यसले डाक्टर डंगोलको आध्यात्मिक आत्मकहानी (spiritual autobiography) को रूप लिन पुगेकोले पनि हो। हालै मात्र त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गर्नु भएको डाक्टर डंगोललाई यस कृतिको लागि हार्दिक वधाई। अस्तु।

प्रकाशक

प्राक्कथन

श्री सानु भाइ डंगोलज्यू बहुआयामी लेखक हुनुहुन्छ । उहाँले विभिन्न बिषय वस्तुहरूलाई लिएर धेरै लेखहरू लेख्नु भएको छ । उहाँले लेख्नु भएका लेखहरू र तीन वटा पुस्तकहरू, जसमध्ये एक संयुक्त लेखकत्व-बाट तयार पारिएको हो, लाई नेपालको बौद्धिक समुदायले सराहना गर्न लायक कृतिहरुको रूपमा लिएका छन् । उहाँका लेखहरू राजनीति र दर्शन-देखि लिएर धर्म र ध्यानको अभ्याससम्मका क्षेत्रमा फैलिन पुगेका छन् । वर्तमान पुस्तकमा उहाँले अनन्य रूपले बौद्ध ध्यान र ध्यान अभ्यासको क्रममा प्राप्त अनुभूतिहरूलाई उजागर गर्नु भएको छ ।

यो कृति तयार पार्ने क्रममा उहाँले अन्य विभिन्न विषय वस्तुहरू जस्तैः–

क) बौद्ध सन्तका स्तरहरू,
ख) तान्त्रिक ध्यानका विधिहरू,
ग) नेपालीहरूको चिनजानमा रहेका रहस्यदर्शी, महात्मा र साधुहरू
घ) अपूर्व दीक्षाक्रम र
ङ) आफू राजदरबार सेवामा रहेको बखत सामना गर्नु परेका आपद् र झन्झटहरू

आदिको सन्दर्भमा पर्याप्त मात्रामा प्रकाश पार्नु भएको छ । यी यस्ता क्षेत्रहरू हुन् जसले पुस्तकलाई थप ऊर्जा (impetus) प्रदान गरी पुस्तकलाई रोमान्चकारी र साहसिक कथाको रूप दिएको छ । यस पुस्तकमा लेखकले आफू बौद्ध सन्त परम्पराको पहिलो स्तरमा या भनौं **सोतापन्नको** स्थितिमा पुगेको दावा गर्नु भएको छ । यो त्यस्तो अवस्था हो जब कुनै पनि आध्यात्मिक साधकले जीवनमा पहिलो पटक **निर्वाणको** झलक प्राप्त गरेर **लोकोत्तर** अवस्थामा पदार्पण गर्दछ ।

पुस्तकमा मित्र डंगोलज्यूले ध्यानको अभ्यासमा संलग्न आफ्नो जीवन र यस सम्वन्धमा प्राप्त अनुभवहरूलाई ज्यादै अपूर्व र उत्कृष्ट तरीकाले सर्वेक्षण गर्नु भएको छ । ध्यान सम्बन्धमा आफू पदार्पण गरेको मार्गलाई स्पष्ट पार्ने उद्देश्यले उहाँले यसमा बौद्ध ध्यान पद्धति, यसका विशेषता र फलहरूवारे पनि एउटा लामो परिचय थप्नु भएको छ । यो पुस्तक पाठक-हरूलाई मनगढन्ते कहानी (fiction) पढे जस्तो लाग्न सक्तछ तर वास्तविकता यस्तो होइन । यो मनगढन्ते कहानी नभई जीवन्त अनुभूति-हरूको संगालो हो । यसैले पनि यस पुस्तकको सम्वन्धमा केही कुरा लेख्न पाउँदा हामीलाई गर्व लाग्दछ । यस्ता पुस्तकको अध्ययनले सच्चा (earnest) आध्यात्मिक साधकहरूलाई ध्यानको मार्ग सम्बन्धमा ठीक बाटो पहिल्याउनमा पनि मद्दत गर्नेछ । प्राक्कथन लेख्नु अगाडि हामीलाई उहाँको दावा या भनौं बौद्ध सन्त परम्पराको पहिलो स्तर हासिल गरें भन्ने कुरामा शंका लाग्यो । हामीमा यसरी शंका देखा पर्नु पनि स्वाभाविकै थियो किनको हामीले कतैबाट उहाँले **नेपालको राजनीतिमा दरवार** (The Palace in Nepalese Politics) विषयमा शोधपत्र तयार पारी नेपालको राजदरवारलाई बदनाम गर्ने प्रयास गरेको भन्ने कुरा सुनेका थियौं । अतः हामीले अप्रत्यक्ष तवरले त्रिभुवन विश्वविद्यालय र नेपालको राजदरवारमा हलचल (sensation) सिर्जना गर्ने उहाँको शोधपत्रबारे प्रश्न उठायौं पनि ।

हाम्रो **प्रश्न** थियोः– "२०५३ साल वैशाख ९ गतेको **छलफल साप्ताहिक**, २०५३ साल वैशाख ८ गतेको **भूईंचालो साप्ताहिक यादव आवाज**का अनुसार तपाईंले करीव १८ महीना अघि **नेपालको राजनीतिमा दरवार** विषयमा शोधपत्र तयार गरिसकेको जानकारी पायौं । तपाईं जस्ता **सोतापन्न** वा बौद्ध सन्त परम्पराको प्रथम स्तरमा पुगेको व्यक्तिले दरवारलाई बदनाम गराउने यस प्रकारको शोधपत्र तयार पार्ने काम गर्नु उचित होला र ? यसो होइन भने विश्वविद्यालयका शिक्षकहरू, विशेष गरेर डा. त्रिभुवन नाथ जायसवालले, तपाईंले विद्यावारिधिको लागि तयार पार्नु भएको शोधकृति सम्बन्धमा किन त्यस्तो हल्ला उठाएको त ?" हाम्रो **प्रश्न**को सन्दर्भमा उहाँको जवाफ अलि अनौठो (somewhat starting) लागेकोले प्यारा पाठकहरूको जानकारीको लागि प्रस्तुत गर्दछौं पनिः–

"बौद्ध धर्मको एक महत्वपूर्ण ग्रन्थ **धम्मपद**मा मैंले कुनै बखत एउटा

रमाइलो सूत्र पढेको थिएँ । मैंले थाहा पाए अनुसार यस सूत्रको भनाई हो यदि कुनै मानिसले हामीलाई आफ्नो दोष देखाई दिन्छ भने त्यस्ता मानिसलाई गाडेको धन देखाई दिने मित्रलाई जस्तै व्यवहार गरोस् त्यसताको संगत नछोडोस् । यही उद्देश्यलाई लिएर मैंले शोधपत्र तयार पारेको थिएँ । यदि दरबारिया पदाधिकारीहरू सच्चा हृदयका **(sincere)** भईदिएको भए उहाँहरूले यस्तो शोधपत्रलाई स्वागत गरेर आफ्नो धारणालाई परिवर्तन ल्याउँथे होला पनि । तर उहाँहरूले यो शोधपत्रहरूलाई बदनाम तुल्याउन गरिएको प्रयास सम्झनु भयो र त्यसैले गर्दा यस प्रकार होहल्ला चलेको हो ।''

हाम्रो अर्को **प्रश्न** थियो:– शोधपत्रको कारण तपाईंलाई यसरी दोष दिने काम गरेको कुरा तपाईंलाई थाहै रहेछ । के हामी तपाईंलाई यसरी दोष दिनु हुँदैनथ्यो भन्ने सम्झौं त ?'' यस सम्बन्धमा उहाँको **जवाफ** थियो:– ''मलाई यस्ता फाल्तु कुराहरू प्रति ध्यान दिने समय छैन । सायद तपाईंहरूलाई बुद्धले कुनै बेला यसरी (वाहियात तरीकाले) दोष दिने परम्परालाई लिएर अतुललाई बोल्नु भएको कुरा थाहै होला । यदि थाहा पाएको भए यस्ता (बुद्धू) प्रश्नहरू सोध्नु हुने थिएन पनि । यस सम्बन्धमा बुद्धले बोल्नु भएका शब्दहरू यस प्रकार छन्:– ''हे अतुल, यो अहिलेको मात्र होइन, प्राचीन समयदेखि चलिआएको कुरा हो यो संसारमा नबोल्नेलाई पनि, धेरै बोल्नेलाई पनि र मितभाषीलाई पनि निन्दा नै गरिन्छ । यो लोकमा निन्दारहित व्यक्ति कोही पनि छैन ।'' उहाँबाट यस प्रकारको जवाफ पाएर हामी छक्क भयौं । तसर्थ जिज्ञासावश हामीले उहाँलाई पुनः **प्रश्न** गऱ्यौं:– ''यस्तो कार्य गर्नाले तपाईंलाई अध्यात्मको बाटोबाट विचलित भएको जस्तो लाग्दैन त ?'' यस सम्बन्धमा उहाँको **जवाफ** थियो:– ''कुनै बखत राजा बिम्बिसारका छोरा अभय राजकुमारबाट बुद्धले यस्तै प्रश्नको सामना गर्नु परेको थियो । बुद्धले सामना गर्नु परेको प्रश्न थियो– ''बुद्धत्व प्राप्त गरेको कुनै पुरुषले यदाकदा अरूको बारेमा निन्दा चर्चा गरेर हिंड्दछ वा हिंड्दैन ?'' यस सम्बन्धमा बुद्धको **जवाफ** थियो:– ''यो प्रश्नको जवाफ हाँ या ना भनी एकै शब्दमा दिन सकिंदैन ।'' जसै अभय राजकुमारले यसको कारण सोध्नु भयो, त्यसबेला बुद्धले अभय राजकुमारको बच्चा आफ्नो काखमा लिनु भई **प्रतिप्रश्न** गर्नु भयो:– ''अनुमान गरौं, यो बच्चाले कुनै चारकुने फलामे वस्तु निल्यो, अनुमान गरौं त्यो

फलाम घाँटीमा अड्क्यो, त्यस्तो अवसरमा तपाईं के कदम चाल्नु हुन्छ ?'' **अभय** राजकुमारको **जवाफ** थियो ''मैंले उठाउने कदम फलामे वस्तु बच्चाको **मुखबाट** निकाल्नु हुनेछ। यदि यो सजिलै निक्लेन भने बच्चाको घाँटीमा घाउ हुने गरेर पनि निकाल्नेछु किनकि बच्चाको कल्याण नै यसमा छ।'' अभय राजकुमारबाट यस्तो जवाफ पाएपछि बुद्धले ''बुद्धत्व प्राप्त गरिसकेका व्यक्तिहरूबाट त्यस्तै सूत्र (formula) लागू गरिन्छ'' भनी जवाफ दिनु भयो।

उहाँले पुन: भन्नु भयो:– ''**सोतापन्न** प्राप्त गरेको आध्यात्मिक साधकले पहिलो पटक निर्वाणको झलक पाएको हुन सक्छ, उसलाई आफू लाग्नु पर्ने बाटोबारे स्पष्ट ज्ञान भएको हुन सक्छ र बाटो बिराउँदैन पनि। उसले बौद्ध धर्मग्रन्थहरूले देशना गरे जस्तै दश संयोजनहरू मध्ये तीन संयोजनहरू– **विचिकित्सा** (doubt), **शीलव्रत परामर्श** अर्थात् धर्मको नाममा अपनाइने अनावश्यक कर्मकाण्ड र **सत्काय दृष्टि** (शरीर र मनलाई आत्मा वा आफू भनी मान्ने प्रवृत्ति)– हटाइसकेको हुन्छ। यी तीन यस्ता संयोजनहरू हुन् जसले आध्यात्मिक साधकलाई एक पछि अर्को जन्म गरी दु:ख र शोकको संसारमा बाँध्ने काम गर्दछ। यी कुराहरूको विकासको बाबजूद पनि उसमा दश संयोजन मध्ये **कामेच्छा** (sensval desire) **प्रतिघा** (illwill), **चंचलता** (restlessness) जस्ता सात वटा संयोजन भने बाँकी नै रहेको हुन्छ। ममा पनि यी संयोजनहरू बाँकी छैन भन्ने कुरा म भन्न सक्दिनँ। यसैले मैंले बोलेका शब्दहरू ठीक हुन्/होइनन् भनी जाँच्ने अभिभारा तपाईं र अरू पाठकहरूलाई सुम्पेको छु।'' उहाँले पुन: दोहोऱ्याउनु भयो, यस वखत् म हिन्दूहरूको बृहत् महाकाव्य महाभारतका विशिष्ट व्यक्तित्व भीष्मले मृत्यु हुनु अगाडि शर–शैय्यामा पल्टिरहँदा बोल्नु भएका कुराहरू दोहोऱ्याउन चाहन्छु र उहाँले बोलेका कुराहरू हुन् ''पहिले मैंले कौरवहरूबाट कुअन्न खाएको हुँदा चुप रहन बाध्य थिएँ। अहिले म त्यस बन्धनबाट मुक्त भएको छु र सत्य कुरा बोल्न सक्छु।'' दरबारको सेवाबाट मुक्तभएपछि म धेरै हदसम्म स्वतन्त्र छु। तपाईंहरू भीष्मले बोलेका कुराहरू मेरो शोधपत्र सम्बन्धमा पनि लागू गर्न सक्नु हुनेछ।''

हाम्रो **अन्तिम प्रश्न** थियो ''यदि त्रिभुवन विश्वविद्यालयले तपाईंलाई विद्यावारिधिको उपाधि प्रदान गरेन भने तपाईंको प्रतिक्रिया के हुनेछ त ?'' उत्तरमा उहाँले भन्नु भयो ''त्रिभुवन विश्व विद्यालयले, विशेष

गरेर डा. त्रिभुवन नाथ जायसवालले र दरबारिया पदाधिकारीहरूले मेरो शोधपत्रलाई गरम बहस (hot issue) को रूपमा लिई मलाई जुन मान (credit) दिनु भएको छ त्यो नै मेरा लागि ठूलो पुरस्कार हो । यसैले त्यस्तो मान दिने कार्य गर्नु भएकोमा म त्रिभुवन विश्व विद्यालयप्रति ज्यादै अनुगृहित छु । यदि तपाईंहरूलाई चित्त बुझ्दैन भने मैले अंगूर अमिलो छ भनी जवाफ दिएको भनी सम्झिदिनु भए हुन्छ ।'' श्री डंगोलबाट प्राप्त यी जवाफहरूले हामीलाई उहाँमा बौद्ध र अरू धार्मिक ग्रन्थहरू सम्बन्धमा चौतर्फी ज्ञान भएको कुरा महशूस भयो । पुस्तकमा समाविष्ट कतिपय कुराहरूमा हामीहरू सहमत नभए तापनि हामीहरूले उहाँलाई यस प्रकारको कृति तयार पार्नको लागि आधिकारिक व्यक्तित्वको रूपमा लियौं । प्रिय पाठकहरू हो, पुस्तक तपाईंहरूको हातमा छ । लेखक आफूले बोलेका कुराहरू सत्य (true) छ छैन भनी जाँचने अन्तिम अभिभारा अब तपाईंकै हातमा छ । धन्यवाद !

पुरुषोत्तम राज मास्के

तथा

डाक्टर लक्ष्मण शाक्य

अध्याय १

बौद्ध धर्ममा सोतापन्न

पथव्या एकरज्जेन सग्गस्स गमनेन वा ।

सब्बलोकाधिपच्चेन सोतापत्तिफलं वरं ॥

सम्पूर्ण पृथ्वीको राज्य प्राप्ति, स्वर्ग जानु वा
सम्पूर्णलोकको अधिपति हुनुभन्दा उत्तम फल सोतापत्ति हो ।[३]

भगवान् बुद्ध

पुस्तकको उद्देश्य

हाल् त्रिभुवन विश्वविद्यालयमा शिक्षकको रूपमा कार्यरत पशुपति कुमार द्विवेदी मेरा मित्रहरूमध्ये एक हुनुहुन्छ । १९६० को दशक तिर उहाँ नेपाल नेशनल कलेज[१] को इतिहास शिक्षकहरू मध्ये एक हुनुहुन्थ्यो । त्यस बेला मैंले प्रवीणता प्रमाणपत्र तह र स्नातक स्तर त्यसै कलेजबाट सम्पन्न गरेको थिएँ । यही कारणले गर्दा मेरो उहाँसँगको सम्बन्ध शिक्षक र विद्यार्थीको रूपमा रहेको थियो । १९८० को दशकतिर छाउनी स्थित राष्ट्रिय संग्रहालयमा पुन: हाम्रो भेट दुई कार्यालय प्रतिनिधिहरूको रूपमा भयो । त्यस बेला उहाँ राष्ट्रिय संग्रहालयका संग्रहालय प्रमुख हुनुहुन्थ्यो भने म राष्ट्रिय संग्रहालयभित्रको महेन्द्र स्मृति संग्रहालय[२] सुपरिवेक्षण गर्ने नेपालको राजदरवारका एक प्रतिनिधि । त्यस बेलादेखि हाम्रो सम्बन्ध घनिष्ठ मित्रको रूपमा बढ्दै रह्यो ।

एक दिन द्विवेदीज्यूले रेडियो नेपालद्वारा संचालन हुने "हाम्रो संस्कृति" कार्यक्रमको लागि तयार रहन आग्रह गर्नु भयो । उहाँ नेपालका ख्यातिप्राप्त संग्रहालयविद्‌को साथै संस्कृति विशेषज्ञ पनि हुनुहुन्थ्यो । साथै

उहाँले थारु संस्कृतिबारे एक कार्यपत्र पनि तयार पार्नु भएको थियो । अर्को तर्फ म भने यस्ता कार्यक्रमहरूप्रति पूरा अनभिज्ञ थिएँ किनकि मैंले आफ्नो जीवनको अधिकांश हिस्सा टेबुलमा बसेर सम्पन्न गर्ने काममै सीमित राख्नु परेको थियो । यस कुराको बावजूद मैंले आफूलाई कार्यक्रमको लागि तयार राख्न बाध्य भएँ किनकि म मेरा पुराना शिक्षकको कुरालाई पन्छाउने अवस्थामा पनि थिइनँ ।

२०३९ साल असोज २३ गते शनिवार बिहान हामी कार्यक्रमको लागि रेडियो नेपालतर्फ प्रस्थान गऱ्यौं । ''हाम्रो संस्कृति'' कार्यक्रमका संचालक हिरण्य भोजपुरेज्यू हामीलाई सहयोग गर्न पूरा तयारीका साथ बस्नु भएको थियो । द्विवेदीज्यूले रेडियो नेपालबाट संस्कृति विशेषज्ञको रूपमा थारु संस्कृतिबारेको कार्यपत्र प्रस्तुत गर्नु भयो । मैंले केही विषय नपाएर आफूलाई त्यहाँ एक ध्यान विशेषज्ञको रूपमा प्रस्तुत गरें र यसै विषयमा अन्तर्वार्ता (परिशिष्ट नं १ मा हेर्नु होस्) दिने काम गरें । पछि मलाई थाहा हुन आयो कि हिरण्य भोजपुरे र मलाई यस अन्तरर्वार्ताको लागि ज्यादै तारीफ गरिएको (applauded) रहेछ । भोजपुरेज्यूलाई उहाँका तगडा प्रश्नहरूका लागि तारिफ गरिएको थियो भने मलाई ती प्रश्नहरूको जवाफ सटीक तरीकाले दिन सकेकोमा ।

अन्तर्वार्तामा मैंले अकस्मात् म कसरी सोतापत्ति अर्थात् बौद्ध सन्त परम्पराका पहिलो श्रेणीमा पदार्पण गरें भन्ने कुरा प्रकट गर्न पुगेको रहेंछु । मैंले यो कुरा प्रकट गर्नुको कारण थियो सोतापन्न भन्ने शब्द सोत र आपन्न भन्ने दुई शब्दहरूबाट बनेको हो जसको माने श्रोतको आगमन भन्ने बुझिन्थ्यो । मैंले यी शब्दहरू यस कारणले प्रयोग गरेको थिएँ कि ममा, ध्यान स्वत: खुलीसकेको थियो या भनौं ध्यानको श्रोत ममा आफसे आफ प्रवेश गरिसकेको थियो । मैंले यो स्थितिलाई **कुण्डलिनी शक्ति** जागरणको अवधारणासँग पनि तुलना गर्न पुगेको थिएँ । मलाई त्यस बेला मेरो धारणा सत्य वा झूठो के हो भन्ने थाहा थिएन पनि । अहिलेसम्म पनि म यही अवस्थामा रहेको छु किनकि मैंले आजसम्म कुनै यस्तो ध्यान विशेषज्ञ भेट्टाउन सकेको छैन जसले मेरा यी शब्दहरूलाई आफ्नै अनुभवको कसीमा जाँची निर्णय दिने काम गरोस् । यी शब्दहरूको कारण धेरै बिवादहरू उठेकाले मेरा कैयन् मित्रहरू **सोतापत्ति** सम्बन्धित मेरो अनुभवबारे जान्न

जिज्ञासु भएँ। मैले यी मित्रहरूलाई **निब्बाण, सोतापत्ति** जस्ता दुःस्वप्न वा भ्रमहरूको पछि नलाग्न अनुरोध गर्दै पन्छाउन पनि खोजें तर उहाँहरू मेरो कुरा टेर्ने पक्षमा हुनुहुन्नथ्यो। उहाँहरूले दुःस्वप्न वा भ्रमकै कुरा भए पनि मेरा अनुभवहरूबारे जान्ने इच्छा प्रकट गर्नु भयो। यसकारण म मेरा मित्रहरूको जिज्ञासालाई तुष्टि दिनका लागि भए पनि **सोतापत्ति** सम्बन्धित आफ्ना धारणाहरू प्रकट गर्न बाध्य भएको छु। आफ्ना अनुभवहरू प्रकट गर्नु भन्दा अगाडि म बौद्ध ध्यान परम्परा र यसमा संकेत गरिएका चार तहका सन्तहरूबारे केही कुरा उल्लेख गर्न चाहन्छु जुन मैले धेरै समयपछि मात्र बौद्ध ग्रन्थहरूमा अध्ययन गरेको थिएँ।

बौद्ध ध्यान परम्परामा झानको स्थान

ध्यानलाई बौद्ध वाङमयमा **झान** भनिन्छ। सच्चा अर्थमा भन्ने हो भने **झान**लाई ध्यानको विशेष पद्धतिभन्दा यसको फलको रूपमा लिइनु पर्दछ। ध्यानलाई संकेत गर्ने अर्को शब्द प्रीति अथवा सुख हो र यसले अधिक प्रीति वा सुखले भरिपूर्ण मानसिक स्थितिलाई पनि संकेत गर्दछ। **झान**को यही प्रकृतिले गर्दा कहिलेकाहीँ यसलाई समाधि वा ध्यानमा लीन भएको अवस्था (absorption) पनि भनिन्छ।

झान शब्दले जे कुरालाई संकेत गरे पनि यो यस्तो अवस्था हो जसले दूर वा पारीको अवस्थालाई बुझाउँदछ। यो अवस्थामा मानव मन केही निश्चित वस्तुमा गएर लीन भएको हुन्छ। यो समयमा मन उच्छृंखल गतिविधि, जसलाई बिचार भनिन्छ, ढीला हुँदै अवरुद्ध पनि भएको हुन सक्तछ। भगवान् बुद्धले मनको यस अवस्थालाई **झान**को संज्ञा दिनु भएको छ। साथै उहाँले यसलाई चार भागमा विभाजन पनि गर्नु भएको छ। यी बिभाज़नहरू **(१) प्रथम झान, (२) द्वितीय झान, (३) तृतीय झान र (४) चतुर्थ झान** हुन्।

झान सम्बन्धमा बुद्धका बचनहरू यस प्रकार छन्–

"भिक्षुहरू, यहाँ कुनै भिक्षु कामहरूबाट अलग भई, अकुशलहरूबाट अलग भई, सवितर्क सविचार युक्त, विवेकज (ध्यानज) प्रीतिसुख भएको प्रथम झानमा बस्दछ। फेरि वितर्क विचारलाई उपशान्त गरी, अभ्यन्तर सम्प्रासदलाई चित्तमा एकाग्र गरी, वितर्क विचार रहित समाधिज प्रीति सुख भएको द्वितीय झानमा प्रवेश गर्दछ।

फेरि प्रीतिलाई पनि त्यागी, उपेक्षी भई, स्मृतिवान्, ज्ञानवान्भई, शरीरद्वारा सुखानुभव गर्छ– जसलाई आर्यहरू "उपेक्षावान् स्मृतिवान् भई सुखपूर्वक बस्ने" भनी भन्दछन्, त्यस प्रकारको तृतीय ज्ञानमा प्रवेश गरी बस्दछ । फेरि सौमनस्य तथा दौर्मनस्यलाई पहिले नै अन्त गरी, सुख र दुःखलाई त्यागी सुख र दुःख नभएको, स्मृति उपेक्षाले परिशुद्ध भएको चतुर्थ ज्ञानमा प्रवेश गरी बस्दछ ।"४

ध्यानका नकारात्मक तथा सकारात्मक पक्षहरू

झान यस हिसावले ध्यानको फल हो जसलाई एकाग्रता वा समाधि (ध्यान) को निरन्तर प्रयासद्वारा प्राप्त गरिन्छ । एकाग्रताको अभ्यास गर्दा आध्यात्मिक साधकले शुरुमा आफ्नो मनभित्र केही प्रकारका अकुशल विचारहरू उब्जिरहेको पाउन सक्छ । यी अकुशल विचारहरूलाई बौद्ध धर्ममा व्यवधान भनिन्छ । यी व्यवधानहरूले आध्यात्मिक साधनाको बाटोमा अवरोधहरू तेर्स्याउने काम गर्दछ । भगवान् बुद्धले यस्ता व्यवधान-हरूलाई पाँच भागमा विभक्त गरी यिनीहरूलाई **पंच नीवरण** (**five hindrances**) को संज्ञा दिनु भएको छ । भगवान् बुद्धका अनुसार यी पंच नीवरणहरू–

(१) **कामच्छन्द** (**sensual desire**),
(२) **व्यापाद** (**ill will**)
(३) **थीनमिद्ध** (**sloth and torpour,**)
(४) **उदच्चककुच्च** (**restlessness and worry**)
(५) **विचिकिच्छा** (**doubt**) हुन् ।

यी यस्ता व्यवधानहरू हुन् जसलाई आध्यात्मिक साधकले समाधि (एकाग्रता) को प्रथम चरण अथवा बुद्धको शव्दमा भन्ने हो भने **सम्मा समाधि** (**right concentration**) को प्रथम चरणमा सामना गर्नु पर्ने हुन्छ । **सम्मा समाधि**को निरन्तर अभ्यासपछि आध्यात्मिक साधकले आफूमा वितर्क, विचार, प्रीति, सुख जस्ता ध्यानका अंगहरू (meditative factors) मनमा उब्जीरहेको पाउँदछ । शुरुमा यी अंगहरू धमिलो प्रकारका भए तापनि निरन्तर अभ्यास गर्दा आध्यात्मिक साधकहरूले यी तत्वहरू आफूमा गहिरिँदै गएको अनुभव गर्दछ । ध्यानका अंगहरू गहिरिँदै गएपछि आध्यात्मिक साधकको मन आफैं पनि यी ध्यानका अंगहरूमा लीन

हुन्छ र यसरी ऊ **प्रथम ज्ञान**मा प्रवेश गर्दछ। समाधिको क्रममा आध्यात्मिक साधकले ध्यानका अरु अंगहरू पनि अनुभव गर्दछ जसले क्रमशः अरू **ज्ञान**हरू तर्फ डोऱ्याउने गर्दछ। **पंच नीवरण**हरूको विपरीत आध्यात्मिक साधकमा देखा पर्ने ध्यानका यी अंगहरूलाई बौद्ध वाङ्मयमा **ज्ञानांग**? **(meditative factors)** भनिन्छ। बुद्धले यी ध्यानका अंगहरूलाई पनि पाँच भागमा बाँड्नु भएको छ र यी ध्यानका अंगहरू हुन्–

(१) **वितर्क (applied thought)**
(२) **विचार (sustained thought)**
(३) **प्रीति (rapture)**
(४) **सुख (happiness)** र
(५) **एकाग्रता (one-pointedness)**

ध्यानका यी अंगहरू बढ्दै गएपछि आध्यात्मिक साधकमा **पंच नीवरण**हरू क्रमशः बिलाउँदै जान्छन् र उसले आफूलाई उच्च स्तरका **ज्ञान**हरू– द्वितीय, तृतीय र चतुर्थ– मा उठिरहेको पाउँदछ। उच्च स्तरका ज्ञानहरूमा प्रवेश गरेको प्रत्येक अवसरमा उसले आफूमा रहेका खस्रा अंशहरू मेटिँदै गएको पाउँदछ। यी चार **ज्ञान**हरू रूप क्षेत्र (form sphere)सँग सम्बन्धित ध्यान हुन् र यसैले यिनीहरूलाई **रूप ज्ञान (material jhanas)** भनिन्छ। यी चार रूप ज्ञानहरूभन्दा माथि अरु चार **अरूप ज्ञान**हरू **(immaterial jhanas)** पनि छन् जसले अस्तित्वभित्र रहेका चार अन्य रूप नभएका वस्तुहरूलाई अंगाल्ने काम गर्दछन् जुन्–

(१) **आकाशानन्त्ययतन (the base of boundlesss space)**,
(२) **विज्ञानन्त्यायतन (the base of boundless consciousness)**
(३) **अकिंचनन्यायतन (the base of nothingness)** र
(४) **नैवसंज्ञानासंज्ञायतन (the base of neither perception nor nonperception)** हुन्।

यी दुवै प्रकारका ज्ञानहरू– रूप र अरूप– लाई जोडेर सामूहिक रूपमा आठ ज्ञान वा **अस्टसमापत्ति (eight attainments)** पनि भनिएको छ। यी ज्ञानहरूले आध्यात्मिक साधकलाई समथ भावनामा पुऱ्याए तापनि यी लौकिक **(mundane)** प्रकारका **ज्ञान** हुन्। यी ज्ञानहरू चित्तको प्रवृत्तिभित्र अथवा चेतसिक रूपमा सीमित रहन्छन्, आफैं

चित्त भने होइनन् । यी झानहरू पालन गर्नाले **पंच नीवरण**को दमन त हुन्छ तर पूरा तवरले समन बा निःशेष भने हुँदैनन् । यी **नीवरण**हरू सक्रिय देखा नपरे तापनि यिनीहरू झानहरूको अवस्थामा मानसपटलभित्र सुसुप्त वा अप्रकट रूपमा रहेका हुन्छन् । कुनै पनि बेला मौका पायो भने यो जागृत हुन सक्तछ। यिनीहरूलाई निर्मूलै गर्ने हो भने चित्तमा **लोकोत्तर** (**supramundane**) झानको विकास गरिनु पर्दछ । यही कारणले गर्दा बौद्ध धर्मावलम्वीहरू यसलाई प्राथमिक ध्यान–क्रम वा समथा (**serenity**) ध्यानको रूपमा लिने गर्दछन् ।

चार प्रतिप्रदा र दश संयोजनहरू

यस प्रकारका प्रकृतिहरूको बावजूद झानहरू सबै समय **लौकिक** स्तर (**mundane nature**) मा सीमित रहँदैनन् । शुरुमा यसले एक यस्तो पृष्ठभूमि तयार पार्दछ जसमा **लोकोत्तर** अवस्थाको विकास हुन सक्तछ । जब आध्यात्मिक साधकमा **लोकोत्तर** झान उडाउन थाल्दछ त्यस बेला यी **झान**हरूले **लोकोत्तर झान**को रूप लिन्छ र आध्यात्मिक साधकलाई दुःखबाट मुक्त अवस्था वा निर्वाणमा पुऱ्याउँदछ । तर यसको लागि आध्यात्मिक साधकले विचार पुऱ्याउनु पर्ने कुरा **सम्मा संकल्प** (**right intention**) मार्गको अवलम्वन गर्नु, या भनौं, आफैंमा त्याग, उदारता र अहिंसाको विकास गर्नु । जब झानहरूलाई **सम्मा संकल्प** सहित अभ्यास गरिन्छ, त्यस बेला यिनीहरूले **पंच नीवरण**हरूलाई जरैदेखि छाँट्दै लैजान्छ । यस सन्दर्भमा **बिशुद्धिमग्ग**को भनाई छ–

> "पहिलो मार्ग याने सोतापति मार्गले बिचिकित्सा सम्वन्धी निवरणलाई हटाउँदछ । दोश्रो मार्ग याने सकृदागामी मार्गले सबै प्रकारका नीवरणहरूलाई कमजोर पार्दछ तर हटाउने काम गर्दैन । तेश्रो मार्ग याने अनागामी मार्गले कामच्छन्द, व्यापाद र कुक्कुच्चलाई हटाउँदछ । र चौथो याने अर्हत मार्गले भने बाँकी नीवरणहरू थीनमिद्ध र उद्धच्च–लाई पनि हटाउँदछ ।"[५]

अर्हत् स्थितिमा "यी पाँच नीवरणहरूलाई त्यागिन्छ, जरैदेखि काटिन्छ र ताडको रूखको लठ्ठा जस्तो बनाइन्छ, जुन भविष्यमा नउम्रने गरी अस्तित्वहीन भएको हुन्छ ।"[६]

ध्यान अभ्यासको क्रममा आध्यात्मिक साधकले ध्यान दिनु पर्ने

कुरा दश संयोजन (fetters) हुन् जसले उसलाई जीवन र जगत्सँग बाँध्ने काम गर्दछ । बौद्ध ग्रन्थहरूका अनुसार यी दश संयोजन हुन्–

(१) सत्काय दृष्टि (delusion of self)
(२) बिचिकिच्छा (doubt),
(३) शीलव्रतपरामर्श (adherence to wrongful rites)
(४) कामराग (sense desire),
(५) प्रतिघ (ill will),
(६) रूपराग (attachment to the realms of form)
(७) अरूपराग (attachment to the formless realms),
(८) मान (pride),
(९) उद्धच्च (restlessness)
(१०) अविद्या (ignorance) ।

निर्वाणका तहहरू

सोतापन्न भन्ने सन्तको स्तरमा पुगेका आध्यात्मिक साधक केवल पृथक् जन वा सामान्य मानवको रूपमा सीमित रहँदैन । उ आर्य (noble) भइसकेको हुन्छ याने बिशिष्ट स्तरमा पुगिसकेको हुन्छ । सन्त परम्पराको यो स्तरमा पुगेपछि आध्यात्मिक साधकले पहिलो पटक निर्वाणको दर्शन गरेको हुन्छ जसको कारण उसमा, जीवनको बन्धनमा बाँधी राख्ने दश संयोजन (fetters) हरू मध्ये, तीन संयोजनहरू निर्मूल भएको हुन्छ । यी तीन संयोजनहरू हुन्–

(१) सत्काय दृष्टि,
(२) विचिकित्सा र
(३) शीलव्रतपरामर्श ।

सत्काय दृष्टिको बन्धन हटाउने भन्नाले यहाँ आध्यात्मिक साधकले आफूलाई नामरूप (mind and body) सँग तादात्म्य राख्ने काम गर्दैन । बिचिकित्सा हट्नु भन्नुको मतलब आध्यात्मिक साधकमा आफू पदार्पण गरेको बाटो वा आफूले अँगालेको धर्म ठीक छ भन्ने कुरामा आशंका नरहनु हो । यस्तै शीलव्रतपरामर्श निर्मूल हुनु भन्नाले उसले बाह्य आडम्बर वा क्रियाकलापहरूमा धर्मको रूपमा अँगाल्ने काम गर्दैन भन्ने हो ।

बौद्ध धर्मका अनुसार सोतापन्न प्राप्त गरेको आध्यात्मिक साधकले

बढीमा सात पटक पुनर्जन्म लिने काम गर्दछ । यसरी उसले सात पुनर्जन्म लिनु पनि बाँकी सात संयोजनहरू निर्मूल गर्ने सिलसिलामा मात्र हो । यो अवस्थामा उ आफूले पदार्पण गर्ने बाटोमा ठीक छु भन्ने कुरामा पूरा विश्वस्त भइसकेको हुन्छ । निर्वाणको झलक अनुभव गरिसकेको हुँदा उसले दृष्टि बिशुद्धता प्राप्त गर्दै पुनः एक पटक मात्र जन्म लिए पुग्ने बौद्ध सन्त परम्पराको दोश्रो तहमा पुगी **सकृदागामी** बन्दछ । यो स्तरमा पुगेपछि उसले **कामराग** र **प्रतिघ** ज्यादै कमजोर पारिसकेको हुन्छ । बौद्ध ग्रन्थका अनुसार दोश्रो तहको सन्त परम्परामा पुगेको आध्यात्मिक साधकले अनन्त समयदेखि आफूलाई बाँधी राख्ने यी दुई संयोजनहरू पनि निर्मूल नगरे पनि ज्यादै कमजोर पारिसकेको हुन्छ । यस कुराको वावजूद उसमा कामराग र क्रोधको भावना भने बराबर उठ्न सक्तछ ।

बौद्ध सन्त परम्पराको तेश्रो तहमा पुगेपछि मात्र, आध्यात्मिक साधक यी दुई संयोजनहरू पनि निर्मूल गर्न सक्षम हुन्छ । त्यसकारण उ पुनर्जन्म लिनु नपर्ने तहमा पुगी अनागामी भइसकेको हुन्छ । मृत्युपछि उ अनागामी र अर्हत्‌हरूको लागि छुट्याइएको शुद्ध आवासमा प्रवेश गर्दछ । अनागामी सन्तले क्रमशः अगि बढ्दै जब बाँकी पाँच संयोजनहरू— (१) **रूपराग,** (२) **अरूपराग,** (३) **मान,** (४) **उद्धच्च,** (५) **अविज्जा** (अविद्या) निर्मूल पार्दछ, त्यस बेला उ बौद्ध सन्त परम्पराको अन्तिम स्तर या भनौं अर्हत् तहमा पुग्दछ । अर्हत् स्तरमा पुगेको उसले थप **कर्मबिपाक** हुने कामहरू (**karmic activities**) गर्दैन र त्यसैले उ ज्यादै आदरणीय (noble) हुन्छ । **कर्मबिपाक**का बीजहरू क्षय भइसकेको हुँदा उसले फेरि जन्म लिने काम गर्दैन । नियन्त्रण गर्न अति गाह्रो संसार प्रतिको राग र द्वेषबाट विमुक्त अर्हत् स्वर्गका देवी देवताहरू भन्दा धेरै माथि पुगिसकेको हुन्छ । यो समयमा उसले सत्र प्रकारका तृष्णाहरू त्याग गरिसकेको हुन्छ भने उ अज्ञानको बन्धनमा बाँधिएको पनि हुँदैन ।

सोतापन्न र यसका बिशेषताहरू

बौद्ध ध्यान र यसका चार तहका सन्तहरूबारे धेरै कुरा माथि उल्लेख गरिसकियो । अब म बौद्ध सन्त परम्पराको प्रथम स्तर यानै सोतापन्न सम्बन्धमा विशेष रूपले केही कुरा उल्लेख गर्न चाहन्छु ।

सोतापन्न बौद्ध सन्त परम्पराको प्रथम स्तर हो भन्ने कुरा माथि नै

उल्लेख गरिसकियो। यो स्तरमा आध्यात्मिक साधकले पहिलो पटक निर्वाणको दर्शन गर्दछ। आध्यात्मिक साधकले **सकदागामी, अनागामी र अर्हत**का स्तरहरूमा पदार्पण गरेपछि केवल प्रथम स्तरमा प्राप्त गरेको निर्वाणको दर्शन वा झलकलाई गहिरिएर हेर्ने काम गर्दछ। गुन्थरज्यूका भनाई अनुसारः–

> "पहिलो तहको मार्ग जसले श्रोतमा पुऱ्याउँदछ, स्रोतापत्ति (पाली भाषामा सोतापत्ति) हो र यसले व्यक्तिलाई टाढा रहेको निर्वाणको श्रोतमा पुऱ्याउँदछ अथवा निर्वाण दर्शन गराउँदछ। अरु तीन मार्गहरू याने एक पटक मात्र पुनर्जन्म लिने सकृदागामी (पालीमा सकदागामी), जन्म निरोध गर्ने अनागामीन (पालीमा अनागामी) र अर्हन्त (पालीमा अर्हत) ले केवल पहिलो मार्गमा प्राप्त गरेको अनुभव वा कुरालाई गहिरिएर हेर्ने काम मात्र गर्दछ।"[७]

यस प्रकार सोतापन्नले एक यस्तो आध्यात्मिक साधकलाई जनाउँदछ जोः–

"पहिलो पटक निर्वाणको श्रोतमा पदार्पण गर्दछ। उ पृथक् जन या सामान्य मानिस नरहीकन आर्य (उच्च स्तरको) भइसकेको हुन्छ। उसले आफू यो हुँ भन्ने भ्रम (सत्काय दृष्टि), शंका उपशंका (विचिकित्सा) र आडम्बरी धार्मिक क्रियाकलापहरू (शीलव्रतपरामर्श) जस्ता तीन संयोजनहरू नाश गरीसकेको हुन्छ। उसले जीवनसँग सम्बन्धित सबै संयोजनहरू निर्मूल नगरेको हुँदा बढीमा सात पटक पुनर्जन्म लिने काम गर्दछ। पछिल्ला जन्महरूमा उसलाई म सोतापत्ति हुँ भन्ने बारे ज्ञान हुन वा नहुन पनि सक्तछ। तथापि उसमा यस्ता सन्तमा हुनु पर्ने विशेषताहरू भने रहेकै हुन्छ। साथै उ दुःखको अवस्थाबाट मुक्त भइसकेको हुन्छ किनकी उ निर्वाणकै लागि जन्मेको हुन्छ।"[८]

यो अवस्थामा आध्यात्मिक साधकले निर्वाणको झलक टाढाबाटै प्राप्त गरीसकेको हुँदा नयाँ जाँगरलाई बटुलेर चाँडो मार्गमा अगि बढ्ने काम गर्दछ। उसले विपश्यना भावनालाई पूरा गर्दै अरु दुई संयोजनहरू– काम–राग र प्रतिध– लाई घटाउँदै लगेर सकदागामी बन्दछ। अभिधम्ममा तीन प्रकारका सोतापन्नहरूबारे उल्लेख भएको पाइन्छ, जस अनुसारः–

(१) बढीमा सात जन्म स्वर्ग वा पृथ्वी लोकमा जन्म लिई आठौं

जन्ममा अर्हतत्व प्राप्त गर्ने (सत्तखातुपरम),

(२) उच्च परिवारमा दुइ वा तीन पटक जन्म लिई अर्हतत्व प्राप्त गर्ने (कोलमकोला),

(३) अर्हतत्व प्राप्त गर्न पुनः एक पटक जन्मलिने (एकबीजी) ।"[९]

सोतापन्नमा पुगेका आध्यात्मिक साधकले निर्मूल पार्ने तीन **संयोजन**-हरू देहाय बमोजिम उल्लेख गर्न सकिन्छ

क) **सत्काय दृष्टि:**– सत् कायको शाब्दिक अर्थ दृष्टि हो जो समूहगत रूपमा रहेको हुन्छ । यहाँ काय शब्दले रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान सहितको पंच स्कन्ध सम्बन्धित संयुक्त तत्वलाई बुझाउँदछ जसलाई अर्को शब्दमा नाम रूप (मन र शरीर) भनिन्छ । यी नाम-रूप रुपी पंच स्कन्धको संयुक्त तत्वलाई कहिल्यै नबदलिने तत्व वा स्थायी आत्माको रूपमा मान्ने दृष्टिलाई नै सत्काय दृष्टि भनिन्छ । **धम्मसंगनीले** आत्मा सम्बन्धित चौबीस प्रकारका यस्ता सिद्धान्तहरूलाई उल्लेख गरेको छ । वास्तवमा आत्म–बिभ्रम, व्यक्तित्वको सिद्धान्त वा व्यक्तिवादको भ्रम नै सत्काय दृष्टि हो ।

ख) **विचिकित्सा:**– बिचिकित्सा भनेको (१) बुद्ध, (२) धर्म, (३) संघ, (४) शिक्षापद वा विनय, (५) विगत, (६) भविष्य, (७) बिगत र भविष्य, र (८) प्रतीत्यसमुत्पाद प्रतिको आशंका हो ।

ग) **शीलव्रतपरामर्श:** - धर्मको नाममा (वाहियात) क्रियाकलापमा संलग्न हुनु शीलव्रतपरामर्श हो ।

धम्मसंगनीले यसबारे यस प्रकार व्याख्या गरेकाछन्:– विशुद्धता मानसिक आचरणका नियमहरू वा चर्याद्वारा वा मानसिक आचारका नियमहरू र चर्याद्वारा प्राप्त हुन्छ भन्ने बौद्ध धर्म नमान्ने साधु र ब्राह्मणहरूले अवलम्बन गरेका धारणाहरू नै शीलव्रतपरामर्श हो ।"[१०]

सोतापत्तिले अनुभव गर्ने निर्वाणको झलक सम्बन्धमा डाक्टर पाल ढाल्के यस प्रकार लेख्नु हुन्छ–

> "रात्रिमा बिजुली चम्केका बखत आफू वरीपरीको प्राकृतिक दृष्यावली झलक्क देखेका यात्रीको चम्कीला आँखाहरू सामु देखेको दृष्यावली पछिसम्म तैरीरहे झैं साधनामा लागेको व्यक्तिले विपश्यनाको ज्योतिद्वारा स्पष्ट अनुभव गरेको निर्वाण उसको मनबाट कहिल्यै पनि मेटिँदैन ।"[११]

सन्दर्भ सूची

1. Narada Thera **The Dhammapada**, (Colombo: B.M.S. Publication, 1978), p. 161

२) नेपाल नेशनल कलेजलाई हाल शंकर देव क्याम्पस नामकरण गरिएको छ ।

३) महेन्द्र स्मृति संग्रहालयलाई छाउनी स्थित राष्ट्रिय संग्रहालयबाट हाल हनूमान् ढोका दरबारमा सारिएको छ ।

4. Henapola Gunaratna, **The Path of Serenity and Insight**, (Delhi: Motilal Banarasidas, 1985), p.4

5. **Ibid, p.46**

6. **Ibid p 46**

7. Herbrt V. Guenther, **Philosophy and Psychology in the Abhidharma**, (Delhi: Motilal and Banarasidas Publishers, 1991), p. 196

8. Narda Maha Thera, **A Manual of Abhidhamma**, (Colombo: Yayasan Dhammadipa- Arama, 1979), p.68

9. **Ibid p. 425**

10. **Ibid** pp. 430-441

11. **Ibid** p. 429

अध्याय २

ध्यानको अभ्यास र दरबारिया वातावरण

तान्त्रिक ध्यानको अभ्यास

अहिले म मेरा प्यारा पाठकहरूलाई आफूले ध्यानको नाममा अवलम्बन गरेका साधनाहरूबारे केही कुरा जानकारी दिन चाहन्छु । साथै यस अवसरमा म आफूले ध्यान अभ्यासको क्रममा हासिल गरेका अनुभवहरू-लाई पनि बिस्तृत रुपमा उल्लेख गर्न चाहन्छु । यस सिलसिलामा मैले स्पष्ट गर्न चाहेको कुरा के हो भने शुरुमा मैले ध्यानको मार्गलाई सच्चा आध्यात्मिक साधकको रूपमा अवलम्बन गरेको थिइनँ । म ज्यादै साधारण परिवारमा जन्मेको थिएं जहाँ परिवारका सबैजसो सदस्यहरू कुपोषणका शिकार भइरहेका थिए । परिवारका सदस्यहरूलाई गाँस, बास, कपास जस्ता जीवनको आधारभूत आवश्यकताहरू जुटाउनको लागि पनि हामीलाई संवर्ष झेल्नु पर्दथ्यो । शिक्षा र औषधोपचार भनेको परिवारको लागि बिलासिताका साधन बनेका थिए । यस परिवारको लागि जीवनको वास्तविक कठिनाईदेखि भाग्ने उपाय नै धर्मको नाममा देवी देवताको पूजा गर्नु र भाग्य भरोसी बन्नु रहेको थियो । म पनि यही परम्पराको शिकार भएको थिएँ र यसैले मैले किशोरावस्थादेखि नै ध्यानको अभ्यास शुरु गरें ।

शुरुमा मैले परम्परादेखि चलिआएको हिन्दू पूजा पद्धतिलाई अँगालेर ध्यानको क्रम शुरु गरें । ध्यान अभ्यासको क्रममा मैले भगवान कृष्णलाई आफ्नो आराध्य देवको रुपमा अँगालेर तोकिएको विधि विधानहरू पालन गर्दै उहाँको ध्यान गर्न लागें । यसको लागि मैले यम, नियम, प्राणायाम आदि जस्ता शारीरिक र मानसिक नियमहरू पनि पालना गरेको थिएँ ।

शुरुमा भगवान् कृष्णको मूर्तिलाई टेवलमाथि राखेर पंचोपचार र षोडशोपचार **(five and sixteen acts)** विधिले अर्थात् जल, पुष्प, धूप, फल, मिठाई आदि चढाउँदै तान्त्रिक ध्यानक्रमबाट पूजा गरें। यस सन्दर्भमा मैंले करन्नास हृदय न्यास (हात र हृदयको माध्यमबाट आफ्ना शरीरका विभिन्न हिस्साहरूलाई विभिन्न देवी देवताहरूसँग तादात्म्य राख्ने काम) गर्दै कृष्ण सम्बन्धित निम्नलिखित श्लोकको वाचना गर्थें।

वंशीविभूषितकरान्नवनीरदाभात् पीताम्वरादरुणबिम्बफलाधरोष्ठात्।
पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्, कृष्णात्परं किमपि तत्वमहं नजाने।।

"हामी भगवान् कृष्ण बाहेक अरु देवी देवतालाई जान्दैनौं जसले पहेंलो वस्त्र पहिरी हातमा बाँसुरी लिनु भएको छ र जसको अनुहार पूर्णिमाको चन्द्रमा जस्तो सुन्दर छ भने आँखा कमलको फूल जस्ता राम्रा छन्।"[१]

यो श्लोकलाई बाचन गरी सकेपछि मैंले भगवान् कृष्णको मूर्ति अनि उहाँका गुण वर्ण, आभूशण, रूप आदिलाई एक एक गरेर आफ्नो मानसपटलमा उतार्न खोजें। त्यसबेला मैंले जप्ने मन्त्र या भनौं मैंले मनमा राखेको धारणा दासोऽहं अर्थात् "म तेरो दास हुँ" भन्ने थियो। तान्त्रिक ध्यान विधि अनुसार मैंले पालन गरेको यो ध्यान विधि **पशुभाव (brutal way)** को ध्यानक्रम थियो। यो कुरा मैंले पछि आएर मात्र जानकारी पाएको थिएँ।

आफूद्वारा भएका सच्चा प्रयासहरूको बावजूद मैंले शुरुमा ध्यान अभ्यासको क्रममा सफलता पाउन सकिनँ। मेरो मनमा चन्चलता, चिन्ता शंका र सुस्ती आदि बराबर उर्लिरहे। यी कारणहरूले गर्दा मैंले भगवान् कृष्णको मूर्ति र उहाँका गुणहरूमा राम्ररी चित्त धारण गर्न सकिनँ। यस्ता व्यवधानहरूका बावजूद पनि मबाट प्रयासहरू जारी नै रहे। निरन्तरताको प्रयासपछि मेरो चित्त एकाग्र हुँदै गयो। ध्यानको अवसरमा चित्त क्रमश: शान्त हुँदै गयो र मैंले धेरै हदमा भगवान् कृष्णको मूर्ति र उहाँको गुणहरूमा आफ्नो ध्यान केन्द्रित गर्न सकें। चन्चलता, शंका, चिन्ता आदि पनि दिन प्रति दिन विलाउँदै गए। कुनै कुनै बखत मैंले आफूलाई **समाधि (trance)** मा लीन भएको पनि पाएँ। सपनामा मैंले बराबर भगवान् कृष्णलाई देख्न थालें र कहिलेकाहीं भगवान् कृष्ण आफैं मेरो सामु उपस्थित

भएर केही कुराहरू बोलेको जस्तो पनि मलाई आभास भयो। शंकालु प्रवृत्तिको मानिस भएको कारण मैंले यसलाई भगवान् कृष्ण प्रकट भएको भनी मान्न सकिनँ। मैंले यसलाई केवल मानसिक भ्रमको रूपमा लिंदै गरें।

वीर भावको ध्यानक्रममा पदार्पण

मबाट ध्यानको क्रम अझ जारी हुँदै रह्यो। ध्यानको अभ्यासमा विशेष जोड् दिएका कारण मैंले आफूलाई बिर्सँदै गएँ र भगवान् कृष्ण-लाई मात्र सम्झन थालें। यस अवधिमा मैंले भगवान् कृष्णलाई केवल आफ्नो आराध्यदेवको रूपमा पाइनँ। बरु मैंले आफैंलाई भगवान् कृष्णसँग तादात्म्य राख्ने काम गरेको थिएँ। मलाई अकसर समाधि वा आनन्दले छोप्दै गएको अनुभव भयो। कुनै कुनै बखत मलाई आफूले भगवान् कृष्णको रूप धारण गरिरहे जस्तो लाग्यो। यस प्रकार म आफूलाई **वीर भाव (heroic stage)** को तान्त्रिक ध्यानक्रममा पदार्पण गर्न सफल भएको रहेंछु। यस बेला मैंले ग्रहण गरेको भाव **कृष्णोऽहं** (म आफैं कृष्ण हुँ) भन्ने थियो।

यो स्तरमा पदार्पण गरेपछि ममा उच्चताभासको भावना जागृत हुँदै गयो। हीनताभासको भावना पनि क्रमशः विलाउँदै गयो। ध्यानको क्रममा प्राप्त गरेको यो अवस्थाको कारण म बढी महत्वाकांक्षी पनि भएँ। बिना कुनै बाधा अवरोध प्रवेशिका, प्रवीणता प्रमाणपत्र तह, स्नातक र स्नातकोत्तर[१] पूरा गरी सकेको कारण पनि मेरो महत्वाकांक्षा धेरै बढेको थियो।

यस प्रकारका सफलताहरू बाद पनि मैंले आफूमा पौराणिक नायक भगवान् कृष्णमा जस्तो साहस, जोश र जाँगर भरिएको पाइनँ। साथै आफ्नो शुरुको जीवनमा निजामती मध्यमा (कानून र श्रेस्ता सम्बन्धी प्राथमिक ज्ञान)[२] पास गरी सानो कारिन्दाको पदमा खाएको जागिरबाट म उठ्न सकेको थिइनँ। घरको आर्थिक स्थिति पनि यथावतै थियो। यी कारणहरूले गर्दा म साबिकमा जस्तै शंकालु प्रवृत्तिकै रहें र ध्यानको विकास क्रमलाई कुनै महत्त्व दिइनँ पनि। साथै आफ्नो मनमा बराबर उठ्ने गरेका कामुक भावना, संताप र घृणाका भावनाहरूले ध्यान क्रममा धेरै व्यवधानहरू पनि तेर्स्याएका थिए। तर मैंले यसलाई केवल किशोरा-

वस्थावाट वयस्क हुंदै गएपछि देखा पर्ने लक्षणको रूपमा लिएँ । यसो हुनुको कारण मैले शिक्षा क्षेत्रमा पाएका सफलताहरू बाद पनि आफूलाई माथिल्लो पदमा उकालन नसक्नु रहेको थियो ।

सहायक सचिवमा पदोन्नति

जीवनमा देखा परेका यी असफलताहरूले गर्दा आफ्नो आध्यात्मिक र भौतिक दुवै क्षेत्र बिग्रँदै गए । मेरा मुमा र बुबा पनि कुपोषणको शिकार र मानसिक तनावको कारण चाँडो निधन हुनु भयो । उहाँहरूको निधनपछि हाम्रो परिवारलाई जीवन धान्नको लागि पनि मुश्किल पर्‍यो । यसैले बाध्य भएर काठमाडौं जिल्लाको टेंगल (न्ह्योखा) टोलमा रहेको दुइवटा घरहरू बेच्न हामी बाध्य भयौं ।[४] यसले गर्दा ममा दरवारप्रति नै घृणाको भाव जागरण हुन थाल्यो । मैले बाह्य क्षेत्रमा राम्रो स्थान पाउनको लागि राजदरवारको नोकरी छोड्ने प्रयास गरें पनि । शाखा अधिकृत पदको लागि लोक सेवा आयोगको परीक्षामा सम्मिलित हुन पनि खोजें । साथै लम्जुंग इन्टर कलेजले पनि मलाई विशेष आर्थिक सुविधा सहित उप प्राध्यापक पदमा सेवा अर्पन अनुरोध गरेको थियो । तर मलाई आफ्नो नोकरी छोड्न सुविधा प्रदान गरिएन किनकि मलाई प्रवीणता प्रमाणपत्र तह, स्नातक र स्नातकोत्तरको विद्यार्थीको रूपमा पढाई चालू राख्न दरवार-बाट नाम मात्रको भए पनि रकम प्रदान गरिएको थियो ।[५]

आफूले असुविधाजनक वातावरण झेल्नु परेको कारण ममा नेपाली जीवन प्रतिको धारणा नै बदलिन पुग्यो । मैले लेखहरू लेखर नैराश्यताका भावनाहरू पोख्न थालें । क्रमशः राजदरवार र पशुपति छापाखानाबाट प्रकाशित हुने **रमझम र प्रतिध्वनि**[६] पत्रिकाहरूले यस काममा धेरै सहयोग पुर्‍याए । जानेर होस् वा नजानेर यी लेखहरूको माध्यमबाट मैले पहिले देखि चलिआएको नेपालको राजनीति, संस्कृति, परम्परा, धर्म अदि क्षेत्रलाई धक्का दिने काम गरें । मेरा लेखहरूले गर्दा स्वर्गवासी राजा महेन्द्रबाट नयाँ पुस्ताका व्यक्तिहरूमा फैलिरहेको मनोभाव बुझिबक्स्यो । मौसूफबाट गुण र कार्यदक्षता लत्याएर वंशपरम्परा र चाकडीमा जोड् दिई अघि वढ्ने पुराना कर्मचारीहरूमा भर परेर नयाँ परिस्थितिको सामना गर्ने सकिन्न भन्ने कुरा महशूस गरिबक्स्यो । यसले गर्दा मौसूफबाट सुधारका धेरै नयाँ कुराहरू राजदरवार सेवा नियमावलीमा अपनाई वक्स्यो । नगेन्द्र प्रसाद

श्रेष्ठज्यू जस्ता नयाँबुद्धिजीवीहरू राजदरवार सचिवालयमा भर्ना गरिए। शिक्षा र अरू क्षेत्रमा दक्षता हासिल गरेका नयाँ पुस्तालाई माथिल्लो पदहरूमा उठ्ने मौका प्रदान गरियो। यसै वातावरणलाई उपयोग गर्दै मैले **रमझम** पत्रिकामा क्रमिक रूपमा अंग्रेजी लेखहरू लेखें र साथै अर्को साथी संगको संयुक्त प्रयासमा नेपाली व्यवस्थाका महत्वपूर्ण पक्षहरू झल्कने **Highlight of the Nepalese System** (नेपाली व्यवस्थाका प्रमुख विशेषताहरू) नामक पुस्तक पनि प्रकाशित गरें।[७] यसले गर्दा दरवार-वाहिर म धेरै लोकप्रिय भएको थिएँ। सानो पदको (कारिन्दा स्तरको) कर्मचारी भईकन पनि मलाई बाहिर (दरवार बाहिरका) राजदूतावासहरूले आयोजना गरेका स्वागत समारोहहरूमा निमन्त्रणा पठाउन थाले। यसै सिलसिलामा मैले राजा महेन्द्रको निमन्त्रणामा नेपालको औपचारिक भ्रमणमा पाल्नु भएका संघीय गणतन्त्र जर्मनीका राष्ट्रपति तथा **श्रीमती हेनरिक लुब्केले** पठाउनु भएको स्वागत समारोहको निमन्त्रणा (परिशिष्ट २ र ६ मा हेर्न अनुरोध) प्राप्त गर्ने संयुक्त राज्य अमेरिका स्थित नेशनल जियोग्राफिक सोसाइतद्वारा संम्मानार्थ सदस्य चुनिने समेत सौभाग्य पाएँ। यो निमन्त्रणा पाएको बखत म केवल नायब सुव्वा स्तरको कर्मचारी मात्र थिएँ। मेरो लोकप्रियताले गर्दा म दरवारिया सचिवालयमा क्रमश: टाइपिष्ट, खरिदार र नायव सुव्वा हुँदै सहायक सचिवमा उठ्न पुगें। तर यसरी सहायक सचिवमा पदोन्नति गरिनु अगाडि मलाई राजा महेन्द्रबाट केही भाषण र सन्देशहरू मस्यौदा गर्ने अवसर प्रदान गरियो जुन अवसरहरूलाई मैले सफलतापूर्वक सम्पन्न गरेको थिएँ। मैले मस्यौदा गरेको पहिलो भाषण राजा महेन्द्रले नेपाल प्राध्यापक संघको पहिलो सम्मेलनमा बक्सेको थियो भने अन्तिम भाषण विराटनगरमा आयोजना भएको साहित्यिक सेमिनारमा वक्सेको थियो। मबाट सम्पन्न हुन सकेका अरु कार्यहरू राजा महेन्द्रलाई राजनीतिक र साहित्यिक मामिलामा सल्लाह प्रदान गर्नु थियो। मेरा सल्लाहहरूलाई राजा महेन्द्रबाट धेरै कदर गरिवक्सेको थियो। यस सन्दर्भमा केही उदाहरणको तल उल्लेख गर्न सकिन्छ।

क) एक दिन राजा महेन्द्रको अन्तर्वार्ता काठमाडौंको कुनै साहित्यिक पत्रिकामा प्रकाशित भयो। यसका अन्तर्वार्ताकार उत्तम कुँवर हुनुहुन्थ्यो।[८] यस लिखित अन्तर्वार्तामा मैले दिएको सुझाव अनुसार राजावाट केही कुरा संशोधन गरिवक्सेको थियो।

ख) २०२४ साल असोज २२ गतेको दिन काठमाडौंका पत्रिकाहरूमा एउटा सन्देश प्रकाशित भएको थियो। राजा महेन्द्रबाट यो सन्देशलाई गाउँ फर्क राष्ट्रिय अभियान लागू गरिबक्सनु अगाडि राष्ट्रिय पंचायतमा पठाइबक्सेको थियो। यो सन्देश प्रमुख सचिवालय मार्फत प्रसारित भए तापनि यसलाई अन्तिम रूप दिने काम मैंले गरेको थिएँ। जसै मैंले गाउँ फर्क भन्ने शव्दहरूलाई Go to the Village भनी अनुवाद गरिएको पाएँ, मलाई यो अनुवाद ठीक लागेन। (मेरो विचारमा गाउँ फर्कको अनुवाद Go to the Village को सट्टा Back to the Village हुनु पर्दछ भन्ने थियो) यसले मैंले यसको विरोधमा यो अशुद्ध अनुवाद भयो भनी आवाज उठाएँ पनि। आफू अंग्रेजी भाषाको विशेषज्ञ नभएर तापनि मेरो मुखवाट अनायास यस प्रकारको आवाज उठ्न पुगेको थियो। राजा महेन्द्रबाट यसलाई गम्भीरतापूर्वक लिइबक्सेर सम्वाद सचिव रेणुलाल सिंहज्यूलाई यसवारे स्पष्टीकरण दिन हुकूम बक्सेको रहेछ। रेणुलाल सिंहज्यूले यस सिलसिलामा मलाई आफ्नो कार्यालयमा बोलाउनु भयो र यस प्रकार स्पष्टीकरण दिनु भयो।

''डंगोलजी, यस प्रकार अनुवाद मिलेन भनी किन कपाल दुखाउँदै गरेको? के तिमी आफूलाई मात्र अंग्रेजीको आधिकारिक व्यक्ति सम्झन्छौ र? सचिव ईश्वरीमान श्रेष्ठज्यू र मैंले Go to the Village[६] शव्द प्रयोग गर्ने सिलसिलामा आपसी सरसल्लाह गरेका थियौं। यसरी गाउँ फर्कलाई अंग्रेजीमा अनुवाद गर्दा हामी Turn to Village, Return to Village, Back to Village आदि शव्दहरूबारे पनि बिचार गरेका थियौं। हामीले Turn to Village शव्दहरूलाई रुचाएनौं किनकि यसले केन्द्रमा बसेर गाउँलाई हेर भनेको कुरालाई बढी संकेत गर्दथ्यो। यस्तै हामीले Return to Village अथवा Back to Village शव्दहरूलाई पनि स्थान दिएनौं किनकि यी शव्दहरूले क्रमश: गाउँका वासिन्दाहरू केन्द्र (राजधानी) मा वस्न हुँदैन अथवा हामीले गाउँले भएर जीवन बिताउनु पर्दछ भन्ने धारणाहरू प्रकट गर्ने डर थियो। यी सब कुराहरूलाई विचार गरेर नै हामीले यी शव्दहरूलाई सवभन्दा बढी उपयुक्त ठान्यौं।''

अनुकूल वातावरण

सहायक सचिवमा पदोन्नति भएपछि मलाई आर्थिक बोझमा केही हदमा त्राण मिल्यो । जीवन पहिले जस्तो बोझिलो भएन । मैंले राजा महेन्द्रको पनि विश्वास जितिसकेको थिएँ । यो भन्दा अगाडि पनि म एक यस्तो दरबारिया कर्मचारी भइसकेको थिएँ । जसलाई राजा महेन्द्रबाट प्राज्ञिक कुरामा परोक्ष तरीकाले सल्लाह लिइबक्सन्थ्यो । अहिले त म झन् पदोन्नति पनि भइसकेको थिएँ । साथै मुमा बुबाले स्वर्गवास हुनु अगाडि सुम्पनु भएका जिम्मेवारी पनि मबाट पूरा भइसकेको थियो । मेरो एक दिदी र एक बहिनीको विवाह भइसकेको थियो भने एक बहिनी मुटुको रोगले गर्दा निधन भइसकेको थियो । यसरी म पारिवारिक बन्धनबाट पनि पूरा तवरले मुक्त भइसकेको थिएँ । यो अवसरलाई मैंले एक सच्चा आध्यात्मिक साधकको रूपमा उपयोग गर्न खोजें । परम्परागत ध्यान पद्धतिमा पोख्त मेरा दुइ घनिष्ठ मित्रहरू–पुरुषोत्तम राज मास्केज्यू र विवेक राज देवकोटा-ज्यूले मलाई यस कुरामा विशेष सहयोग पुऱ्याउनु भयो । कहिले काहीं यी मित्रहरूसँग मैंले पूजा– पाठ, उपासना र ध्यानको लागि विभिन्न मन्दिरहरू पनि धाएँ । मन्दिर धाउने क्रममा हामी काठमाडौंबाट १८ किलोमिटर टाढा रहेको दक्षिणकालीको मन्दिरमा बढी पुग्दथ्यौं । यस प्रकार वातावरण सब प्रकारबाट मेरो पक्षमा लागिरहेको थियो । २०२८ साल माघ १७ गते शुक्रबारका दिन राजा महेन्द्र स्वर्गारोहण होइबक्स्यो । यसले गर्दा दरबारको वातावरणमा धेरै परिवर्तन आयो । मलाई पनि अर्कै कार्यालयमा सरुवा गरियो । तर नयाँ वातावरणले पनि ध्यान अभ्यासको क्रममा मलाई कुनै बाधा गरेन । यसै वेला दरबारिया कर्मचारीहरूको निवृत्तिभरण र उपदानको कुरा श्री ५ को सरकारका कर्मचारीहरूसँग एकीकरण गरियो । मैंले कर्मचारी संचय कोषबाट रकम सापटी लिई काठमाडौंको छाउनीमा एक टुक्रा सानो जग्गा खरीद गरी घर बनाउन सफल भएँ । यसले गर्दा मेरो ध्यान अभ्यासको क्रम सुचारु रूपले चलन थाल्यो । अभ्यासको क्रममा एक दिन मैंले आफूलाई समाधिमा तल्लीन पाएँ । मैंले मेरो शरीरबाट एक प्रकारको ज्योति (आभा) निक्लिरहेको अनुभव गरें । मैंले जीवनमा बढी मात्रामा सुख र शान्तिको अनुभव गरें ।

नयाँ वातावरण

ध्यान अभ्यासको क्रममा हासिल गरेका अनुभवहरूले म बढी महशूर बनेको थिएँ। यसले गर्दा मैंले आफूलाई बढी भन्दा बढी महत्त्व दिन थालें। राजा महेन्द्रको समयमा जस्तै नयाँ राजा (राजा वीरेन्द्र) सँग सम्पर्क नभए तापनि मलाई आफ्नो विश्वास गुमाउन परेन। यी कुराहरूको बावजूद पनि कुनै कुनै बखत मैंले आफूभन्दा तलका दौंतरीहरूको सामु मर्यादाक्रमको सिलसिलामा एक प्रकारको बेइज्जती सहनु पर्‍यो। मर्यादाक्रम तोडने काम विशेष गरेर राजा वीरेन्द्रबाट देशका विभिन्न भागमा विकास भ्रमणको सिलसिलामा सवारी होइबक्सँदा हुन्थ्यो। कुनै कुनै विकास क्षेत्रहरूको भ्रमणमा राजा वीरेन्द्र राज भएको बखत आयोजना भएको मदिरापान र रात्रिभोजको अवसरमा निम्न तहका कर्मचारीहरूलाई पनि बोलाइन्थ्यो। उनीहरूलाई यसरी बोलाइँदा टोली नाइकेको रूपमा बोलाइन्थ्यो भने म र अरू साथीहरू उनीहरूभन्दा उच्च तहका कर्मचारी भए तापनि टोलीको दोश्रो र तेश्रो व्यक्ति भएको कारण निमन्त्रणाको लगतबाट नाम हटाइन्थ्यो। यस कुराले मलाई धेरै पटक मनमा चोट पुर्‍यायो र मैंले यसलाई गम्भीरतापूर्वक लिएँ पनि। मैंले यस प्रकारको प्रवृत्तिको विरोधमा आवाज उठाएँपनि। मेरो नयाँ हाकिम प्रमुख स्वकीय सचिव सुरेन्द्रमान जोशीज्यूले मेरो कुरामा सहानुभूति दर्शाउनु भयो तर उहाँले यस कुरालाई औपचारिक बैठकमा उठाउने साहस गर्नु भएन। राजा महेन्द्रको स्वर्गारोहणपछि हाकिम वा प्रमुख स्वकीय सचिव हुनु भएका उहाँ विदूषक (Comedian) वा दास मनोवृत्तिका मानिस हुनुहुन्थ्यो। उहाँमा (आफ्नो) कार्यालयको कामकै सिलसिलामा पनि आफूभन्दा तलका दौंतरीहरू नारायणप्रसाद श्रेष्ठ र चिरन शम्शेम थापाका सामु डटेर कुरा गर्ने साहस र सामर्थ्य थिएन।

यी कुराहरूको बावजूद पनि म राजदरबारमा लोकप्रिय नै थिएँ। म यसरी लोकप्रिय हुनुको कारण रमझम पत्रिका[१०] को लागि लेखेका अंग्रेजी लेखहरू र मेरो फूर्तिसाथ काम गर्ने तरिका थियो। यसले गर्दा मलाई उपसचिवमा पदोन्नति गरियो र रिकर्ड विभागमा हाकिम भई काम गर्न खटाइयो। रिकर्ड विभागमा केही समयअघि मात्र खडा[११] भएको एक नयाँ कार्यालय थियो जसलाई मैंले शुरूदेखि संचालन गरेर विभिन्न प्रकारका अभिलेखहरू तयार पार्नु पर्दथ्यो। शुरूमा काम गर्ने तरीकामा केही व्यवधान

देखापरे तापनि पछि गएर कार्यालय सुचारु रूपले संचालन हुन पुग्यो। हाम्रो काम गर्ने नयाँ तरीका देखेर राजा वीरेन्द्र, (विशेष गरेर रिकर्ड विभागका तालुकवाला कायम मुकायम हाकिम उप प्रमुख राजदरवार पदाधिकारी मधुसूदन राजभण्डारीज्यू) खुशी रही बक्स्यो। यसले गर्दा राजा वीरेन्द्रबाट रिकर्ड विभागलाई केही नयाँ कामहरू पनि थपिबक्स्यो। विभागले थप कार्यहरू पनि सक्रिय भएर सुचारु रूपले सम्पन्न गर्‍यो। उप प्रमुख राजदरवार पदाधिकारी राजभण्डारीज्यू सरुवा हुनु भएपछि प्रमुख राजदरबार पदाधिकारीको पद सम्हाल्नु हुने हंसमान सिंहज्यू ज्यादै निस्कपट र भलाद्मी व्यक्ति हुनुहुन्थ्यो। उहाँ पनि हाम्रो विभागको काम गर्ने तरीकाबाट ज्यादै हर्षित हुनु भयो। उहाँले विभागको हरेक काममा सकारात्मक तरीकाले साथ दिनु भयो। उहाँकै कुशल सुपरिवेक्षणमा विभागले सुरेन्द्रमान जोशीज्यू र चिरन सम्शेर थापाज्यू जस्ता उच्च पदस्थ अधिकारी-हरूमाथि पनि कार्वाई चलाउन सक्यो। यस वेला जोशीज्यू र थापाज्यू क्रमश: प्रमुख स्वकीय सचिवालय र प्रमुख सम्वाद सचिवालयका हाकिम हुनुहुन्थ्यो। कार्वाइको सिलसिलामा उहाँहरूलाई राजदरबार सचिवालयको समय तालिका राम्ररी पालन नगरेकोमा जरिवाना तिर्न लगाइयो। यसको साथै विभागले राजपरिवारको स्मृतिका नाममा खडा भएका कैयन् स्मारकहरू सुपरिवेक्षण गर्ने कार्यहरू राम्रोसँग सम्पन्न गर्‍यो। यस मध्ये नुवाकोट जिल्लाको देवीघाटमा प्रतिष्ठापन भएको राजा वीरेन्द्रका पुर्खा र नवीन नेपालका संस्थापक पृथ्वीनारायण शाहको भव्य प्रतिमाले गर्दा राजा वीरेन्द्रबाट हाम्रो विभागको सक्षमताको तारिफ गरिबक्स्यो। फलस्वरूप मैले आफूलाई सह सचिवमा पदोन्नति गरी प्रमुख सम्वाद सचिवालयमा दोश्रो हाकिमको रूपमा सरुवा गरिएको पाएँ।

सन्दर्भ सूची

1. Sanu Bhai Dangol, **Stray Sentiments**, (Kathmandu: Gautam Bajracharya and Laxman Dangol, 1991), p. 78

२) धनगडीको तेगडी निवासी हेमराज जोशीज्यू र म एकै पटक स्नातक परीक्षामा सामेल भएका थियौं । त्यस बेला उहाँले लेखकलाई आफ्ना पुस्तकहरू सापटी दिई स्नातकको पढाई पूरा गर्न मद्दत गर्नु भएको थियो ।

३) नुवाकोट जिल्ला निवासी हर्षविलास पाण्डेज्यूले प्रदान गर्नु भएको उत्साह, सुझाव तथा सहयोगले गर्दा नै लेखकले निजामती मध्यमा पास गर्न सकेको हो यसैले उ पाण्डेज्यूप्रति अति कृतज्ञ छ । पाण्डेज्यू त्यस बेला लेखकको घरमा केही कोठाहरू वहालमा लिएर वस्नु भएको थियो ।

३) पुरुषोत्तम राज मास्केज्यू, विश्वभक्त श्रेष्ठज्यू र रमेश लाल मास्केज्यू-सँगको मित्रता र उहाँहरूले प्रदान गर्नु भएको उत्साहले लेखकलाई यस बेला मानसिक तनावबाट मुक्त हुन धेरै हदमा सहयोग पुऱ्याएको थियो ।

५) स्वर्गवासी मीर सुव्वा उमानाथ कोइरालाज्यू र शाखा अधिकृत रत्न वहादुर श्रेष्ठज्यूले लेखकको पढाई यथावत् चालू रहोस् भनी रकम वक्स दिलाउनमा धेरै ठूलो भूमिका खेल्नु भएको थियो । यसैले लेखक उहाँहरू दुवै जना प्रति विशेष रूपले आभार प्रकट गर्दछ । उहाँहरू-मध्ये कोइरालाज्यू त्यस बेला लेखक काम गर्ने शाखामा हाकिम हुनुहुन्थ्यो भने श्रेष्ठज्यू चाहिँ यो लेखकभन्दा माथिल्लो तहका कर्मचारी ।

६) **प्रतिध्वनि** पाक्षिकका सम्पादक गोकर्णदेव पाण्डेज्यू लेखक त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर अध्ययन गर्दा खेरी सँगै अध्ययन गर्ने मित्र हुनुहुन्थ्यो । नेपालीमा लेखहरू लेख्न उत्साह प्रदान गर्नु भएकोमा लेखक उहाँप्रति पनि कृतज्ञ छ ।

७) पुस्तकका अर्को लेखक राजदरबार सेवाबाट सेवानिवृत्त हुनु भएका उप सचिव जनार्दन सिंह प्रधानज्यू हुनुहुन्थ्यो। पुस्तक प्रकाशनमा आएको वेला प्रधानज्यू र लेखक दुवै नायव सुव्वा पदमा वहाल थिए।

८) उत्तम कुँवर, **स्रष्टा र साहित्य**, (काठमाडौं रूपायन प्रेस, २०२३), पेज २६०

9. His Majesty King Mahendra Bir Bikram Shah Dev, **Special Message to the 10th Session of National Panchayat** (Kathmandu: September 22, 1967),

१०) लेखक राज दरवारबाट प्रकाशित हुने रमझम पत्रिकामा सबभन्दा बढी अंग्रेजी लेखहरू लेख्ने व्यक्ति हो। राज दरवारका अरु कुनै कर्मचारीले पनि लेखकको दाँजोमा यस पत्रिकामा लेखहरू लेखेका देखिएनन्। पत्रिकामा लेखहरू लेख्न उत्साह प्रदान गर्नु भएकोमा लेखक पत्रिकाका सम्पादक रेणुलाल सिंहज्यू प्रति पनि आभार व्यक्त गर्दछ।

अध्याय ३

गुह्य दीक्षाक्रम र स्रोतापन्नको उपलब्धि

नेपालका केही प्रमुख रहस्यदर्शीहरू

ध्यानको अभ्यासमा प्राप्त उन्नति र दरवारको अनुकूल वातावरणले गर्दा म धेरै फुर्तिलो भएको थिएँ। यसैले आफूले अपनाएको ध्यान पद्धति ठीक छ वा छैन भनी जाँच्ने क्रममा मैले धेरै रहस्यदर्शीहरू र महात्माहरूसँग भेट्ने काम गरें। यस प्रकार मैले भेटघाट गरेका केही रहस्यदर्शी वा महात्माहरू देहाय वमोजिम हुनुहुन्थ्यो।

क) छबिप्रसाद शर्मा:– स्वर्गीय शर्माज्यू आफ्नो जमानामा ज्यादै नाम चलेका रहस्यदर्शी हुनुहुन्थ्यो। काठमाडौं जिल्लाको गोकर्ण, जगडोल निवासी उहाँ द्यौता बाजे वा ध्यानसिंहको नामले पनि परिचित हुनुहुन्थ्यो। यस रहस्यदर्शीले आफ्नो विलक्षण रहस्यमय शक्ति प्रदर्शन गरेर कुनै बेला धेरै उच्च पदस्थ महानुभावहरूलाई आफ्नो प्रभावमा ल्याउनु भएको थियो।

ख) श्यामकृष्ण देवकोटा:– स्वर्गीय देवकोटाज्यू राणा प्रधानमन्त्री भीम शम्शेरको पालामा नेपाल पाल्नु भएका अति प्रतिभाशाली महात्मा बुला वाबाका चेला हुनुहुन्थ्यो। पुतली सडक निवासी स्वर्गीय देवकोटाज्यू तन्त्र अभ्यासको क्रममा वाहिर त्यतिको परिचित नभए तापनि तन्त्र विद्यामा माहिर व्यक्ति हुनुहुन्थ्यो।

ग) तीर्थलाल मानन्धर:- मानन्धरज्यू काठमाडौं निवासी एक रहस्यवादी गुरु हुनुहुन्थ्यो जसले अंग्रेजी भाषामा पनि राम्रो दखल राख्नु हुन्थ्यो। **Bed Crow** (बिछ्यौनाको काग) नामक पुस्तकका लेखक उहाँले कुनै बखत धेरै उच्च पदमा रहेका व्यक्तिहरूलाई चेलाको रुपमा दीक्षा

दिनु भएको थियो । उहाँका केही चेलाहरूमा पश्चिमाली मूलका नागरिकहरू पनि हुनुहुन्थ्यो । उहाँको हालको निवासस्थान मैतीदेवी, काठमाडौं हो ।

घ) हांगमा देवीः- हांगमा देवी काठमाडौंको चोभार र बुढानीलकण्ठमा आश्रम बनाएर बस्ने ज्यादै शक्तिशाली रहस्यदर्शी हुनुहुन्थ्यो । लामा परम्परालाई अँगाल्नु भएका उहाँले कुनै वेला रहस्यदर्शी उपचारकको रूपमा र बोक्सी तथा शैतानी शक्तिबाट पीडित महिलाहरूको शरीरबाट यी तत्वहरू हटाउनमा अपूर्व शक्ति प्रदर्शन गर्नु भएको थियो ।

ङ) गणेश माया सुवाल:- काठमाडौंमा ज्यादै मान्यता प्राप्त देवी हारती अजिमाको छोरी जील अजीमा शरीरमा चढ्ने श्रीमती सुवाल झारफुक गर्ने वैद्य र रहस्यदर्शी उपचारकको रूपमा काम गर्नु हुन्छ । उहाँको निवासस्थान ललितपुरको सानेपामा पर्दछ ।

च) गौरांग मुनि:- गौरांग मुनि कुनै बखत काठमाडौं स्थित चोभारको चक्र तीर्थ गुफामा बस्नु हुने क्रोधी महात्मा हुनु हुन्छ । कुनै बखत राजा महेन्द्रको विरोधमा बकबक गरेर हिंडे बापत उहाँलाई चोभारको गुफाबाट निकालिएको थियो । यी महात्मा केही समय काठमाडौंको पशुपति क्षेत्र स्थित सूर्यधाटमा पनि बस्नु भएको थियो । उहाँ अहिले काठमाडौंको गोकर्णमा बस्नु हुन्छ ।

छ) डम्वर कुमारी:- ठमेल निवासी डम्वर कुमारी नेपालमा नाम चलेका राणा र शाह परिवारसँग नाता पर्ने मानिस हुनुहुन्थ्यो । कुनै बखत उहाँले असह्य पारिवारिक वेदना सहन वाध्य हुनु पऱ्यो । त्यस बखत उहाँले आफ्नो मद्दतको लागि आफ्नो पारिवारिक देवता सत्य देवीको उपासना गर्नु भयो । फलस्वरुप सत्य देवी उहाँको शरीरमा प्रवेश गरी केही चमत्कारी शक्ति देखाउनु भयो । त्यसै वेलादेखि उहाँ सत्य देवीको नामबाट चिनिनु भयो । पछि गएर उहाँ एक रहस्यदर्शी भविष्यवक्ता पनि बन्नु भयो ।

ज) भक्त स्थानेश्वर:- स्थानेश्वर रहस्यमय तरीकाले भविष्यवाणी गर्नमा माहिर महात्मा हुनुहुन्छ । उहाँको भविष्यवाणीबाट प्रभावित भएर राजा महेन्द्रको समयमा उहाँलाई महाप्रभुको उपाधि प्रदान गरिएको

थियो । राजा महेन्द्रबाट सन् १९६० को दशकतिर याने संकटकालको वेला उहाँलाई आफ्नो पक्षमा प्रचार गर्न उपयोग गरिवक्सेको थियो । उहाँ अहिले स्याङ्जाको मालुंगामा वस्नु हुन्छ ।[‡]

झ) ब्रह्मेन्द्रराज राजोपाध्याय:-काठमाडौंको वटु टोलमा वस्नु हुने स्वर्गवासी राजोपाध्यायज्यू शैव परम्पराका अभूतपूर्व तन्त्र गुरु हुनुहुन्थ्यो । नन्द वाजेको नामवाट परिचित राजोपाध्यायज्यूले कुनै वेला स्थानीय जनतालाई धेरै रहस्यमय शक्तिहरू प्रदर्शन गर्नु भएको थियो ।

आध्यात्मिक मार्गदर्शक र गुरु

यी महात्मा र रहस्यदर्शीहरूसँगको भेट्घाटमा उहाँहरू सबै जसोले मलाई भविष्यमा भौतिक तथा आध्यात्मिक दुवै क्षेत्रहरूमा उन्नति हुने कुरा बताउनु भएको थियो । उहाँहरूमध्ये श्यामकृष्ण देवकोटाज्यूले आफूले उपासना गरेका देवी देवताहरूको वचनलाई उल्लेख गर्दै मैंले आफ्नै हृदयको पवित्रताको कारणबाट मात्र भविष्यमा माथि उठ्न सक्ने कुरा बताउनु भएको थियो । उहाँले मलाई कुनै कुनै वेला सपनामा आफ्ना गुरुसँग पनि प्रत्यक्ष सम्पर्क गराउनु भएको थियो । तन्त्रगुरु ब्रह्मेन्द्रराज राजोपाध्यायज्यूले मलाई कुनै कुनै वेला अर्धसमाधिमा रहेको बखत उहाँकै ईष्टदेवतासँग सम्पर्क राख्न सिकाउनु भएको थियो । यस्तै भक्त स्थानेश्वरज्यूले निकट भविष्यमैं मेरो शरीरभित्रवाट आभा (ज्योति) प्रकट हुने कुरा जानकारी दिनु भएको थियो । यस प्रकार उहाँहरूले मलाई आफू ठीक बाटोमा लागेको रहेँछु भन्ने कुरामा विश्वास दिलाउनु भएको थियो । यस प्रकारका संकेतहरूका बावजुद पनि मेरो खोजमा गतिरोध आएन । त्यस बेला ममा ध्यानको क्षेत्रमा अझ माथिल्ला तहहरू उक्लनु पर्दछ भन्ने धून सवार भइरहेको थियो । त्यसैले म आफ्नो ध्यानको अभ्यासमा नयाँ मोड र दिशा दिन सक्ने रहस्यदर्शी वा महात्माको खोजमा अझ बढी लागेको थिएँ । यस खोजको सिलसिलामा मैंले काठमाडौं निवासी रहस्यवादका अलौकिक प्रतिभा स्वर्गीय भुवनप्रसाद श्रेष्ठज्यूलाई आफ्नो पथप्रदर्शक वा भनौं कल्याणमित्र वा गुरुको रूपमा पाएँ । (कृपया परिशिष्ट ३ मा हेर्नु होला) ।

स्वर्गीय भुवनप्रसाद श्रेष्ठज्यू काठमाडौंको एक अपरिचित तर बहुत शक्तिशाली रहस्यदर्शी हुनु हुन्थ्यो । काठमाडौंको त्यौड तुमबहाल बस्नु हुने

श्रेष्ठज्यू समय र परिस्थितिले तयार पारेको रहस्यवादका एक अलौकिक प्रतिभा हुनु हुन्थ्यो । व्यापारमा भएको घाटा, पारिवारिक कलह र ऋणको भारले थिचिएको कारण श्रेष्ठज्यूमा रहेको अहं कुनै बखत कहिल्यै नदेखिने गरी बिलाएर गयो । जसै उहाँको अहं बिलाएर गई मनले एक खोक्रो बाँसको रूप लिन पुग्यो त्यस बेला स्वर्गीय भुवनप्रसाद श्रेष्ठ केवल भुवनप्रसाद श्रेष्ठको रूपमा रहनु भएन । काठमाडौंको एक ज्यादै लोकप्रिय देवी दक्षिण-कालीले यस खोक्रो बाँसलाई बाँसुरीको रूप दिनु भयो । त्यस वेलादेखि उहाँको ओठबाट माता दक्षिणकालीका वाणीहरू गुँजन थाल्यो जसरी कुनै वखत वेथलहेममा यीशू ख्रीष्टको मुखबाट परम पिता परमेश्वरका बाणीहरू गुंजन पुगेका थिए । यो रहस्यदर्शीको मुख्य काम अरूको शरीरमा दैवी शक्ति शक्तिपात गरी देवी देवता नामधारी अदृष्य शक्तिहरूसँग सम्पर्क गराउनु रहेको थियो ।

आफ्नै पूर्व जन्मको संस्कारले हो वा ध्यानमा प्राप्त गरेको सफलताले गर्दा हो मलाई थाहा भएन । एक समय मेरो परम मित्र पुरुषोत्तम राज मास्केज्यूले मलाई काठमाडौं निवासी यस रहस्यवादमा अलौकिक प्रतिभा-सँग परिचय गराउनु भयो । यस परिचयवाद भुवनप्रसाद श्रेष्ठज्यू र म मित्र बन्यौं । एक पटक मैले श्रेष्ठज्यूमा अदृश्य शक्तिहरूसँग सम्पर्क राख्न सक्ने गरी मलाई पनि दैवी शक्ति शक्तिपात गर्न अनुरोध गरें । त्यस बेला उहाँले ममा आफ्नै प्रकारको शक्ति बिकसित भइसकेकोले बाह्य शक्ति शक्ति-पात गर्न नमिल्ने कुरा जानकारी दिनु भयो । साथै उहाँले ध्यानाभ्यासको लामो क्रमले गर्दा मभित्र रहेको शक्ति आगोको रूप लिई अवधूति नाडी **(median nerve)** खोल्ने प्रयास गर्दै गरेको कुरा पनि संकेत गर्नु भयो । उहाँको भनाई अनुसार मेरो शरीरभित्र विकास भएको जुन आभा हो, त्यो आभा त्यस आगोले ल्याएको ज्वाला हो, एक दिन यस्तो पनि समय आउने छ जव म आफैंले सो शक्ति विस्फोटन भएको कुरा अनुभव गर्दै रहेको हुनेछु । साथै उहाँले मैले विकास गरेको शक्तिमा बिकृति नआओस् भनी कुनै प्रकारको औषधी प्रयोग नगर्न मलाई सल्लाह दिनु भयो । यस अगाडि ध्यान अभ्यासको क्रममा टाउको दुखेको कारण म औषधीहरू उपयोग गर्दथें । वरु शक्ति विस्फोटनको सिलसिलामा उहाँले आध्यात्मिक शक्तिको मार्ग खोल्न भने मलाई विशेष सहयोग पनि पुऱ्याउनु भयो ।

गहन दीक्षाक्रम

२०३१ साल चैत ४ गते सोमवारको साँझ। काठमाडौं कमलाक्षी स्थित श्री चक्र औषधालयको ठूलो बैठकमा भुदनप्रसाद श्रेष्ठज्यू र म औषधालय घरको घरपति सच्चिदानन्द वैदचज्यूसँग बसिरहेका थियौं। त्यस बेला श्रेष्ठज्यू मेरो अगाडि अर्कै लोकबाट अवतरण भएको व्यक्ति जस्तो देखा पर्नु भयो। उहाँले मलाई भन्नु भयो:– "आजको साँझ तपाईं आफूमा दैवी शक्ति विस्फोटन भएको अनुभव गर्दै हुनुहुन्छ। यो विस्फोटन ज्यादै शान्त तरिकाले होस् भनी शक्तिका मार्गहरू खोल्न मबाट शक्तिपात गर्ने बेला पनि आएको छ। यस विस्फोटनपछि तपाईं आफैं आफूभित्र के कुरा लुकेको रहेछ भन्ने कुरा महशूस गर्न सक्नु हुन्छ।" यी कुराहरू बोल्दै उहाँले मेरो शरीरमा शक्तिपात गर्नु भयो या भनौं मलाई रहस्यमय तरिकाले दीक्षा दिनु भयो। त्यस बेला मैंले धेरै समय अगाडि पढेको पुरानो समयको दन्त्यकथामा उल्लेख भए जस्तै श्रेष्ठज्यूले मलाई हेरेर खुले सम–सम भनिरहनु भएको जस्तो लाग्यो। केही क्षणभित्रै मभित्र रहेका आध्यात्मिक मार्गका व्यवधानहरू क्रमशः पछाडि हट्न पुगे। तेश्रो नेत्र याने आज्ञाचक्र हुँदै ममा शक्ति विस्फोटन भयो पनि। उहाँले यसरी मलाई लोकोत्तर अवस्था **(supramundane stage)** मा पुऱ्याउँदै सच्चा धर्ममा दीक्षित गराउनु भयो। लोकोत्तर अवस्थामा पुगे पनि मेरो शरीर एक प्रकारले नजानिँदो पाराले प्रकम्पनबाट हल्लन थाल्यो। यो प्रकम्पनले पछि गएर शक्तिशाली धडकनको रूप लिन पुग्यो। यसले गर्दा मेरो शरीर झाँक्रीको शरीर जस्तै यताउति काम्न पुग्यो। आफ्नो चेतनशक्तिमा कुनै प्रकारको विकृति देखा नपरे तापनि मलाई भने आफूले तगडा मदिरावाजको रूप लिन पुगेको जस्तो लाग्यो। मैंले शक्तिको यस विस्फोटनलाई कुण्डलिनी शक्तिको जागरणसँग तादात्म्य राख्न खोजें। मलाई लाग्यो शायद तिलो-पाज्यूले नालन्दा विश्वविद्यालयका मठाधीश नरोपाज्यूलाई यसै प्रकारले महामुद्राको दीक्षा दिएको हुनु पर्दछ।

सोतापन्नको उपलब्धि

शरीरमा प्रकम्पनको उदय भएपछि मबाट हुने ध्यान अभ्यासको क्रममा एक नयाँ अध्याय थपियो। ध्यानको अभ्यास फलीभूत भएर मैंले धर्मको सच्चा मार्ग भेट्टाएको थिएँ। मेरो शरीर आफ्नै शक्ति या भनौं दैवी

शक्तिले संचालित (charged) भइसकेको थियो । यस बेलादेखि मैले आफूलाई धन्यभागी या भनौं भाग्यमानीको रूपमा अनुभव गरें । यसले गर्दा आफ्ना अद्वितीय आध्यात्मिक मार्गदर्शकप्रति मेरो हृदय कृतज्ञताले भरियो । जब जब म आँखा चिम्लिन्थें त्यस त्यस बेला म आफूलाई अर्ध समाधिमा पुगेको अनुभव गर्थें । यस प्रकार ध्यान मेरो लागि स्वाभाविक प्रक्रिया हुन लाग्यो । मन पनि धेरै हदमा शान्त रहन पुग्यो । मैंले शरीर-भित्र प्रकम्पन ल्याउने त्यस ऊर्जा शक्तिको महत्वलाई राम्ररी बुझें । यसले गर्दा मलाई यथार्थताको सार नै प्रकम्पन (movement) हो जस्तो लाग्यो । प्रकम्पनको उत्पत्ति अज्ञेय छ । यो उर्जा शक्ति नै हो । (The essence of reality is movement. The origin of movement is unknowable. It is energy itself.)[९] भन्ने नालन्दा विश्वविदयालयका कुलपति शान्तरक्षित र अरु लामा गुरुहरूका उद्‌गारहरू सम्झन कर लाग्यो । प्रकम्पनको प्रवाह शुरु भएदेलि मैंले आफू-लाई शरीर र मनसँग तादात्म्य राख्न छोडें । धर्म मेरो लागि बाह्य आचरण वा क्रियाकलापको रूपमा सीमित रहेन । ममा ध्यानको सफलताबारे कुनै प्रकारको आशंका पनि बाँकी रहेन ।

यस प्रकारको उपलब्धिपछि पनि शरीरमा भएको प्रकम्पन (शरीर हल्लने काम) रोकिएन । आज्ञाचक्रमा पोल्ने गरेको पनि यथावतै रह्यो । यसबारे आफ्ना आध्यात्मिक मार्गदर्शक श्रेष्ठज्यूसँग सल्लाह लिंदा उहाँले "अध्यात्मको मूल द्वार खुलेको कारण तपाईं भित्र प्रवेश गर्दै हुनुहुन्छ । अहिले तपाईं भित्रका ढोकाहरू घच्घच्याउँदै हुनुहुन्छ । सबै ढोकाहरू खुलेपछि तपाईं अध्यात्मको शिखरमा स्वत: पुग्नु हुन्छ । शिखरमा पुगेपछि मात्र शरीरको प्रकम्पन र आज्ञाचक्रको जलन शान्त हुनेछ । भित्रका साना ढोकाहरू खोल्ने बारेमा केही योगका प्रक्रियाहरू पाइन्छन् । ती प्रक्रियाहरू ध्यानमा लीन भएको समयमा तपाईंले आफैं जानकारी पाउनु हुनेछ ।" यी कुराहरू बोल्नु हुँदै उहाँले तत्कालै कुनै उपचार विधि बताउनु भएन । बौद्ध ग्रन्थहरूको अध्ययनपछि शक्तिको यस विस्फोटनलाई मैंले बौद्ध सन्त परम्परामा पाइने सोतापन्न (stream entry) को स्थितिको रूपमा लिएँ ।यस बेला मलाई लाग्यो ममा प्रथम, द्वितीय, तृतीय र चतुर्थ ज्ञानहरू पनि फलीभूत भइसकेका रहेछन् ।

तान्त्रिक ध्यानको शिखरमा

आज्ञा चक्रमा भएको प्रज्ज्वलन र शरीरमा देखा परेको प्रकम्पन धेरै समयसम्म रोकिएन । यसको उपचार विधि पत्ता लगाउन मैले धेरै धार्मिक ग्रन्थहरूको अध्ययन गरें तर शुरुमा सफल भइनँ । त्यसैले यसको लागि मैले दिनहुँ ध्यानको गहिराईमा धेरै बेरसम्म डुबुल्की लगाएँ । यसरी धेरै समय ध्यानको अभ्यास गरेपछि मेरो मानसपटलमा प्राणायाम (breathing exercise) बारे एक नयाँ बिचार उठ्न पुग्यो । प्राणायणबारे मलाई पहिलेदेखि नै केही ज्ञान थियो । तर मैले अहिले पालन गर्नु पर्ने प्राणायण अर्कै विधिको थियो । यस नयाँ बिधि अनुसार मैले एउटा नाकको प्वालबाट श्वास तानेर (पूरक) केही क्षण रोकिराख्नु (कुम्भक) पर्दथ्यो । त्यसपछि मैले मुखबाट श्वास छोड्नु (रेचक) पर्दथ्यो । त्यस पछि मैले यही क्रिया नाकको अर्को प्वालबाट चालु गर्नु पर्दथ्यो । मैले प्राणायामको यस नयाँ पद्धतिलाई केही छिन अपनाएँ । म अवाक् भएँ । यस प्राणायामले गर्दा मेरो शरीर भित्रको अवधूती वा सुषुम्ना नाडी खुलेर क्रमशः **सहस्रार** (शिरको माथिल्लो भाग) मा पुग्यो र सम्पूर्ण **सहस्रार** प्रस्फुटित शक्तिले भरियो । त्यस बेला मलाई यो शक्तिले ज्योतिको रूप दिई **सहस्रार**बाट निक्ली विश्वभर फैलिन पुगेको जस्तो अनुभव भयो । मैले आफूलाई यस ज्योतिको अनन्त सागर, जसलाई हिन्दू शव्दावलीमा सत्–चित्–आनन्द **(pure existence, pure knowledge and pure bliss)** भनिन्छ, मा डुबेर बिलाइरहेको पाएँ । यो यस्तो अवसर थियो जब सबै भावहरू शून्य (**voidness**) मा र अहं (**ego**) नाहं (**self-negation**) मा बिलाइरहेको थियो । यस प्रकार मैले आफूलाई **पशु र बीर** भाव (**brutal and heroic stages**) का ध्यानक्रमहरू छोडेर दिव्य भाव (**divine stage**) को ध्यानक्रममा उविलरहेको पाएँ ।

परमार्थलाई दिइएका अन्य नामहरू

ध्यान अभ्यासको क्रममा मैले प्राप्त गरेका अनुभवहरू ज्यादै उत्कृष्ट प्रकारका थिए । यी अनुभवहरूलाई शब्दमा उतार्न सक्ने स्थितिमा म छैन पनि । खालि भन्न सक्ने कुरा के हो भने ध्यानमा रहेको समयमा मैले आफैंभित्र केही महत्वपूर्ण तत्वसँग सम्पर्क गर्ने अवसर पाएँ । एक प्रकारले झसंग भए जस्तै हुने गरी मेरो सामु जीवनका रहस्यहरू धेरै हदमा खुल्न

पुग्यो । यसरी रहस्य खुलेपछि ध्यानको अवसरमा मैंले आफूलाई समय, तर्क र धारणात्मक विचारको सीमाभन्दा माथि उक्लन सकेको पाएँ । यसले गर्दा ममा एक नयाँ दृष्टि वा नयाँ धारणाको प्रादुर्भाव भयो अथवा थपियो । यसरी प्रादुर्भाव भएको रहस्यलाई मैंले परमार्थ वा परम तत्वको दर्शनको रूपमा लिएँ जसबारे सायद प्राचीन समयका रहस्यदर्शी वा द्रष्टाहरूले धेरै धेरै स्तुतिगान वा प्रार्थनाहरू रच्ने गरेका थिए । यही परम तत्वलाई हिन्दूहरूले ब्रह्म वा परमात्मा (**universal soul**) को नाम दिएका छन् भने खिृष्टान रहस्यदर्शी र अफलातुनका मत मान्नेहरू (**plartonists**) ले क्रमशः परमेश्वर (**godhead**) र यथार्थको दर्शन (**vision of reality**) को रूपमा । यसैलाई संकेत गर्न सूफी फकीरहरू (**sufi saints**) र ताओवादीहरू (**Taoists**) ले क्रमशः परम प्रिय (**beloved**) र ताओ (**Tao**) को नाम उल्लेख गरेका छन्, भने बौद्ध धर्मावलम्वीहरूले **निर्वाण धर्मकाय, तथता** (**suchness**), **शून्य, बुद्धत्व** (**buddhahood**) इत्यादि । चाहे यसलाई जेसुकै नाम दिइएको किन नहोस्, यो ज्यादै अजीव र अद्भुत अनुभव थियो । यसै बेलादेखि मैंले आफूलाई **लोकोत्तर (supra-mundane)** अवस्थामा पदार्पण गरिरहेको पाएँ । यो स्थितिको अनुभव-पछि मलाई हिन्दू महर्षि वेद व्यासज्यूलाई यी शव्दहरू बरावर दोहऱ्याउन किन बाध्य हुनु पऱ्यो भन्ने कुरा खुल्न आयो–

> "जसलाई ब्रह्मा, वरुण, इन्द्र र मरुतले दिव्य श्लोकहरू उच्चारण गरेर स्तुति गर्दछन्, जसबारे वेदान्ती (सामबेद सम्बन्धित) हरू पद, कम आदि मिलाएर गाउँछन्, जसलाई योगीहरू ध्यानमा लीन भएको अवस्थामा दर्शन गर्दछन्, जसको अन्त्य देव र दानव (सुर र असुर) कसैलाई थाहा छैन, त्यस्ता परमात्मालाई मेरो प्रणाम ।"

> **(यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुत: स्तुन्वन्ति दिव्यैः स्तवै–**
> **र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः**
> **ध्यानावस्थिततद्गतेत मनसा पश्यन्ति यं योगिनो**
> **यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ।[१])**

केही अन्य रहस्यदर्शीहरू

यी उपलब्धिहरूबाद पनि मैंले ध्यानको अभ्यास जारी नै राखें । ध्यानको अभ्यास, विशेष गरेर प्राणायामको अभ्यासले, सुषुम्नाका साथै

अन्य नाडीहरू पनि खुल्दै गए । यसरी खुल्दै गएका नाडीहरूको माध्यमबाट **सहस्रार**मा रहेका शक्ति वा ज्योतिपुंज तल झरेर सम्पूर्ण शरीरमा फैलियो । पछि यो शक्तिले पुनः उक्लेर **सहस्रार**मै आफ्नो स्थान जमाए या भनौं केन्द्र-विन्दु बनाए । यस प्रकार महर्षि अरविन्दज्यूले अनुभव गर्नु भए जस्तै मैंले पनि आफूमा दैवी वा उच्च स्तरको मन भएको शरीर (**supramentalised body**) विकास भएको पाएँ जसमा दैवी शक्ति पहिले अवतरण अनि पुनः आरोहण काम गर्दथ्यो । तर महर्षिज्यूले जस्तै शरीरलाई पनि कहिल्यै नमर्ने वा नाश नहुने गरी अमर बनाउन सकिन्छ भन्ने धारणा भने मैंले विकास गर्न गर्न सकेको छैन ।

यी कुराहरूको विकास भएपछि, मैंले आफूलाई ध्यानको आधिकारिक व्यक्तिको रूपमा दावा गरें । मेरो दावामा मेरो आफ्नै मार्गदर्शक श्रेष्ठज्यूले पनि विशेष सहमति जनाउनु भयो । मैंले यस विकास क्रमलाई लिएर अरु धेरै सन्त, रहस्यदर्शी, महात्मा र धार्मिक गुरुहरू कहाँ गएर सल्लाह पनि गरें । कसैले यसलाई शरीरमा भगवान् नारायणको अवतरणको रूपमा लिए भने कसैले भगवान् शिवको । केही अरूले भने यसलाई **कुण्डलिनी शक्ति**को जागरणको रूपमा पनि लिएका थिए । तर सल्लाहको क्रममा मेरो यस विकास क्रमलाई कसैले ठोस गति वा निर्देशन भने दिन सकेको थिएन । यसरी भेटघाट गरेका केही रहस्यदर्शीहरू र महात्माहरू यस प्रकार छन्ः–

१) बलराम थपलियाः– थपलियाज्यू काठमाडौंको सामाखुसीमा बस्ने एक साधक हुनुहुन्छ जसले कुनै देवता, जसलाई उहाँ बटुक भैरव भन्नु हुन्थ्यो, को सिद्धि प्राप्त गर्नु भएको थियो । यही देवताबाट प्राप्त शक्तिको आधारमा उहाँ अरुलाई भविष्यवाणी गर्ने वा भविष्यको लागि मार्गदर्शन दिने गर्नु हुन्थ्यो । कुनै बेला उहाँ नेपालका कुनै प्रधान-मन्त्रीको रहस्यदर्शी सल्लाहकार पनि हुनुहुन्थ्यो ।

२) मोहन थापाः– थापाज्यू काठमाडौं स्थित नेपाल बैंक लिमिटेडको कर्मचारी हुनु हुन्थ्यो जसको शरीरमा कुनै बेला देवता चढ्ने गर्दथ्यो । यसरी चढ्ने देवतालाई उहाँ काली वा जगदम्बाको नाम दिनु हुन्थ्यो । थापाज्यूलाई रहस्यदर्शीको रूपमा लिई अरूहरूले भविष्य-वाणी सोध्ने गर्दथे ।

३) दीनानाथ बाबाः– स्वर्गीय बाबा काठमाडौंको पशुपति क्षेत्र स्थित राम मन्दिर आसपास बस्ने साधु हुनुहुन्थ्यो । कुनै बेला उहाँ राजदरबारका प्रमुख सचिव रंजनराज खनालसँग विशेष प्रकारले सम्पर्क राख्नुहुन्थ्यो ।

४) सनत् कुमार अधिकारी:– जोरपाटी, काठमाडौं निवासी अधिकारीज्यू भारतका ख्यातिप्राप्त तन्त्रगुरु नारायणदत्त श्रीमालीको प्रमुख चेला हुनु हुन्थ्यो । कुनै बेला धेरै मानिसहरू चेलाको रूपमा उहाँ कहाँ धाउने गर्दथे । एक पटक उहाँले काठमाडौंको कमलाक्षीमा 'साधक परिवार' को नामबाट रहस्यदर्शीहरूको समूह पनि खडा गर्नु भएको थियो ।

५) सिडेनी भगत:– भगतज्यू नेपालको वीरगंज निवासी नामचलेका रहस्यदर्शी हुनुहुन्छ । आज पनि उहाँको निवासमा भविष्य सोध्न र विभिन्न रोगहरूको उपचार गराउन मानिसहरूको घुइरो लाग्ने गर्दछ । उहाँको आफ्नै भनाई अनुसार उहाँले नौ वटा वीरहरू साधना गर्नु भएको छ । कुनै बखत उहाँले हासिल गर्नु भएका अपूर्व शक्तिबारे काठमाडौंबाट प्रकाशित हुने केही पत्रिकाहरूले पनि उल्लेख गरेका थिए ।

६) घीसा लाल शर्मा:– शर्माज्यू नेपालको वीरगंज निवासी ज्यादै शक्तिशाली रहस्यदर्शी ज्योतिषी हुनु हुन्छ । आफ्नो अपूर्व भविष्यवाणी गर्ने शक्तिद्वारा शर्माज्यूले कैयन् मानिसहरूलाई आफ्नो प्रभावमा ल्याउनु भएको छ । कुनै बेला राजाका केही नातेदारहरू पनि उहाँको सम्पर्कमा हुनु हुन्थ्यो । विगत वर्षहरूमा उहाँ कोइलाका नामी थोक विक्रेता (dealer) हुनु हुन्थ्यो ।

७) इन्द्र कुमारी सुब्बा:– सुब्बाज्यू ताप्लेजुंगबाट काठमाडौं पाल्नु भएका महिला रहस्यदर्शी हुनु हुन्छ । उहाँ अलि कडा प्रकृतिको रहस्यदर्शी उपचारक हुनु हुन्छ । हाल काठमाडौंको पशुपति क्षेत्र स्थित गौरीघाटको सरकारी पाटीमा बस्नु हुने उहाँले कुनै देवीको शक्ति प्राप्त गर्नु भएको छ ।

८) सह रथी धन शम्शेर राणा: –स्वर्गीय राणालाई देशभरी नै एक महान् तन्त्र विशेषज्ञको रूपमा लिइन्छ । कुनै बेला नेपालका वर्तमान नरेश वीरेन्द्रका तन्त्र गुरु रहनु भएका उहाँले तन्त्र सम्बन्धी धेरै पुस्तकहरू लेख्नु भएको छ । काठमाडौंको तन्त्र परम्परालाई लिएर वर्तमान

नरेशका पुर्खा प्रतापसिंह शाहले रचना गर्नु भएको वृहत्पुरश्चर्यार्णव उहाँबाटै सम्पादन भएको नामी पुस्तक हो । कुनै बेला उहाँले नेपाल-को राजदरवारमा भित्रका तन्त्र विशेषज्ञहरूको नेतृत्व पनि सम्हाल्नु भएको थियो ।

९) नारायणदत्त श्रीमाली:– नारायणदत्त श्रीमाली विश्वभरी नै तन्त्र विशेषज्ञको रूपमा परिचित नाम हो । श्रीमालीज्यूका नाममा लेखिए-का पुस्तकका भूमिकाहरूले उहाँलाई बहुत शक्तिशाली तन्त्र गुरुको रूपमा प्रस्तुत गरेका छन् । व्यक्तिगत कामको सिलसिलामा उहाँ धेरै पटक काठमाडौं पनि पाल्नु भएको थियो ।

१०) पूर्णशोभा सुवाल:– काठमाडौंमा ज्यादै लोकप्रिय रहेका देवी हारती अजिमा चढ्ने श्रीमती सुवालज्यू काठमाडौंका एक रहस्यदर्शी उपचारक हुनु हुन्छ । उहाँ काठमाडौंको इन्द्रचोक स्थित चोखाछें गल्लीमा वस्नु हुन्छ ।

११) पद्मनाभ अडिगा:– काठमाडौंमा एक रहस्यदर्शीको रूपमा ख्याति पाउनु भएका अडिगाज्यू पशुपतिनाथ मन्दिरका निवर्तमान मूल पुजारी हुनु हुन्थ्यो । उहाँले देशकै बारेमा पनि धेरै भविष्यवाणीहरू गरी सफलता पाउनु भएको थियो । उहाँको प्रायोजनमा पशुपति क्षेत्रमा धेरै विकास कार्यहरू सम्पन्न भएका थिए । पशुपतिनाथ मन्दिरको प्रांगणमा निर्मित यज्ञशाला यसको अपूर्व उदाहरणको रूपमा लिन सकिन्छ ।

१२) शिवशरण लोहनी:– लोहनीज्यू नेपालका अद्वितीय प्रकारका चमत्कारी व्यक्तिहरू मध्येमा पर्नु हुन्छ । भारतमा अति नाम चलेका महात्मा साईं बाबाले जस्तै उहाँले हाम्रा आँखा सामु अदृश्य क्षेत्रबाट विभूत र अरू पदार्थहरू निकाल्ले शक्ति पाउनु भएको छ ।

१३) लामा स्यामार्पा:– तिब्वतमा रहेको कर्मापा परम्पराका तेश्रो व्यक्तित्व रहनु भएका स्वर्गीय लामा स्यामार्पा यात्राको सिलसिलामा बरावर नेपालमा पाल्नु हुन्थ्यो । नेपालमा पाल्नु भएको बखत उहाँ काठमाडौं-को स्वयम्भू स्थित कर्मराज विहारमा निवास गर्नु लुन्थ्यो ।

१४) वासुदेव राज राजोपाध्याय:– काठमाडौंको इन्द्रचोक चोखाछें गल्ली निवासी राजोपाध्यायज्यू इचंगु नारायणका पुजारी हुनुहुन्छ । बहिरो

बाजे (उहाँ बहिरो हुनुहुन्छ पनि) को नामबाट चिनिने उहाँ पनि एक रहस्यदर्शी उपचारक हुनु हुन्छ ।

१५) चित्रमान सिंह बस्नेत:— स्वर्गीय बस्नेतज्यू नेपालको राजदरबारमा अधिकृत हुनु हुन्थ्यो । साविकमा काभ्रे पलान्चोक बस्नु हुने बस्नेतले अधिकाँश शुरुको जीवन राजनीतिमा बिताउनु भएको थियो । स्वर्गीय राजा महेन्द्रको समयमा उहाँलाई राजाको ढाल तरवार बोक्ने गरी राजदरबारमा अधिकृत स्तरमा भर्ना गरिएको थियो । उहाँ भैरवका साधक हुनुहुन्थ्यो ।

१६) धर्मानन्द वज्राचार्य:— काठमाडौंको कोहिटीमा बस्ने बौद्ध तान्त्रिक धर्मानन्द वज्राचार्यले नेपालको राजदरबारमा बौद्ध तन्त्र विशेषज्ञको रूपमा सेवा चढाउनु भएको थियो । कुनै बखत उहाँलाई नेपालका जिउँदो देवी कुमारीलाई उपचार गर्नको लागि पठाइएको थियो तर झारफुकको शक्ति उल्टा पर्न गई उहाँ केही दिन भित्रै बित्नु भयो ।

१७) शक्तिनन्दन राजोपाध्याय:— पटको टोल, ललितपुर निवासी स्वर्गीय राजोपाध्यायले नेपालको राजदरबारमा हिन्दू तन्त्र विशेषज्ञको रूपमा सेवा चढाउनु भएको थियो । सह रथी धन शम्शेरको अध्यक्षतामा नेपालको राजदरबारमा सेवा चढाउने तन्त्र विशेषज्ञहरूको मण्डलीमा उहाँ पनि पर्नु हुन्थ्यो ।

१८) लामा हिसी नाम्दा:— तिब्बतबाट पाल्नु भएका लामाज्यूले केही प्रकारको मुख्य गुह्य शक्तिहरू हासिल गर्नु भएको छ । हाल काठमाडौं-को मंजुश्री स्थित गुम्बामा मठाधीशको रूपमा रहनु भएका उहाँ शुरूमा काठमाडौं आएको बखत काठमाडौंको सिघलमा बस्नु हुन्थ्यो ।

१९) महोदत्त उपाध्याय:— उपाध्यायज्यू अनौठो विधिबाट भविष्यवाणी गर्ने पश्चिम नेपालको एक नामी ज्योतिषी हुनु हुन्छ । भविष्यवाणी गर्नु भन्दा अगाडि उहाँ पहिले हस्तरेखाहरू हेरेर जन्म कुण्डली बनाउनु हुन्छ । उहाँले यसरी बनाउने जन्म कुण्डली सर्पहरूको आकारमा बनेको हुन्छ ।

२०) पद्म तारा बज्राचार्य:— काठमाडौंको नरदेवी टोलमा बस्नु हुने वज्राचार्यज्यूले उहिले आफ्नी सासु हीरादेवीले पाए जस्तो भविष्य-

वाणी गर्ने र रहस्यमय ढंगले उपचार गर्ने शक्ति पाउनु भएको छ। काठमाडौंको फर्पिगंमा रहेको बज्रयोगिनी देवीको चर्या र पद्धतिमा पोख्त भए तापनि उहाँ आफ्ना सासुले जस्तै आफूलाई योगिनीसँग तादात्म्य राखी बलिरहेको आगोमा हामफाल्ने शक्ति भने पाउनु भएको छैन।

२१) चैतन्य लाल श्रेष्ठः– आयुर्वेदको विधि र रहस्यमय तरिकालि उपचार गर्ने कुरामा श्रेष्ठज्यूको नाम पनि ज्यादै प्रचलित छ। पहिले सामाजिक कार्यकर्ताको रूपमा विभिन्न राजनैतिक नेताहरूसँग सम्वन्ध राख्नु हुने श्रेष्ठज्यूले आफूलाई विश्व परिवार चैतन्यको संज्ञाले विभूषित गर्नु भएको छ। कुनै बखत काठमाडौंको झोछें स्थित उहाँको उपचार गर्ने औषधी पसलमा आयुर्वेद औषधी किन्ने र रहस्यमय ढंगले हुने उपचारको सिलसिलामा पश्चिमेली मूलका मानिसहरूको ओइरो लाग्ने गर्दछ।

२२) पुष्पराज अधिकारीः– अधिकारीज्यू रहस्यमय ढंगले भविष्यवाणी गर्नमा नाम चलेका व्यक्ति हुनु हुन्छ। हाल भैरहवा वस्नु हुने उहाँको सम्पर्क नेपालको राजनीति र प्रशासनलाई डोऱ्याउने कैयन् विशिष्ट महानुभावहरूसँग पनि रहेको छ। कुनै वखत उहाँले नेपालमा भविष्यमा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुने भनी भविष्यवाणी गरेको कुरा पत्रिकामा पनि प्रकाशित भएको थियो। प्रतिनिधि सभाको चुनाव अगाडि उहाँले गर्नु भएको यो भविष्यवाणी पछि गएर सत्य प्रमाणित भयो पनि।

रहस्यदर्शी व्यक्तित्व तथा महात्माहरूको वाणी

मैले पछिका दिनहरूमा भेटघाट गर्ने मौका पाएका केही रहस्यदर्शी र महात्माहरू उहाँहरू हुनु हुन्छ। उहाँहरूसँग भएको भेटघाटको क्रममा बलराम थपलियाज्यू, इन्द्र कुमारी सुब्बाज्यू, महोदत्त उपाध्यायज्यू र पुष्पराज अधिकारीज्यूहरूले मेरो शरीरमा देखा परेको प्रकम्पनलाई लिएर शरीरमा विशिष्ट कोटीका देवताको अवतरण भएको मान्नु भयो। थपलिया-ज्यूको बिचारमा यो अवतरण श्वेत नारायणको अवतरण थियो भने सुब्बाज्यू, उपाध्यायज्यू र अधिकारीज्यूको विचारमा भने क्रमशः भगवान् सूर्य, भगवान् शिव र भगवान् बुद्धको अवतरण थियो। मोहन थापाज्यू, पूर्ण शोभा सुवाल-

ज्यू, वासुदेव राज राजोपाध्यायज्यू, लामा हिसी नाम्दाज्यू र चैतन्यलाल श्रेष्ठज्यूको लागि यो स्थिति **ऊर्ध्व रेता (upward ascended)** को स्थिति थियो जसलाई उहाँहरू राम्ररी बुझ्न सक्नु हुन्नथ्यो । बाबा दीनानाथ-ज्यू, सह रथी धन शम्शेर राणाज्यू, सनत् कुमार अधिकारीज्यू, नारायणदत्त श्रीमालीज्यू, पद्मनाभ अडिगाज्यू, शिवशरण लोहनीज्यू, धर्मानन्द वज्राचार्यज्यू र शक्तिनन्दन राजोपाध्यायज्यूहरूले भने शरीरमा देखा परेको यस प्रकम्पनलाई **कुण्डलिनी शक्ति (serpent power)** को जागरणको रूपमा लिनु भयो । सिडेनी भगतज्यू र घीसालाल शर्माहरूज्यूले यसलाई सामान्य देवी देवताहरूले समेत बुझ्न नसक्ने उच्च स्तरका शक्तिको आविर्भावको रूपमा लिनु भयो । यस्तै लामा स्यामार्पाज्यू, चित्तमान सिंह वस्नेतज्यू र पद्मतारा बज्राचार्यज्यूहरूले यसलाई देवी देवताको संसारभन्दा अलग्गको स्थिति हासिल गरेको मान्नु भयो ।

माथि उल्लेखित रहस्यदर्शी र महात्माहरूलाई मैले विभिन्न अवसर-हरूमा भेटघाट गर्ने सौभाग्य पाएको थिएँ । बलराम थपलियाज्यूलाई मैले उहाँ मेरो प्रिय मित्र पुरुषोत्तमराज मास्केज्यूको ताहाचल स्थित घरमा पाल्नु भएको अवसरमा भेट्ने मौका पाएको थिएँ । उहाँ पाल्नु भएको बखत म त्यही घरमा थिएँ । मास्केज्यूले मलाई थपलियाज्यू एक अति शक्तिशाली रहस्यदर्शी हुनु हुन्छ भनी चिनापर्चि गराउनु भएको थियो । यसरी चिनापर्चि गराउने क्रममा उहाँले मेरो शरीरमा देखा परेको प्रकम्पन रूपी रोगलाई आफ्नो रहस्यमय शक्तिको आधारमा परीक्षण गरी दिनु हुन पनि अनुरोध गर्नु भयो । मास्केज्यूले अनुरोध गर्नु भएको केही समयभित्रै थपलियाज्यूलाई उहाँको आफ्नै देवता बटुक भैरबले छोपेको कारण केही क्षण हल्लनु भयो । त्यसपछि उहाँले आफ्नो रहस्यमय शक्तिको माध्यमबाट मलाई परीक्षण गर्नुभयो । त्यस बेला भगवान् नारायण (सेतो) ले उहाँको रहस्यमय शक्ति दुरुपयोगको कारण उहाँ आफैंलाई उल्टा चोट नलागोस् भनी रोक्नु भयो ।

पूर्ण शोभा सुवालज्यूसँग म धेरै समय पहिलेदेखि परिचित थिएँ । मैले उहाँलाई मेरो आध्यात्मिक गुरु भुवनप्रसाद श्रेष्ठको निवासमा बराबर भेट्ने गरेको थिएँ । भुवनप्रसाद श्रेष्ठसँगको संगतकै कारण उहाँलाई आफ्नी देवी हारती अजिमासँग सम्पर्क राख्ने शक्ति प्राप्त भएको थियो ।

साथै उहाँ राजदरबारबाट अवकाश पाउनु भएका मेरा मित्र केदारमान सिंह डंगोलको भान्जी हुनु हुन्थ्यो । धेरै समयपछि याने २०४० सालतिर मेरो उहाँसँग एक पटक भेटघाट भयो । त्यसबेला म भर्खर मूर्छा परेको (एक प्रकारको छारे रोग) बाट ठीक भएको थिएँ । भेटघाट हुनु भन्दा केही दिन अगाडि म राजदरबार स्थित मेरो आफ्नै कार्यालयमा मूर्छा परेको कारण मलाई उपचारको लागि वीर अस्पताल लगिएको थियो । मूर्छा परेको केही क्षणमै म होशमा आएँ पनि । वीर अस्पतालका डाक्टर-हरूले त्यस बेला उपलब्ध सब प्रकारका साधनहरू प्रयोग गरी मूर्छाको कारण पत्ता लगाउन कोशिस गरे तर उहाँहरूले कुनै पनि रोग पत्ता लगाउन सक्नु भएन । यस भेटघाटमा सुवालज्यूले मलाई "तपाईंमाथि दरबारकै कुनै कर्मचारीले **शैतानी शक्ति (satanic force)** को प्रयोग गरेको थियो, तपाईं यस कुरालाई विश्वास गर्नु हुन्न तर यो शक्ति प्रयोग गर्ने व्यक्तिलाई तपाईंले आफूलाई लागे जस्तै रोगले ढलिरहेको भेट्टाउनु हुनेछ । उसले प्रयोग गरेको **शैतानी शक्ति** तपाईंसँग रहेको उच्च शक्तिसँग टक्कर लिन नसकेको कारण ऊ आफूलाई उल्टा पात भएको छ ।" भनी भन्नु भयो । उहाँसँग भएको यस भेटघाटको भोलिपल्ट मैले दरबारकै कुनै कर्मचारी वीर अस्पतालको बिरामी शय्यामा लेटिरहेको भेट्टाएँ पनि ।

म यही रोग लागेको बखत वासुदेव राजोपाध्यायज्यू मेरो घरमा पाल्नु भएको थियो । उहाँलाई मेरो रोग जाँच्नको लागि इन्द्रचोक निवासी एक जना मित्र (जुजुमान सिंह) ले ल्याउनु भएको थियो । उहाँले पनि ममाथि कुनै व्यक्तिले **शैतानी शक्ति** प्रयोग गरेको तर प्रयोग गर्नेलाई नै सो शक्ति उल्टा पर्न गएको कुरा संकेत गर्नु भयो । केही दिनपछि भएको उहाँसँगको भेटघाटमा उहाँले मलाई "तपाईंसँगको भेटपछि म आकाश भैरवमा नित्य पूजाको लागि गएको थिएँ । त्यस बेला भैरव मेरो सामु प्रकट भई तपाईंलाई साधारण व्यक्तिको रूपमा लिन नहुने कुरा व्यक्त गर्नु भयो ।" मैले प्राप्त गरेको रहस्यमय शक्तिको आधारमा तपाईंसँग भएको शक्तिलाई परीक्षण गर्न सकिँदैन भन्ने भैरवनाथको भनाई थियो । यो सुनेर म अवाक् भएँ ।

सह रथी धन सम्शेर राणाज्यूकहाँ म आफ्ना मार्गदर्शक भुवन-प्रसाद श्रेष्ठज्यूका साथ पुगेको थिएँ । श्रेष्ठज्यूले दैवी शक्ति प्रयोग गरी राणाज्यूलाई उहाँको आध्यात्मिक दृष्टि धेरै मात्रामा स्पष्ट परी दिनु

भएको थियो । मैंले प्राप्त गरेको आध्यात्मिक विकासका सन्दर्भमा उहाँको वाणी ''श्रेष्ठज्यू जस्तो उच्च कोटीको आध्यात्मिक मार्गदर्शक पाउनु तपाईंको लागि अति सौभाग्यको कुरा हो'' भन्ने थियो । यस्तै नारायणदत्त श्रीमाली-ज्यूको म प्रतिको वाणी थियो:– ''तपाईंलाई मेरो आशीर्वाद छ । तपाईंले आध्यात्मिक साधनामा सफलता पाउनु हुन्छ ।'' श्रीमालीज्यूसँग मैले उहाँ २०४७ सालमा काठमाडौं पाल्नु भएको समयमा भेट्ने अवसर पाएको थिएँ । उहाँ त्यस बेला स्वामी निखिलेश्वरानन्दको नाम धारण गरी आफ्ना चेलाहरूको जमात सहित काठमाडौंको चावहिल (सावित्री लामाको घर) मा बस्नु भएको थियो ।

कुनै बखत मैले लामा स्यामापाज्यूलाई उहाँ स्वयम्भूको कर्मराज विहारमा बसिरहनु भएको समयमा भेट्ने अवसर पाएको थिएँ । हाल काठमाडौंको चोभारमा गुम्बा बनाएर बस्नु भएका द्वारिका (धार्के) भन्ते-ज्यूले मलाई उहाँ जस्तो विश्वभर नाम चलेको लामाज्यूसँग भेटाउनु भएको थियो । भेटको अवसरमा उहाँले आफ्नो दैवी दृष्टिको आधारमा ''यस्ता अनुभव तपाईं जस्तो सच्चा आध्यात्मिक साधकले मात्र पाउन सक्ने कुरा हो । यसलाई विपश्यना ध्यानको माध्यमबाट अनुभव गर्दै जानु पर्दछ'' भन्नु भयो । त्यस बेला उहाँले मलाई **प्रज्ञाको वर्षा (The Rain of Wisdom)** भन्ने पुस्तक एक पनि दिनु भएको थियो । स्वर्गीय चित्रमान सिंह बस्नेतज्यू र म दुबैको नोकरी नेपालको राजदरबारमा भएको कारण मेरो उहाँसँग मित्रको रूपमा सम्बन्ध भएको हो । एक पटक उहाँलाई पचली भैरव चढिरहेको बेला मैले (उहाँलाई) अवरोध खडा गरेको थिएँ । त्यस बेला उहाँले मलाई अवरोध खडा नगर्न संकेत गर्नु भयो । उहाँको भनाई अनुसार हामी दुवै जना आ– आफ्नै परम्परा अनुसार चलेको हुँदा एकले अर्कालाई बाधा गर्नु (अवरोध खडा गर्नु) हुँदैन, यस प्रकार बाधा गरेमा बाधा गर्नेलाई नै आपत्ति आइपर्दछ । कुनै बखत ध्यानमा बसेको बखत उहाँले मैले पछचाएको मार्गबारे जानकारी लिन प्रयास गर्नु भएको थियो । त्यस बेला उहाँले मलाई अस्ताउन लागेको रातो सूर्य नारायणको प्रकाशबीच शान्तसँग लेटिरहेको पाउनु भयो । उहाँको भनाई अनुसार त्यस बेला मैले पहेंलो वस्त्र धारण गरिरहेको थिएँ । यस्तै मेरो सन्दर्भमा पुष्प-राज अधिकारीज्यूको वाणी ''तपाईं यो धर्तीमा स्वर्गबाट अवतरण गर्नु

भएको हो । अहिले तपाईं अचम्मसँग बुद्धको मार्ग अनुसरण गर्दै हुनु हुन्छ''
भन्ने थियो ।

केही कल्पनाहरू

यी रहस्यदर्शी र महात्माहरूको वचन सुन्दा मलाई लाग्यो के ती देवी देवताहरूले, जसलाई हामीले धेरै आदरपूर्वक मान्यता दिई पूजा गर्दछौं, अझै निर्वाण पथमा टेक्न सकेका छैनन् ? के ती देवी देवताहरू पनि शैतानी शक्तिहरू जस्तै मोहको वशमा अलमलिई पृथ्वीमै चाहारिरहेका छन् ? यदि यसो होइन भने तान्त्रिक र झाँक्रीहरूले उहाँहरूले वशमा लिई आफ्नो स्वार्थ सिद्धिको लागि प्रयोग गर्न सक्तैनथे होला । यस्ता कल्पनाहरू मनमा उब्जेपछि मलाई आफूले धेरै समय अगाडि पढेका केही कथाहरू पुनर्स्मरण गर्न बाध्य हुनु पर्‍यो । यसरी पुनर्स्मरण गर्न बाध्य भएका केही कथा र शब्दहरू यस प्रकार छन्ः–

१) आधुनिक भारतमा ज्यादै नाम चलेका महात्मा रामकृष्ण परमहंसज्यू कहाँ एक पटक तोतापुरीज्यू (महात्मा) पुग्नु भयो । उहाँले परमहंसज्यूलाई आफ्नो इष्टदेवी कालीको भक्तिभावमा नअलमलिई परम तत्व या भनौं परमार्थ तत्व तर्फ लाग्न संकेत गर्नु भयो । पछि उहाँले परमहंसज्यूलाई परमार्थ तत्वमा दीक्षित पनि गर्नु भयो ।[४]

२) भगवान् बुद्धका एउटा चेला भिक्षु गोधिक इसिगिली (राजगृह) स्थित कालो पत्थरमा बसी आफैंलाई छुरा घोपेर बित्नु भयो । उहाँ यसरी बित्नु भएपछि भगवान् बुद्ध केही चेलाहरू लिएर गोधिकले आत्महत्या गर्नु भएको स्थान (कालो पत्थर भएको ठाउँ) मा पुग्नु भयो । त्यस बेला चारैतिर धुवाँलो वा धुन्धुलापन फैलिरहेको थियो । यसरी फैलिएको धुन्धुलापनलाई संकेत गर्दै भगवान् बुद्धले आफ्ना चेलाहरूलाई मारले गोधिकको चित्त–भूमिलाई खोजिरहने कारण यसरी धुन्धुलापन फैलिरहेको हो भनी जानकारी दिनु भयो । बुद्धको भनाई अनुसार गोधिकले पूर्ण निर्वाण हासिल गरेको कारण मारले उहाँको चित्त–भूमिलाई पहिल्याउन सकेको थिएन पनि ।[५] बुद्धले यस प्रकारका शब्दहरू अरू समयमा पनि प्रकट गर्नु भएको थियो । यस सन्दर्भमा केही शब्दहरू यस प्रकार छन्ः–

"आत्मा (आफू) भन्ने धारणा त्याग गरिसकेको, यसलाई जरैदेखि उखेलिसकेको आर्यजनले, जमीनबाट उखेलिएको ताडको रूख जस्तै, फेरि कहिलै उठ्न नसक्ने गरी आत्मतत्वलाई विसर्जन गरेको हुन्छ। झण्डा ओराली सकेको वा झारी बिसाइसकेको यस्तो भिक्षु बन्धन–मुक्त आर्य हो। भिक्षुहरू हो, यसरी मुक्त भएको भिक्षुको चित्तलाई याने तथागत भइसकेको चित्तभूमिलाई न इन्द्र, न ब्रह्मा, न प्रजापति सहितका देवताहरूले खोजेर पत्ता लगाउन सक्तछ। यसको कारण के हो भने तथागत भइसकेको यस्तालाई यहाँ कहिल्यै पत्ता लगाउन सकिदैन। मेरो भनाई यस्तो छ।"[६]

३) विश्व प्रसिद्ध नालन्दा विश्वविद्यालयका महान् कुलपति शान्तरक्षितज्यू कुनै वेला हिमालय पारीको देशमा बुद्ध धर्म प्रचार गर्ने सिलसिलामा तिब्वत पुग्नु भयो। भनिन्छ कि उहाँ शुरुमा आफ्नो उद्देश्य पूर्ति (**mission**) मा सफल हुनु भएन। यस वेला बौद्ध धर्म विरोधी स्थानीय देवी देवताहरूले उहाँको उद्देश्य पूर्तिमा विभिन्न प्रकारका अवरोधहरू तेर्स्याउने काम गरेका थिए। यी स्थानीय देवी देवताका शक्तिहरूलाई नियन्त्रण गर्न उहाँले ओडियानका महान् गुरु पद्म-सम्भवलाई तिब्वतमा आमन्त्रण गर्नु भयो। यसरी पद्मसम्भवको सहयोगले स्थानीय देवी देवताहरूलाई नियन्त्रण गरी उनिहरूलाई समेत बुद्ध धर्म पालन गर्न लगाइयो। तिब्वतमा यस प्रकार बौद्ध धर्मको **लामावाद (Lamaism)** वा वज्रयान सम्प्रदाय प्रतिष्ठापन गरियो।

यी कल्पना र कथाहरूलाई दृष्टिगत गर्दा निर्वाण भन्ने गन्तव्य स्थल पुग्नको लागि देवी देवताहरूको मार्ग छोडी भिन्नै मार्ग अवलम्वन गर्नु पर्दछ भन्ने कुरा मलाई महशूस भयो। कहिले काहीँ मार्ग पहिल्याउने सिलसिलामा उहाँहरूको सहयोग लिए तापनि यात्रुले नदी तरेपछि डुंगालाई छोडे जस्तै हामीले पनि उहाँहरूलाई छोडेर नै जानु पर्ने रहेछ। मुख्य विचार पुऱ्याउनु पर्ने कुरा के रहेछ भने हामीले आफ्ना मनलाई असल–खराव, ठीक–बेठीक, भगवान्–शैतानी, पाप–पुण्य आदि जस्ता अवधारणा-हरूबाट ढाक्न लगाउनु हुँदैन। हामीले दृश्य भन्दा माथि उठेर हेर्ने वा शब्द भन्दा माथि उठेर सुन्ने कुरामा विशेष जोड दिई आफैलाई यी अवधारणाहरू

भन्दा माथि उकाल्नु पर्ने रहेछ । यस्तो अवस्थामा मात्र हामी अध्यात्मको शिखरमा पुग्न सक्षम हुन्छौं पनि । यस प्रकारका कठिनाईहरू वाद पनि अध्यात्मको शिखरमा सजिलैसँग पुग्न हामी सक्षम हुन्छौं यदि हामीले यसको लागि सच्चा प्रक्रिया अपनाउन जान्यौं भने । साथै हामी अहिले उभिरहेकै स्थानबाट यसको शिखरमा पुग्न सक्दछौं पनि यदि हामीले सच्चा प्रक्रिया बुझ्यौं भने ।

मार्गविहीन मार्ग

अध्यात्मको शिखरमा पुऱ्याउने यो मार्ग मार्गविहीन मार्ग हो । शब्दावलीको अभावमा हामीले यसलाई रहस्यमय मार्ग पनि भन्न सक्छौं । वहुसंख्यक देवी देवताहरूले भरिएको यस धर्तीमा हामी एक वा अर्को देवता-प्रति विश्वस्त हुन सक्छौं अथवा नहुन पनि सक्छौं । यस प्रकारको विश्वास वावजूद पनि कुनै समय हामीमा एक यस्तो स्थितिको विकास हुन्छ जब हामी सबै सम्प्रदाय, वाद वा धर्मभन्दा माथि उक्लिरहेका वा पार गरि-रहेका हुन्छौं । त्यस बेला केवल **परमार्थ (absolute)** सत्यलाई अँगालि-एको हुन्छ । मन शान्त भएर विचार जगत्‌भन्दा माथि उठिरहेको हुन्छ । त्यस वेला वाह्य ज्ञान (knowledge) लाई त्यागेर प्रज्ञा (wisdom) फैलन थालेको हुन्छ । परमातमा (God) र अन्य वस्तु (No God) समान देखा पर्न थाल्दछ । मानसिक अवधारणाहरू बिलाएर अनुभूति मात्र बाँकी रहन थाल्दछ । यो यस्तो अवस्था हो जब हामी मानवीय स्तर भन्दा माथि उक्लेर अविचलित शान्ति वा अविज्ञेय (unqualified) विमुक्ति नामको अद्वितीय अनुभूति (perception) लाई हासिल गर्दछौं । यस अनुभूतिको लागि ताओको प्राप्ति (**attainment of Tao**), परमेश्वर (Godhead) तत्व सँगको मिलन, निर्वाण आदि जस्ता उच्च प्रकारका शब्दालंकारहरू प्रयोग गरिए तापनि यो अनुभूति **संज्ञाविहीन** (Nameless) अनुभूति हो जाज्वल्यमान भएर देखिने भए तापनि यो अनुभूति वर्णनातीत छ ।

यो अवस्थालाई पत्ता लगाउन कहीँ जान जरूरी पनि छैन । यदि हामी आफैं प्रति सच्चा छौं अथवा यदि हामी तयारी हालतमा छौं भने तोतापुरीज्यू वा भुवनप्रसाद श्रेष्ठ जस्ता सम्पूर्ण (accomplished) मार्गदर्शक आफसे आफ हाम्रा सामु पाल्नु भई हामीलाई यो शिखरमा पुग्न

१८१.४५२
ट २१८ खो · 3466

सहयोग पुऱ्याउन सक्तछन् । कहिलेकाहीँ कुनै देदीप्यमान विचार मनमा उठेर पनि हामीलाई मार्ग दर्शन दिन सक्तछ । यस प्रकारको मार्ग–दर्शक कुनै व्यक्ति, देवता वा विचारको रूप लिएर हामीलाई प्रत्यक्ष अन्तःचक्षु (intuition) द्वारा मात्र प्राप्त हुने यो स्तरमा उक्लन सहयोग पुऱ्याउन सक्तछ । यस प्रकार मार्गदर्शकको मद्दतले हामी आफैंभित्र रहेको सुखद जागरण (joyful awareness) वा अतुलनीय आनन्दमा उन्नन सक्दछौं । यदि हामी खि्रष्टान धर्मावलम्वी भयौं भने हामी यसलाई ईश्वरको सगुणावतार (immanance of God) मान्दछौं । यस्तै हामी हिन्दू, बौद्ध वा अरू कुनै सम्प्रदायको भयौं भने हामी परमात्मा, तथागत, यथार्थको दर्शन (vision of reality) आदि जस्ता आफ्नै शव्दहरू प्रयोग गर्दछौं । तर जब हामी यसलाई हासिल गर्न सक्षम हुन्छौं त्यस वेला हामी यसको स्वरूपलाई शव्दमा भने अभिव्यक्ति दिन सक्तैनौं ।

★

सन्दर्भ सूची

१) यसबारे थप जानकारीको लागि Stray Sentiments नामको लेखकको पुस्तकबाट My Impression of Shri Bhakta Sthaneshwar भन्ने लेख पढ्नु हुन अनुरोध छ ।

2) Sanu Bhai Dangol, **Stray Sentiments**, (Kathmandu: Gautam Bajracharya and Laxman Dangol, 1991), p. 89

3) Nataraja Guru and Nitya Chaitanya Yati. **The Bhagvad Gita**, (New Delhi: Vikas Publishing House Pvt. Ltd. 1981), p. 19

४) थप जानकारीको लागि परमहंसज्यूको जीवनी पढ्नु हुन पाठकहरूलाई अनुरोध छ ।

५) विस्तृत जानकारीको लागि **संयुक्त निकायको** अध्याय १, श्लोक १२२ र १२३ हेर्नु हुन अनुरोध छ ।

6) Dougalas M. Burns, "Nirvana, Nihilism and Satori" **Pathways of Buddhist Thought**, (London: George Allen and Unwin Ltd., 1971), p. 185

★

अध्याय ४

भुवनप्रसाद श्रेष्ठज्यूका साथ बिताएका दिनहरू

विभिन्न पदाधिकारीसँगको सम्पर्क

गहन दीक्षाक्रम **(mystic initation)** पछि, विशेष गरेर सोतापन्न प्राप्त गरिसकेपछि, भुवनप्रसाद श्रेष्ठ र म कहिल्यै नछुट्टिने मित्र बन्यौं । बाह्य जगत्मा हामी मित्रको रूपमा रहेको भए तापनि मैंले भने उहाँलाई भित्री हृदयदेखि नै आध्यात्मिक मार्गदर्शक अथवा गुरुको रूपमा अपनाएको थिएँ । हामी बराबर त्यौड स्थित उहाँको आफ्नै घरमा वा कमलादी स्थित श्रीचक्र औषधालयको ठूलो बैठकमा भेट्दथ्यौं । कहिले काहीँ हामी काठमाडौंमा रहेका विभिन्न मन्दिर वा धार्मिक स्थलहरूमा पूजाको लागि पनि जान्थ्यौं । यस प्रकार पूजाको लागि गएको वखत उहाँले मलाई कुनै प्रकारको पशुबलि नचढाउन वा प्रसादको रूपमा मासु नखान आज्ञा दिनु हुन्थ्यो । उहाँको विचारमा देवी देवताहरूको मार्गभन्दा भिन्नै आफ्नै प्रकारको मार्ग विकास गरिसकेको हुँदा मैंले यस प्रकारको परम्परालाई अंगाल्न पुगेमा मबाट मार्ग विचलन हुने डर थियो । धार्मिक यात्राको घतलाग्दो पक्ष के थियो भने यस प्रकारको यात्रामा श्रेष्ठज्यूले मन्दिरका देवताहरूसँग सम्पर्क राखी हामीहरूको जीवनका विभिन्न पक्षहरूबारे भविष्यवाणी गर्नु हुन्थ्यो । यसरी हामीले यात्रा गर्ने मन्दिर वा धार्मिक स्थलहरूमा दक्षिणकालीको मन्दिर प्रमुख रहेको थियो । हामीहरू त्यहाँ गएर कहिले काहीँ रात पनि बिताउँदथ्यौं । यस्तै हामी कहिले काहीँ अरू नाम चलेका रहस्यदर्शी र महात्माहरू कहाँ पनि भेट्न पुग्दथ्यौं तर मैंले उहाँहरूमा भुवनप्रसाद श्रेष्ठज्यूमा जस्तो रहस्यमय दृष्टि भने पाउन सकिनँ ।

हाम्रो बीच विकास भएको सम्बन्धले गर्दा श्रेष्ठज्यूको रहस्यमय गुणहरू दरबारका कर्मचारीहरू बीच पनि फैलियो। यसले गर्दा दरवारका केही प्रमुख पदाधिकारीहरू पनि आफ्ना व्यक्तिगत कुराहरूबारे सल्लाह लिन श्रेष्ठज्यूको घर पुगे। यस्तै सल्लाह लिने क्रममा एक पटक आफू कहाँ पाल्नु भएका समारोह प्रवन्धक मधुसूदन राज भण्डारीज्यू र उप प्रमुख समारोह प्रवन्धक रेणुलाल सिंहज्यूलाई श्रेष्ठज्यूले उहाँहरू दुवै जना निकट भविष्यमा पदोन्नति हुने कुरा बताउनु भएको थियो। यो भविष्यवाणी भएको केही दिनपछि उहाँहरू दुवै जनालाई साविककै पदमा थामिएको पाइयो जबकी उहाँहरू दुवै जनाको पद भने एक एक तह माथि उठाइएको थियो। सह सचिव शारदा प्रसाद प्रधानज्यू (वर्तमान उप प्रमुख राजदरवार पदाधिकारी) लाई भने उहाँले लगातार पदोन्नति पाउँदै जानको लागि दक्षिणकालीमा पशुबलि सहित पूजा चढाउन संकेत गर्नु भयो। प्रधानज्यूले श्रेष्ठज्यूको आज्ञा पालन गर्नु भएको कारण पदोन्नति भयो पनि। यस्तै प्रमुख सचिव रंजनराज खनालज्यू, सहायक रथी सुशील शंशेर राणाज्यू र अरू व्यक्तिहरू पनि श्रेष्टज्यूको गुणबाट एक वा अर्को प्रकारले प्रभावित हुनु भएको थियो।

चमत्कारी कार्यहरू

एक पटक श्रेष्ठज्यू र म नेपालका ख्यातिप्राप्त तान्त्रिक धन शम्शेरज्यू कहाँ पुगेका थियौं। त्यस बेला हामीले श्रेष्ठज्यूमा रहेका गुणहरूबारे सल्लाह लियौं। शुरुमा राणाज्यूले श्रेष्ठज्यूलाई बेकामको मानिस भनी उहाँको गुणलाई कम आँक्ने प्रयास गर्नु भयो। जसै श्रेष्ठज्यूले समाधिस्थ भएर दक्षिणकालीका मुद्राहरू प्रदर्शन गर्नु भयो त्यसबेला उहाँले श्रेष्ठज्यूलाई उच्चकोटीका रहस्यदर्शीको रूपमा वाध्य भई स्वीकार गर्न पुग्नु भयो। त्यसपछिका दिनहरूमा राणाज्यू आफ्ना श्रीमती तर्फका भदै लाजिम्पाट निवासी श्रीमती माया राणा मार्फत श्रेष्ठज्यूको सम्पर्कमा आउनु भयो र उहाँ मार्फत आफ्ना कमजोर आँखाको लागि औषधि पनि मागेर पठाउनु भयो। श्रेष्ठज्यूले पठाउनु भएको औषधीले राणाज्यूको आध्यात्मिक दृष्टि धेरै मात्रामा स्पष्ट भयो पनि। यो औषधीले गर्दा उहाँले पहिले भन्दा स्पष्ट रुपले देवी देवताहरू देख्न सक्ने र उहाँहरूसँग राम्ररी कुरा गर्न सक्ने हुनु भयो। पछि राणाज्यू आफैंले श्रेष्ठज्यूसँग भेट्नु भएको वेला उहाँले

राणाज्यूका चर्मचक्षुको लागि पनि केही मलम दिनु भएको थियो । सह रथी राणा मार्फत श्रेष्ठज्यूको चिनजान त्यस बेलाको संचार सचिव शार्दूल शम्शेर राणासँग पनि हुन पुग्यो । सचिव राणाले पनि श्रेष्ठज्यूसँग केही केही व्यक्तिगत कुराहरू बारे सल्लाह लिनु भएको थियो । उहाँकै घरमा एक पटक श्रेष्ठज्यूले सचिव राणाज्यूका भान्जीको उन्माद रोग (hysterical disease) को उपचार गर्नु भएको थियो ।

कुनै बेला म भुवनप्रसाद श्रेष्ठज्यूका साथ सिक्किमको राजमाता कहाँ पनि पुगेको थिएँ । सिक्किम राजमाताले त्यस बेला पक्षघातको रोगले पीडित भएको कारण गोकर्ण बनको राज निकुन्ज[३] मा राज गर्दै हुनुहुन्थ्यो । यहाँ श्रेष्ठज्यूले राजमाताको रोग रहस्यय ढंगले परीक्षण र उपचार गर्न केही घण्टा बिताउनु भयो । अरु दिनहरूमा म श्रेष्ठज्यूको साथ यस स्थानमा गइनँ पनि ।

श्रेष्ठज्यूले बिभिन्न व्यक्तिहरूलाई एक वा अन्य प्रकारको चमत्कार धेरै पटक देखाउनु भएको छ । चाहे रोगको उपचार गर्नमा होस् वा दैवी शक्ति शक्तिपात गर्नमा। यस्तै चाहे भविष्यबाणी गर्नमा होस् वा अन्य कुनै काममा, श्रेष्ठज्यू अरुभन्दा माथि नै पर्नु हुन्थ्यो । एक पटक काठमाडौंको ठमेल बस्ने उप सचिव प्रमुख सेनानी हरिहर जंग शाह आफ्ना पागल छोरा कमलजंग शाहको रोगको उपचारको सिलसिलामा श्रेष्ठज्यूको घर पुग्नु भयो । त्यस बेला कमलजंग शाह अति उत्पात मच्चाउने व्यक्तिको रुपमा हुनु हुन्थ्यो । श्रेष्ठज्यूले हरिहरजंग शाहज्यूलाई उहाँको छोराको रोगको उपचारको लागि माता दक्षिणकालीको नाममा एक कोसा केरा दिनु भयो । यो केरा खाएपछि कमलजंग शाहले तीन दिनसम्म आँखा नखोलिकन सुतेको सुत्यै गर्‍यो । निद्रा खुलेपछि स्वस्थ्य देखिनु भएको कमलजंग शाहज्यू श्रेष्ठज्यूको स्वर्गारोहण नहुन्जेलसम्म पनि स्वस्थै रहनु भयो ।

कुनै बखत केदारप्रसाद सिंहज्यू[२] र उहाँकी श्रीमती सुमित्रा श्रेष्ठज्यूको घर पुग्नु भएको थियो । उहाँहरू घरायसी कामबारे केही कुरा सोध्ने विचारमा हुनु हुन्थ्यो । त्यस बेला श्रेष्ठज्यूले घरायसी समस्याबारे केही उपचार विधि बताउनु भयो र साथै सुमित्राज्यूलाई समाधिस्थ पनि बनाउनु भयो । समाधिस्थ रहेको बखत सुमित्राज्यूले आफ्नो इष्टदेवी भगवती जगदम्बा वा दुर्गाको दर्शन गरेर उहाँसँग कुराकानी पनि गर्नु भयो ।

काठमाडौंको त्यौडमा वस्नु हुने पूर्णकुमार श्रेष्ठज्यू अर्को व्यक्ति हुनु हुन्छ जसलाई उहाँले दैवी शक्तिको शक्तिपात गर्नु भएको थियो । यो शक्ति-पातपछि पूर्णकुमार श्रेष्ठज्यूले आपना इष्टदेवता नाटेश्वरसँग कुराकानी गर्ने शक्ति पाउनु भएको थियो । उहाँमा रहेको शक्ति भुवनप्रसाद श्रेष्ठज्यू निधन नहुन्जेलसम्म कायमै रह्यो पनि ।

एक पटक श्रेष्ठज्यू र म पुरुषोत्तम राज मास्केज्यूको ताहाचल स्थित घरमा पुगेका थियौं । त्यस बेला वटुकभैरवका ज्यादै सवल साधक वलराम थपलिया पनि पाल्नु भएको रहेछ । त्यस बेला मलाई प्राप्त भएको दैवी शक्ति सम्बन्धमा थपलियाज्यूसँग सल्लाह लिने काम भयो । यस बेला थपलिया-ज्यूलाई उहाँको आफ्नै इष्टदेवता बटुकभैरवले छोप्नु भयो जसको कारण उहाँको शरीर केही क्षण हल्लियो । त्यसपछि उहाँले आफूमा रहेको दैवी शक्तिको आधारमा झारफूक गरी ममा रहेको दैवी शक्ति नियन्त्रणमा लिन खोज्नु भयो ।

उहाँले गर्नु भएको झारफूकको काम ममा देखा परेको आभा मण्डल भित्र छिर्न नसकेको कारण केही काम हुन सकेन । भुवनप्रसाद श्रेष्ठज्यू थपलियाज्यूले झारफूक गरिरहनु भएको वखत ममा देखा परेको यस गुणलाई हेरेर छक्क पर्नु भयो । थपलियाज्यू फर्केपछि श्रेष्ठज्यूले मास्केज्यूको घरमा एउटा सानो चमत्कारी कार्य गर्नु भयो । यो समयदेखि उहाँको घरमा वरावर तर्साउन आउने प्रेतात्मा शान्त भयो र पछि परिवारका सदस्य-हरूलाई दुःख दिने काम पनि गरेन ।

एक पटक मैंले काठमाडौं नगर पंचायतको पूर्व सदस्य लीला कृष्ण श्रेष्ठज्यूलाई भुवनप्रसाद श्रेष्ठज्यूको घरमा लगेको थिएँ । लीला कृष्ण श्रेष्ठ-ज्यू नन्द बाजेको नामवाट चिनिने वटु टोल निवासी तान्त्रिक गुरु ब्रह्मेन्द्र-राज राजोपाध्यायज्यूका चेला हुनु हुन्थ्यो र साथै उहाँ देवी देवताहरू आह्वान गर्ने अचम्मको विद्या जान्नु हुन्थ्यो । उहाँमा रहेको अचम्मको शक्ति के हो भने उहाँले कुनै पनि देवता वा बोक्सी चढ्ने व्यक्तिको सामु आह्वान गर्ना साथ देवी वा बोक्सी चढ्ने व्यक्तिलाई उहाँमा रहेको देवता वा बोक्सीले छोपेर बेहोस पार्दथ्यो । त्यसपछि सम्मोहित मुद्रामा उ (देवता वा बोक्सी चढ्ने व्यक्ति) आफैं देवता वा बोक्सीको नाममा बोल्ने गर्दथ्यो । लीला कृष्ण श्रेष्ठज्यूले यो कुरा पटक पटक सफलता पूर्वक प्रयोग गरेको म आहैले

देखेको थिएँ । भुवनप्रसाद श्रेष्ठज्यूको घरमा पुगेपछि लीला कृष्ण श्रेष्ठज्यूले भुवनप्रसाद श्रेष्ठज्यूको शरीरमा चढ्ने देवतालाई नजानिँदो तरिकाले आह्वान गर्नु भयो । यस बेला उहाँले आफैंमा भुवन प्रसाद श्रेष्ठको देवताले छोपेको अनुभव गर्नु भयो । यस वेलादेखि उहाँ पनि भुवनप्रसाद श्रेष्ठज्यूको उपासक बन्नु भयो ।

रहस्यमय शब्दहरू

आध्यात्मिक क्षेत्रमा यतिका कुराहरू अनुभव गरे तापनि मेरा शरीरमा देखा परेको प्रकम्पन रोक्ने काम अझै हुन सकेको छैन । शरीरका सम्पूर्ण रेसाहरू एक प्रकारको विद्युत् वा प्रवाहको जोडले धड्केका थिए । विद्युतीकरणको प्रक्रिया यति भारी थियो कि मैले आफ्नो अधिक समय रेसाहरूमा देखा परेका धड्कनहरूको ध्यानमैं केन्द्रित राख्नु पर्दथ्यो । यो प्रक्रियाले गर्दा ममा रहेका अन्य विचारहरू क्रमशः बिलाउँदै गए र ममा केही हदमा लोसेपन पनि देखा पऱ्यो । यस लोसेपनमा राग र द्वेष पनि क्रमशः घट्दै गइरहेको थियो । ममा यस किसिमको प्रक्रिया देखा पर्न थालेपछि म मेरो आध्यात्मिक मार्गदर्शक भुवनप्रसाद श्रेष्ठज्यूकहाँ बराबर पुगें र यसबारे सल्लाह लिने काम गरें । सल्लाह लिने कामको सिलसिलामा हाम्रो भेट उहाँको आफ्नै निवास स्थान वा कमलाक्षी स्थित श्रीचक्र औषधालयको ठूलो बैठकमा हुन्थ्यो । यसरी भेट गर्ने र सल्लाह लिने क्रममा हामी केही कप चिया पनि पिउने गर्दथ्यौं । कहिले काहीं औषधालयका घरपट्टि सच्चिदानन्द बैद्यज्यूले पनि आध्यात्मिक मार्ग सम्बन्धी आफ्नो उत्सुकता शान्त पार्न भाग लिनु हुन्थ्यो । श्रेष्ठज्यूसँगको संसर्गमा रहनु भएको कारण बैद्यज्यूले पनि स्थानीय देवी देवताहरू देख्ने र उहाँहरूसँग कुराकानी गर्ने क्षमता विकास गर्नु भएको थियो । यही कारणले गर्दा उहाँ ममा भएको आध्यात्मिक विकासबारे बढ्ता चासो राखेर हेर्नु हुन्थ्यो । यसले गर्दा उहाँहरू दुवै जनाले म प्रति स्नेह र उत्सुकता पूर्वक विशेष ध्यान दिनु भएको थियो ।

दीक्षाक्रमपछिको हाम्रो कुराकानीमा भुवनप्रसाद श्रेष्ठज्यूले मलाई आफ्नो शरीरभित्र एक ज्यादै शक्तिशाली दैवी शक्ति अवतरण भइसकेको कुरा अनुभव गर्न संकेत गर्नु भयो । उहाँको विचारमा यो शक्तिले कुनै पनि प्रकारको रूप वा आकार लिन सक्तथ्यो । यदि मैले तत्कालै यसमा ध्यान गरें भने मैले सायद सेतो नारायणको रूपमा दर्शन पाउन सक्दथें । त्यस बेला

मेरो शरीर आफूभित्र ज्यादै शक्तिशाली दैवी शक्ति बिस्फोट भएको कारण प्रकम्पित भइरहेको थियो । मैंले श्रेष्ठज्यूको संकेत अनुसार तत्कालै दैवी शक्तिमा ध्यान गरें तर उहाँले भने जस्तो दृश्य भने अनुभव गर्न सकिनँ । मैंले यसबारे जानकारी दिंदा श्रेष्ठज्यूले मैंले धेरै समय अघिदेखि अपनाई आएको नास्तिकवादी धारणा त्याग्न संकेत गर्नु भयो । यी कुराहरूका बाव-जूद पनि मैंले त्यस रातको सपनामा भने सेतो नारायणको दर्शन पाएको थिएँ ।

अर्को दिन म श्रेष्ठज्यूकहाँ गएँ र सपनामा देखेको कुरा बारे बताएँ । साथै मलाई पनि अरूलाई जस्तै सेतो नारायण वा अन्य कुनै देवी देवतासँग कुरा गर्ने शक्ति प्रदान गरिदिनु हुन अनुरोध गरें । यस सम्बन्धमा उहाँको वाणी म भक्तिभावमा जोड दिने प्रकारको मानिस नभएको कारण देव-देवता-सँग कुरा गर्न नसकेको भन्ने थियो । साथै उहाँले मेरो शरीरमा प्रवेश गरेको शक्ति अन्य सामान्य देवी देवताहरूको समझ वा शक्तिभन्दा बाहिरको तत्व हो भनी बताउनु भयो । उहाँको भनाई अनुसार यो यस्तो शक्ति थियो जसलाई स्वर्गका राजा इन्द्रको वज्रले पनि केही गर्न सक्दैनथे । साथै भुवनप्रसाद श्रेष्ठज्यूले ममा प्रवेश गरेको माथिल्लो शक्तिले देवी देवतासँग कुराकानी गर्ने शक्ति प्रदान नगर्नको लागि रोकेको कुरा पनि बताउनु भयो । उहाँको भनाईमा मलाई यसरी रोक्नुको कारण म आफ्नो सच्चा मार्गबाट विचलित हुन नपरोस् भन्ने थियो ।

केही अन्य भेटहरूमा उहाँले मलाई म कसरी विचारहरू शून्य रहेको मनलाई लिएर अगाडि बढ्दै छौ भन्ने कुरा बताउनु भयो । उहाँले मेरो विचार शून्य मन निर्मल अथवा पारदर्शी आकाशसँग तुलना गर्दै मेरो मनमा **परमार्थ वा परम तत्व (absolute or ultimate)** को ज्योति झुल्कन सक्नुको कारण पनि यही पारदर्शिता हो भन्ने कुरा बताउनु भयो । परमार्थ-को झलकलाई स्थायी रूप दिने सिलसिलामा उहाँले मलाई विचारको जगत्मा ध्यान केन्द्रित गर्न पनि अह्राउनु भयो ।

उहाँले म प्रति अन्य अवसरहरूमा पोख्नु भएका केही उद्गारहरू निम्न लेखिए बमोजिम छः–

क) तपाईंसँग भएको शक्ति यति प्रबल छ कि तपाईं आफ्नो स्वार्थ पूर्तिको लागि कसैसँग यानि देवी देवताहरूसँग समेत झुक्नु हुन्न ।

तपाईं बीच बाटोमा सित्तैं प्राप्त हुने फाइदाको पछाडि दौडिनु हुन्न। न त तपाईं आफ्नै प्रयास विना केही कुरा त्यसै उपलब्ध भएको चाहनु हुन्छ। तपाईंबाट सम्पन्न हुने कार्यहरू रोक्न शैतानी शक्तिहरू पनि लाग्ने छन् तर तपाईं यी शक्तिहरूको अगाडि विचलित हुने वा तर्सने व्यक्ति हुनु हुन्न। बरु तपाईं यस्ता कुरालाई अरुद्वारा दिइएको हाँकको रुपमा अपनाउनु हुन्छ।

ख) कहिलेकांही हामीलाई लाग्दछ, तपाईंले कुनै आशा वा आकांक्षाहरूलाई उद्देश्य वा लक्ष्यको रुपमा अपनाउनु भएको छैन। तपाईंको यस धारणालाई लिएर कतै तपाईंले **मृत्युएषणा (thanatos)** याने आत्महत्याको भावनालाई त अपनाउनु भएको छैन भनी तर्सन्छौं पनि। जब यसबारे हामी आमा दक्षिणकालीसँग सोध्छौं त्यस बेला उहाँ खाली हाँसी दिनु हुन्छ। साथै हामीलाई नतर्सिनको लागि संकेत पनि गर्नु हुन्छ।

ग) तपाईंमा अझै पनि पुराना विकृतिहरू बाँकी छन्। यी विकृतिहरू हटाउन तपाईंले केही विशेष ध्यान पद्धतिलाई अपनाउनु पर्ने देखिन्छ। समय पुगेपछि यो ध्यान पद्धतिको ज्ञान तपाईं आफैंमा स्वतः खुल्नेछ।

घ) तपाईं केही हदमा जागृत भएसक्नु भएको छ। यसैले तपाईं अरु महात्माहरू जस्तै शान्त बसिरहनु हुन्न। तपाईंले चाहनु भयो भने धेरै कुराहरू उपलब्ध हुन सक्दछन् चाहे त्यो मृत्युको उपलब्धि नै किन नहोस्। तर तपाईं यस्ता उपलब्धिबाट हट्ने व्यक्ति होइन।

भुवनप्रसाद श्रेष्ठको स्वर्गारोहण

भुवनप्रसाद श्रेष्ठ र मेरो बीच रहेको सम्बन्ध करीब छ वर्ष या भनौं उहाँ २०३७ साल चैत ४ गतेका दिन स्वर्गारोहण नहुन्जेलसम्म कायम रह्यो। यो गजबको कुरा थियो कि उहाँ संयोगवश चैत ४ गते नै स्वर्गारोहण हुनु भयो जुन दिन उहाँले मलाई रहस्यवादको संसारमा दीक्षा दिनु भई **सोतापन्न**को अनुभव गराउनु भएको थियो। मेरो लागि दुःखको कुरा यो थियो कि उहाँको अन्तिम दिनहरूमा या भनौं करीब एक हप्ता जति, म मेरो गुरु काठमाडौं निवासी यस रहस्यवादका अलौकिक प्रतिभाको सामु रहन पाइनँ। उहाँका अन्तिम दिनहरूमा म व्यक्तिगत कामको सिलसिलामा सर्लाही

जिल्लाको मूर्तियामा गएको थिएँ । सर्लाही जिल्लामा प्रस्थान गर्नु अगाडि मैंले उहाँसँग केही दिन छुट्टी पनि लिएको थिएँ । पेट दुख्ने रोगले उहाँ बिरामी भइरहनु भएको हुँदा मैंले आफूभन्दा तलको सहपाठी शाखा अधिकृत सौजन्य कुमार सुल्प्या जोशीलाई (अहिले उहाँ युवराजाधिराज दीपेन्द्रका उप-सचिव हुनुहुन्छ) मेरो अनुपस्थितिमा उहाँको रेखदेख गर्ने कामको जिम्मा दिएको थिएँ । उहाँ यति चाँडै बित्नु होला भन्ने कुरा मलाई त्यस बेला थाहा थिएन पनि । म सर्लाही जिल्लामा रहेको बखत उहाँले मसँग भेट्ने प्रयास नगर्नु भएको पनि होइन । उहाँको मसँग भेट्ने प्रयासले गर्दा नै म मोटर साइकलबाट लोटें र देब्रे हातमा केही सानो चोट लाग्यो पनि । यसले गर्दा आफ्नो काम अरूको जिम्मा लगाई म चाँडो काठमाडौं फर्कन विवश भएँ । काठमाडौं पुगेपछि जसै म उहाँलाई भेट्न वीर अस्पताल पुगें त्यस बेला एउटा रोगीले उहाँले आफू बित्नु अगाडि परिवारका सदस्यहरूलाई दक्षिण-कालीमा पूजा गर्न पठाउनु भएको कुरा बताए । जसै परिवारका सदस्यहरू अस्पताल छोडेर दक्षिणकालीतर्फ लागे त्यस बेला श्रेष्ठज्यूले आफू पनि आमा दक्षिणकालीको मन्दिरमा परिवारका सदस्यहरूसँग पछि लागे जस्तै गरी आफ्नो देहको परित्याग गर्नु भयो ।

सन्दर्भ सूची

१) राज निकुंज नेपालको राज परिवारका नाममा रहेको निजी एकान्तवास गृह (resort) हो । मुमा बडामहारानी रत्नको निजी सचिव मधुसूदन राज राजभण्डारीज्यूले हामीलाई यस स्थानमा लैजानु भएको थियो ।

२) केदार प्रसाद सिंहज्यू ओशो रजनीशका नेपाल निवासी विशिष्ट चेला स्वामी आनन्द अरूणज्यूका पिताजी हुनु हुन्छ । सिंहज्यूले नेपालका पूर्व प्रधान मन्त्रीहरू मातृका प्रसाद कोइराला र टंकप्रसाद आचार्यज्यूका निजी सचिवको रूपमा नेपाल सरकारको सेवा गर्नु भएको थियो । उहाँ कुनै बेला प्रमुख जिल्ला अधिकारीको पदमा पनि बहाल हुनु हुन्थ्यो ।

अध्याय ५

दरवारिया षड्यन्त्र र नोकरीबाट निष्काशन

प्रमुख सम्वाद सचिवालयमा

सह सचिवमा पदोन्नति भएपछि मलाई सरुवा गरिएको पहिलो कार्यालय प्रमुख सम्वाद सचिवालय थियो । श्री ५ को सरकार अन्तर्गत रहेका अर्थ, निर्माण, यातायात, आवास तथा भौतिक परियोजना, उद्योग तथा वाणिज्य, जल-विद्युत्, संचार आदि जस्ता मन्त्रालयहरू हेर्ने यो एक महत्वपूर्ण कार्यालय थियो । यस कार्यालयको हाकिम चिरन शम्शेर थापाज्यू राजदरवार सचिवालयको ज्यादै प्रभावशाली व्यक्ति हुनु हुन्थ्यो । राजा वीरेन्द्रसँग उहाँको सम्बन्ध एक मित्रको रूपमा रहेको थियो भने रानी ऐश्वर्य सित पनि उहाँको श्रीमतीको तर्फबाट नाता पर्दथ्यो । साथै उहाँ दरवारका सबै सचिवहरूमध्ये कान्छो र फूर्तिलो व्यक्ति हुनु हुन्थ्यो । राजदरवारका कर्मचारीहरूले उहाँमा पाएको एउटै अवगुण के थियो भने उहाँको बोलीमा कहिल्यै भर पर्न सकिँदैनथ्यो । यस बेला पहिले ज्यादै प्रभावशाली सचिव मानिएका नारायण-प्रसाद श्रेष्ठलाई उहाँका आफ्नै सहपाठीहरूले छायाँमा पारिसकेका थिए । यसरी पछाडि पार्ने सिलसिलामा उहाँमाथि अप्रत्यक्ष तरिकाले राजतन्त्रलाई विवादमा होमेको आरोप लगाइएको थियो । विपक्ष गुटको धारणा के थियो भने उहाँले २०३६ सालमा राजा वीरेन्द्रलाई पंचायत व्यवस्थाको आधि-कारिकता सम्बन्धमा जनमत संग्रहको घोषणा गर्न लगाई राजतन्त्रलाई विवादमा होम्ने काम गर्नु भएको थियो । तर उहाँहरूले बुझ्न नसकेको कुरा के थियो भने श्रेष्ठज्यूले यसरी जनमत-संग्रह गराउनु भएको कारण नै कमसेकम दश वर्षको लागि भए पनि राजाको स्थान पूर्ववत् कायम रहन सकेको हो ।

यस कार्यालयमा प्रवेश गर्दा मलाई आफ्नो हाकिम चिरन सम्शेर थापाज्यू र आफूभन्दा तलका सहपाठीहरू उप-सचिव सूदनप्रसाद पोखरेल तथा सहायक सचिव मोहन बहादुर पाँडेले मउपर केही कपटपूर्ण चाल चल्लान् कि भन्ने कुरामा डर लागेको थियो । मलाई यस्तो लाग्नु स्वाभाविकै थियो किनकि उहाँहरूलाई दरबारभर कपटपूर्ण विद्यामा माहिर मानिन्थ्यो । तर खुशीको कुरा यो थियो कि उहाँहरूले मप्रति नकारात्मक धारणा अपनाए-को मैंले पाइनँ । यसै बेला मैंले आफ्नो घरमा निजी टेलिफोन जडान गरेको कुरा थाहा पाएर दरबारका कर्मचारीहरू भने मप्रति ताज्जुब रहेका थिए । मेरा हाकिम श्री ५ महाराजाधिराजका साथ जन गणतन्त्र चीनमा भ्रमण टोलीका यात्रामा रहनु भएको बखत मैंले त्यस बेलाको प्रधानमन्त्री सूर्य बहादुर थापज्यूसित एक टेलिफोन पाउनको लागि अनुरोध गरेको थिएँ ।

घरमा टेलिफोन जडान भएको केही दिनपछि निजी सचिव मोहन विक्रम शाहज्यू मकहाँ पाल्नु भई उहाँको नाममा पनि टेलिफोन जडान गर्ने व्यवस्था होस् भनी भन्नु भयो । उहाँको भनाई अनुसार उहाँलाई श्री ५ बाटै टेलिफोन दिनु भनी हुकूम बक्सी सकेको थियो । यो कुरा वर्ष दिन अगावै प्रमुख निजी सचिव नारायणप्रसाद श्रेष्ठज्यूले जानकारी पनि दिई सक्नु भएको भन्ने उहाँको भनाई थियो । यो कुरा सुन्दा म छक्क परें । उहाँ एक विशिष्ट श्रेणीको पदाधिकारी मात्र नरही मुमा बडामहारानी रत्नको पनि नातेदार हुनु हुन्थ्यो । उहाँ वास्तवमा मुमा बडामहारानी रत्नको मामाका छोरा हुनु हुन्थ्यो । उहाँको भनाईलाई मानेर मैंले संचार सचिव शार्दूल शम्शेर राणाज्यूलाई उहाँको नाममा पनि एक निजी टेलिफोन उपलब्ध गराई दिनु होला भनी अनुरोध गरें । केही दिनभित्रै यो काम पूरा भयो पनि ।

यो कार्यालयमा काम गरेको केही समयभित्र अर्थात् २०३९ साल मंसिर ७ देखि १२ गतेसम्म नेपालमा संचालन भएको एक कार्यशाला गोष्ठीमा नेपाली प्रतिनिधिहरूलाई कार्यपत्र पेश गर्न नदिइएको कुरा जानकारी प्राप्त भयो । "कम विकसित र भूपरिवेष्टित मुलुकहरूको पक्षमा अपनाइनु पर्ने कार्यक्रमहरू" भन्ने विषयमा यो गोष्ठी संचालन गरिएको थियो । यो यस्तो दुःखद समाचार थियो जसले मुलुकको विश्वसनीयतामै धक्का पार्न सक्तथ्यो । यसैले मैंले त्यस बेलाको बाणिज्य सचिव दामोदर

गौतमज्यूलाई यस सम्बन्धमा स्पष्टीकरण दिनु हुन अनुरोध गरें। उहाँले यसको जिम्मेवारी अतिरिक्त सचिव अरुणचन्द्र प्रधानज्यूलाई पन्छाउनु भयो। यस विषयमा अरुणचन्द्र प्रधानको स्पष्टीकरण थियो: ''यो गोष्ठी श्री ५ को सरकार आफैंले संचालन गरेको नभई संयुक्त राष्ट्रसंघका इस्क्याप अंकटाड र युयनडिपि (ESCAP, UNCTAD and UNDP) जस्ता निकायहरूले संचालन गरेका हुन्। यस गोष्ठीमा भारतीय समूहवाट ठूलो विरोध उठेको कारण नेपाली प्रतिनिधिहरूद्वारा कार्यपत्र पेश गर्ने काम रद्द गर्नु पर्‍यो। संयुक्त राष्ट्रसंघको एक विशेषज्ञ स्टोनियरले एक दिन अगाडि भूपरिवेष्टित मुलुकहरूले सामना गर्नु पर्ने समस्याहरूवारे प्रकाश पार्नु भएको थियो। त्यस बेला उहाँले ''नेपालवाट तेश्रो मुलुकमा हुने पारबहन सम्बन्धित काममा भारतले नेपाललाई अनेक प्रकारले दु:ख दिने गरी आएका छन्। यी कुराहरूलाई विचार गरेर नेपालले पारवहनको लागि अर्कै अन्तर्राष्ट्रिय मार्ग खोज्नु पर्ने देखिन्छ'' भनी बोल्नु भएको थियो। संयुक्त राष्ट्र संघका विशेषज्ञहरूद्वारा बोलिएका यी शब्दहरूले भारतीय विशेषज्ञहरूमा एक प्रकारले नराम्रो छाप पार्‍यो। यसैले उहाँहरूले संयुक्त राष्ट्र संघका विशेषज्ञहरूको आवाजको विरोधमा आक्रोश पोख्दै तिमीहरूले नेपाल जस्तो सानो मुलुकलाई भारतको विरोधमा उचालेका भन्ने कुरा व्यक्त गरे। यसरी आक्रोश व्यक्त गर्ने क्रममा उहाँहरूले नेपालले चाहेमा अर्कै मार्ग खोज्ने काम गरोस्, भारत भोलिदेखि नै नेपालको पारवहन मार्ग वन्द गर्न तयार छ भनी बोल्नु भयो। यसरी अभिव्यक्त भएका कडा टिप्पणीहरूले गर्दा नेपालका अधिकारीहरू तर्सन पुगे। अर्को दिन भारतीय विशेषज्ञहरू नेपाल ऐजेन्जी एण्ड कम्पनीका महाप्रवन्धक माधव-मणि राजभण्डारी र नेपाल फरेन ट्रेड एशोसिएसनका सचिव लक्ष्मीगोपाल श्रेष्ठले तयार पारेका कार्यपत्रहरूदेखि झन् रिसाए। राजभण्डारीज्यूले आफ्नो कार्यपत्रको शुरुमै ''नेपाल भूपरिवेष्ठित मुलुक भएकोले यसलाई भारतद्वारा बन्द गरिएको मुलुक भनेमा कुनै आपत्ति पर्ने देखिँदैन **(Nepal being the land- locked country or it will not be out of place to say Nepal is the India-locked country)''** भन्ने शब्दहरू लेखनु भएको रहेछ। यस्तै श्रेष्ठज्यूद्वारा तयार भएको पत्रमा ''नेपालको पारवहन व्यापार संचालनमा देखा परेका समस्याहरूको वर्तमान अवस्था'' भन्ने शीर्षक दिइएको भए ता पनि यसले नेपाली व्यापारीहरू-

माथि कलकत्ता वन्दरगाहमा भारतीय अधिकारीहरूले दु:ख दिनका लागि अपनाएका रवैयावारे विस्तृत विवरण पेश गरेको थियो । यो कुरा जानकारी पाएपछि मैले प्रधानज्यूलाई भविष्यमा यस्ता कार्यशाला वा गोष्ठीको आयोजना गर्दा पहिल्यै होशियार हुनु पर्ने कुरामा संकेत गरे ।

यस्तै केही समयपछि नेपालका केही पत्रिकाहरूले खप्तड स्वामीको पुस्तक विचार विज्ञानको विरोधमा केही खवरहरू छापेको पाएँ । यी खवरहरूको भनाई खप्तड स्वामीले लेख्नु भएको **विचार विज्ञान** उहाँको आफ्नै मौलिक कृति होइन, यो पहिलै भारतमा प्रकाशित भइसकेको नारायण स्वामीको पुस्तकको अनुवाद मात्र हो भन्ने थियो । यो यस्तो समाचार थियो जसले सूचना विभागको विश्वसनीयतामै धक्का पार्न सक्दथ्यो । यसैले मैले यसवारे सूचना विभागका निर्देशक पर्शुराम प्रधानसँग अप्रत्यक्ष तरीकाले बुझ्दा खवर सत्य निक्ल्यो । तर त्यस बेला मैले गर्न सक्ने कुरा भविष्यमा यस प्रकारको काम गर्दा विशेष प्रकारले होश पुऱ्याउनु पर्दछ भन्नु वाहेक केही रहेन ।

यी केही यस्ता घटनाहरू हुन् जसले नेपालको प्रशासनमा रहेका अधिकारीहरूले कार्यालयका कामहरू कुशल र दक्षतापूर्वक सम्पन्न गर्नको लागि अझै धेरै समय कुर्नु पर्दछ भन्ने कुरालाई जानकारी दिलाउँदछ ।

प्रमुख सचिवालयमा पहिलो वर्ष

प्रमुख सम्वाद सचिवालयमा एक वर्ष सेवा गरेपछि मलाई प्रमुख सचिवालयमा सरुवा गरियो ।

प्रमुख सम्वाद सचिवालयको मेरो ठाउँमा हालै मात्र पदोन्नति गरिएका सह–सचिव गोविन्ददास श्रेष्ठलाई यस कार्यालयमा सरुवा गरिनुको कारण, मभन्दा तलका एक सहपाठीका अनुसार, उहाँले एक नाम चलेको पश्चिमाली मुलुकवाट समुद्री कानूनमा स्नातकोत्तर हासिल गर्नु भएकोले हो र उहाँले मुलुकमा रहेको महत्वपूर्ण जलसम्पदालाई सदुपयोग गर्न राम्रो सल्लाह दिनु होला भनेर नै श्री ५ महाराजाधिराजवाट उहाँलाई त्यस सचिवालयमा पठाई बक्सेको हो भन्ने थियो । यो कुरा सुनेर म सन्तुष्ट रहन बाध्य भएँ किनकि माथि दरवारमा मेरो पक्षमा वोल्ने त्यस बेला कोही पनि थिएन । साथै यो कुरा यस्तो व्यक्तिको मुखबाट निस्केको थियो जो बालक कालदेखि राजा वीरेन्द्रको सामीप्यमा रहनु भएको थियो ।

मलाई सरुवा गरिएको नयाँ कार्यालयमा त्यस बेला प्रमुख सचिव रंजन राज खनालज्यू हाकिम हुनु हुन्थ्यो । बाहिरी हिसाबमा ज्यादै नरम मिजासको व्यक्ति भए तापनि खनालज्यूलाई दरवारको सबभन्दा भ्रष्ट मानिसमा गणना गरिन्थ्यो । **कुविद्या (black science)** को साधनामा लागेका खनालज्यू नातावाद र कृपावाद फैलाउनमा माहिर हुनु हुन्थ्यो । उहाँले यसरी नातावाद र कृपावाद फैलाउन सक्नुको कारण उहाँले कमिशन एजेन्टको रूपमा काम गर्नु भएकोले पनि हो । केही अंचलाधीशहरू र राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूले नियुक्ति लिने सिलसिलामा खनाल-ज्यूलाई रकम बुझाउनु परेको कुरा पनि उल्लेख गरेका थिए । यस प्रकारका विशेषताहरूको वावजूद पनि उहाँ वास्तवमा ज्यादै प्रतिभाशाली व्यक्ति हुनु हुन्थ्यो । उहाँ जस्तोसुकै काम पनि सजिलै सम्हाल्न सक्नु हुन्थ्यो । यही विशेषताले गर्दा उहाँले मेरो काम गर्ने तरीकालाई कहिलै अवहेलना पनि गर्नु भएन । मैंले कार्यालयमा गरेको सबैजसो कामलाई उहाँ तारिफै गर्नु हुन्थ्यो ।

यस कार्यालयमा केही महीना काम गरेपछि मैंले एक दिन आफूलाई मूर्छा परेको पाएँ । त्यस बेला मलाई वीर अस्पताल लगियो जहाँ डाक्टर-हरूले मलाई सबै तरिकाले परीक्षण गरे । यस परीक्षणमा उहाँहरूले मेरो शरीर र मन दुबैमा केही गडबडी फेला पार्न सकेनन् । यो रोगबाट निको भएको कारण म केही दिनभित्रै अस्पतालबाट फर्के र कार्यालयमा हाजिर भएँ पनि । केहीं रहस्यदर्शीहरूको विचारमा यसो हुनुको कारण ममाथि कुनै शैतानी शक्ति प्रयोग भएको भन्ने थियो । मैंले आफूलाई केहीं दिनभित्रै स्वस्थ पाएको कारण यी कुराहरूमा ध्यान दिइनँ ।

केही महिनापछि मलाई राजा वीरेन्द्रका साथ पश्चिमांचल विकास क्षेत्रको भ्रमणमा सामेल हुने मौका मिल्यो । यस भ्रमणमा म प्रमुख सचिवा-लयको तर्फबाट कार्य टोलीको सदस्य भई सामेल भएको थिएँ । यस भ्रमणमा मलाई कर्णाली अंचल, विशेष गरेर वर्दिया जिल्ला, सम्बन्धमा 'ब्रिफ **(brief)**' चढाउने काम दिइयो । यसरी ब्रिफ चढाउने काम मेरो लागि पहिलो प्रयास भए तापनि यसले राजा वीरेन्द्रमा ठूलो छाप पारेको देखियो । केही बढी समय लिएपछि मात्र 'ब्रिफ' चढाउने कामको टुंगो लाग्यो । राजा-बाट 'ब्रिफ' चढाएको कुरा यति ध्यान पूर्वक सुनिबक्सेको थियो कि करिब ४५

मिनेट जति मरीचमान सिंहज्यू, जोगमेहेर श्रेष्ठज्यू र डाक्टर मोहनमान सैंजुले 'ब्रिफिगको पाल (**brifing tent**)' बाहिरै बसिरहनु पर्‍यो। सिंहज्यू, श्रेष्ठज्यू र सैंजुज्यू त्यस बेला क्रमश: पंचायत नीति तथा जाँचबुझ समितिको अध्यक्ष, स्थानीय विकास मन्त्री तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष हुनुहुन्थ्यो।

२०४० साल असोज महीनाको पहिलो हप्ताको कुरा। राष्ट्रिय पंचायतले राज परिवारको नाममा आयोजना गरेको विदाइ रात्रिभोज केही दिन अगाडि मात्र सकिएको थियो। उप-सचिव प्रमुख सेनानी हरिहरजंग शाहज्यू कुनै एक व्यक्ति- सायद एक सैनिक अधिकारी, लाई साथ लिएर, मेरो घरमा पाल्नु भयो। उहाँले मसँग २०४० साल भदौ २४ गते विहीवार शीतल निवासमा आयोजित विदाई रात्रिभोजमा उद्योग मन्त्री नारायण दत्तलाई तानातान गर्ने (manhandle) दरवारिया सचिवबारे जानकारी खोज्नु भयो। यो प्रश्न सुन्दा म अवाक्का साथै दुःखित पनि भएँ। वास्तवमा यो मान्छे तानातान गरेको (manhandling) को घटनै थिएन। यो यस्तो घटना थियो जसमा म आफैं मुछिएको थिएँ। यस कारण मैले घटनाको विवरण निम्न लिखित शब्दहरू प्रयोग गरी विस्तृत रूपले जानकारी दिने काम गरेँ –

"रात्रिभोजको अवसरमा मन्त्री नारायणदत्त भट्टज्यू एकदम रक्सीले मात्तिनु भएको थियो। यसै समयमा राष्ट्रिय पंचायतका पूर्व सदस्य हरेन्द्र बहादुर थापाज्यू मन्त्री भट्टज्यूको सामु पुग्नु भयो र उहाँ र उहाँका भाईहरू (पूर्व प्रधान मन्त्री सूर्य बहादुर थापाज्यू तथा नगेन्द्र बहादुर थापाज्यू) ले जनमत संग्रहको कठिन घडीमा आफूले पुर्‍याएको सहयोग-बारे जानकारी दिनु भयो। उहाँका भनाई अनुसार उहाँहरूले २०३६ सालमा सम्पन्न जनमत संग्रहमा बहुदलीय पक्षलाई हराउन ज्यानको बाजी लगाएका थिए। यस प्रकारको जानकारीपछि उहाँले यस प्रकार योगदान गर्ने आफ्नो भाइ नगेन्द्र बहादुर थापालाई पाटन औद्योगिक क्षेत्रमा महाप्रबन्धकको रूपमा त्यसै थन्क्याइएकोमा दुखेसो प्रकट गर्नु भयो। त्यसपछि उहाँले आफ्नो भाईलाई राम्रो स्थानमा सारी दिनु हुन भट्टज्यूलाई अनुरोध गर्नु भयो। थापाज्यूका यी शब्दहरू सुनेर भट्टज्यू रिसाउनु भयो। यस कारण 'उहाँले थापाज्यूलाई मुजी, हाम्रो

अगाडि जनमतको धाक दिने । तेरो भाई नगेन्द्रलाई भोलि नै नोकरी-बाट हटाइदिन्छु" भनी ओठे जवाफ दिनु भयो । भट्टज्यूका यी कुरा-हरूले हरेन्द्र बहादुर थापाज्यूलाई पनि रिसाउन लगाए । यसपछि उहाँले पनि "के नेपाल राजा नभएको देश हो ? मेरो भाईलाई तपाईं कसरी नोकरीबाट हटाउनु हुन्छ हेर्दै गरौंला । हामीलाई पनि के गर्ने हो भन्ने-बारे थाहा छ" भन्दै ओठे जवाफ दिनु भयो । यी दुबै महानुभावहरू केहीं समय यसरी आपसमा वाझावाझ गर्न थाल्नु भयो । वातावरण एक प्रकारले अशान्त हुन लाग्यो । यस बेला म अगाडि देखा परें र मन्त्री भट्टज्यूलाई एउटा कुनामा तानेर लगें । त्यसपछि मैंले उहाँलाई यस प्रकारको वाहियात कुरा नदोहोऱ्याउन अनुरोध गरें । भट्टज्यूलाई मैंले यसो गर्न सक्नुको कारण कुनै बेला मलाई मेरो डोटीमा बस्ने एक परम मित्र हेमराज जोशीज्यूले उहाँसँग परिचय गराउनु भएको थियो । मेरो कामले एक क्षण त्यहाँको वातावरण शान्त तुल्याउन मद्दत पुऱ्यायो । त्यसपछि यही घटना पुनः दोहोरियो । यस बेला हरेन्द्र बहादुर थापाज्यूले घटनालाई राजनीतिकरण गर्न खोज्नु भयो । उहाँले भट्टज्यूको कुरा दरवारका केही सचिवहरूको अगाडि प्रस्तुत गर्दै भट्टज्यूमाथि कार्वाई गर्न अनुरोध गर्नु भयो । यस पल्ट पनि मैंले भट्टज्यूलाई एउटा कुनामा लगें । यो वातावरणलाई अन्यत्रै मोड्न मैंले भट्टज्यूलाई हेमराज जोशी-ज्यूले मलाई पत्र लेखेको भन्ने कुरा उल्लेख गरें । साथै मैंले पत्रमा जोशीज्यूले मन्त्री भट्टज्यूसँग निवेदन गरी राम्रो ठाउँमा सरुवा गरिदिनु हुन अनुरोध गरेको भनी उल्लेख गरें । यी कुराहरू भनी सकेपछि मैंले जोशीज्यूलाई राम्रो ठाउँमा सरुवा गरी दिनु हुन अनुरोध पनि गरें । मेरो अनुरोधको जवाफमा भट्टज्यूले जोशीज्यूलाई भोलि नै उपयुक्त ठाउँमा सरुवा गरिदिन्छु भनी जवाफ दिनु भयो । उहाँको शब्दलाई पुनः दोहोऱ्याएर भोलि नभनी केही समय ढीला भए पनि शान्तपूर्वक विचार गरी दिनु हुन अनुरोध गरें । मेरा यी कुराहरू सुनेपछि भट्टज्यूले वातावरण बुझ्नु भयो र अर्कै कुनामा भाग्नु भयो । यस प्रकार वाता-वरण शान्त पनि भयो ।"

यति कुरा बताई सकेपछि मैंले मान्छे तानातान (manhandling) सम्वन्धी मुद्दाका मुख्य अपराधीको रूपमा मैंले आफूलाई प्रस्तुत गरें । त्यसपछि मैंले यसबारे उचित दण्ड दिलाउने बारे श्री ५ महाराजाधिराजका

हजूरमा जाहेर गरी दिनु हुन पनि अनुरोध गरें। मेरा कुरा सुनेर उहाँहरू ताज्जुव हुनु भयो। "तपाईंको विरुद्ध साँच्चै षड्यन्त्र रचिएको रहेछ। बडो अफसोच लाग्यो। अहिले म भैरव सम्वन्धी पौराणिक कथा स्मरण गर्दै छु जसमा जिउँदो भैरवलाई भूतको रूप दिइएको थियो। त्यसपछि चक्रवक्र-प्रभावेन भैरवो भूतो भवेत्" भन्ने संस्कृतका शब्दहरू दोहऱ्याउनु हुँदै उप सचिव शाह[१] अर्को मानिससँग फर्कनु भयो।

त्यस बेला मैंले उहिलेका राजा प्रतापसिंह शाहको निधनपछि नेपालको राजदरवारमा घटेका षड्यन्त्रका गाथाहरू सम्झन पुगें। यी यस्ता गाथाहरू थिए जसमा नेपाली इतिहासका विशिष्ट व्यक्तित्वहरू— राजप्रति-निधि बहादुर शाह, मुख्तियार भीमसेन थापा, मुख्तियार माथबर सिंह थापा र अरूहरूले अकाल मृत्यु भोग्नु परेको थियो। यी गाथाहरू सम्झे पछि मैंले पहिले घटेका षड्यन्त्रहरूको दाँजोमा यो षड्यन्त्र सानो भए तापनि आफू यस षड्यन्त्रबाट बच्न पाएकोमा आफूलाई भाग्यमानी सम्झन पुगें।

प्रमुख सचिवालयमा बिताएका अन्य वर्षहरू

पश्चिमांचल विकास क्षेत्रको भ्रमण:— दोश्रो वर्ष पनि मलाई राजाको भ्रमणमा सम्मिलित गराइयो। यो भ्रमण पश्चिमांचल विकास क्षेत्र तर्फको भ्रमण थियो। राजाको भ्रमण दलमा मलाई सम्मिलित गराउन प्रमुख सचिव खनालज्यूले विशेष ध्यान दिनु भएको थियो। मेरा सहपाठी धनमणि आचार्य-ज्यूले भ्रमण दलमा आफ्नो नाम समावेश गराउन खनालज्यूकहाँ नधाएको पनि होइन। प्रमुख सचिव खनालज्यू आफैंले सवारी सचिवालयको नेतृत्व लिनु पर्ने हुँदा उहाँले आचार्यज्यूको कुरालाई ध्यान दिनु भएन। उहाँ मैंले पहिलेको सवारीमा हासिल गरेको अनुभवबाट फाइदा उठाउन चाहनु हुन्थ्यो।

सवारीमा मैंले धवलागिरी अंचलको जिम्मा लिएको थिएँ भने गण्डकी अंचलको जिम्मा मेरा सहपाठीहरू याने सह—सचिवहरू शारदाप्रसाद घिमिरेज्यू र चेतवहादुर कुंवरज्यूलाई जिम्मा दिइएको थियो। अरू दुई सह—सचिवहरू गोविन्द दास श्रेष्ठज्यू र नरेन्द्रराज पाण्डेज्यूलाई भने लुम्बिनी अंचलको सुपरिवेक्षण गर्ने काम जिम्मा लगाइएको थियो। यस भ्रमणमा पनि मेरो काम साविकमा जस्तै सफलै रह्यो। सवारीको अन्त्यमा पुरस्कार

र सजायँ पाउनेहरूको नामावली जाहेर गर्दा मैंले केही कठिनाईको अनुभव गर्नु पर्‍यो । यसरी कठिनाई अनुभव गर्नु पर्नाको कारण एउटा ज्यादै निष्कपट र समर्पित जिल्ला न्यायाधीश मुक्तिप्रसाद शर्माको विरोधमा प्राप्त नकारात्मक प्रतिवेदनहरू थिए । पुरस्कार र सजायको नामावली राजामा जाहेर गर्दा मैंले विशेष ध्यान पूर्वक उहाँको नाम पुरस्कारको लागि जाहेर गर्नु पर्‍यो पनि । पुरस्कारको निम्ति नाम जाहेर गर्ने सिलसिलामा मैंले विन्ति चढाएँ:-

"मुक्तिप्रसाद शर्माज्यू नेपालको एक अति राम्रो जिल्ला न्यायाधीश हुनु हुन्छ । यो दुर्भाग्यको कुरा हो कि हामीकहाँ प्राप्त एउटा बाहेक सबैजसो प्रतिवेदनहरूले यस न्यायधीशको विरोधमा ज्यादै नराम्रो कुरा लेखेका छन् । गृह मन्त्रालय, अंचलाधीश कार्यालय, पंचायत नीति तथा जाँचबुझ समिति, प्रमुख जिल्ला अधिकारीको कार्यालय र अरूका प्रतिवेदनहरूले उहाँलाई ज्यादै भ्रष्ट न्यायाधीशको रूपमा प्रस्तुत गरेका छन् । म्याग्दी जिल्लाबाट प्राप्त सबैजसो विन्तिपत्रहरूले पनि यो न्यायाधीशले ज्यादै अन्याय गर्‍यो भनी उल्लेख गरेका छन् । यी प्रतिवेदनहरूलाई विचार गर्ने हो भने उहाँ एक यस्तो व्यक्ति हुनु हुन्छ जसलाई तत्कालै नोकरीबाट निष्काशन गरिनु पर्दछ । यस प्रकार प्राप्त नकारात्मक प्रतिवेदनहरूका बाद पनि म उहाँको नामलाई पुरस्कारको नामावलीमा समावेश होस् भनी विन्ति चढाउँदछु । मेरो विचारमा उहाँ ज्यादै वेश जिल्ला न्यायाधीशहरूमा पर्नु हुन्छ । यस सन्दर्भमा राजदरवारको जाँचबुझ केन्द्रबाट तयार पारिएको प्रतिवेदनको प्रतिवेदनको सारांश जाहेर गर्न चाहन्छु । यो प्रतिवेदनले ज्यादै सूक्ष्म तरिकाले (emphatically) लेखेको छ:- म्याग्दी जिल्ला ज्यादै दुर्गम जिल्ला हो जहाँ राष्ट्रिय पंचायतका सदस्य भीमप्रसाद गौचनज्यूको बोलीलाई कानूनको रूपमा पालन गरिन्छ । गौचनज्यूको आज्ञा नमान्ने कोही पनि व्यक्ति वा कर्मचारी यस जिल्लामा टिक्न सक्तैन । प्रमुख जिल्ला अधिकारी पनि यही कानूनभित्र बाँधिनु भएको छ । यदि कोही व्यक्ति भीमप्रसाद गौचनज्यूको इच्छा विपरीत उठ्दछ भने उसलाई मृत्यु पर्यन्तको सजाँय हुन सक्तछ । यस्तो जिल्लामा रहेर पनि मुक्तिप्रसादज्यूले अति वेश न्यायाधीशको रूपमा काम गर्नु भएको छ । कुनै वखत भीमप्रसार गौचनज्यूका काका जगत् नारायण गौचन-

ज्यूले बहु–विवाह गरेकोमा मुद्दा लाग्यो । यस मुद्दामा यो न्यायाधीश-लाई सबै क्षेत्रबाट या भनौं प्रशासन र पंचायतको तर्फबाट समेत दवाव लगाइयो । तर यो न्यायाधीशले कसैको दवावमा नपरी पीडित पक्षलाई न्याय दिनु भयो । यही कारणले गर्दा उहाँको विरोधमा जिल्लाको सबै क्षेत्रवाट उजुरहरू पर्ने सम्भावना छ । यसबारे विशेष विचार पुऱ्याइयोस् । सरकार, प्रतिवेदनको सार यही हो । यहाँ प्राप्त विन्ति-पत्र र प्रतिवेदनहरूले यो मुद्दामा यसरी अन्याय गऱ्यो भनी ठोस रूपले प्रमाण दिन सकेको देखिँदैन । यसैले उहाँको नाम पुरस्कार पाउनेहरूको नामावलिमा समावेश गरियोस् ।''

यस प्रकार 'ब्रिफिंग' जाहेर गरी सकेपछि उहाँको नाम सजाँय पाउने-हरूको नामावलीबाट हटाउन म सक्षम भएँ । यसले गर्दा मैंले घेरै हदमा मानसिक तनावबाट मुक्ति पाएँ । पछि गएर मैंले अति श्रद्धापूर्वक यस प्रतिवेदन लेखकको नाम पत्ता लगाउने प्रयास गरें । यस सिलसिलामा मैंले पाएको नाम थियो पाटन क्याम्पसका प्राध्यापक सुन्दर कृष्ण जोशीज्यू ।

प्रमुख सचिवालयमा मलाई सर्वोच्च अदालत, न्यायिक समिति, लोक सेवा आयोग, अख्तियार दुरुपयोग निवारण आयोग, पशुपति क्षेत्र र गुठी संस्थानको काम सुम्पिएको थियो । मेरो लागि विशेष तवरले तोकिएको अर्को काम संवैधानिक अंगहरूबाट प्राप्त प्रतिवेदनहरूको सारांश तयार पार्नु थियो । यी सब कामहरू सुचारु रूपले हेर्न सफल भए तापनि पशुपति क्षेत्र र गुठी संस्थानको कामहरू भने मेरो लागि अलि अपठचारो खालको थियो । यसले गर्दा यी क्षेत्रहरूको काममा मैंले प्रत्येक तरींकाले उल्झनु पनि पऱ्यो ।

पूर्व प्रधान मन्त्री विरुद्ध कारवाई:– कुनै वखत पूर्व प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालज्यूको विरोधमा एउटा उजुरी प्राप्त भयो । यो उजुरीमा रिजालज्यूले आफू नेपालका प्रधानमन्त्री भएको वखत पशुपतिनाथ मन्दिरको गुठी जग्गालाई रैकरमा परिणत गरी कीर्ते गरेको भन्ने कुरा उल्लेख भएको रहेछ । उजुरीको मनसाय रिजालज्यू आफैं पनि पशुपतिनाथ गुठीको मोही हुनु हुन्थ्यो, उहाँले यही गुठी जग्गालाई रैकरमा परिणत गर्न कीर्ते काम गर्नु भएको भन्ने थियो । यो उजुरी प्राप्त भएपछि मैंले यसबारे पशुपतिनाथ मन्दिरका मूल पुजारी पद्मनाभ अडिगाज्यूसँग यसबारे स्पष्टीकरण माग गरें । केही दिनपछि उहाँले यो उजुरीलाई सत्य हो भनी जानकारी दिनु

भयो । यसैले मैंले अडिगाज्यूलाई यसबारे कार्यवाही चलाउन अनुरोध गरें। यसरी अनुरोध गर्दा मैंले उहाँलाई मौखिक र लिखित दुवै तरीकाले सूचना (जानकारी) दिएपछि मात्र कार्यवाही चलाउनु पर्ने कुरामा पनि जोड दिएँ । शुरुमा अडिगाज्यूले उहाँलाई वाली बुझाउन आउनु होला भनी मान्छे पठाउनु भयो । यसरी मौखिक पठाएको जानकारीलाई रिजालज्यूले वास्ता नगरेपछि उहाँले यसबाट हुने परिणाम समेतबारे जानकारी दिएर पत्र पठाउनु भयो । यस पटक उहाँले उहाँसँग भएको जग्गा रैकर जग्गा हो यसैले बाली तिर्ने कुरा उठ्न सक्दैन भनी जवाफ पठाउनु भयो । यस प्रकारको जवाफ पाएपछि अडिगाज्यूले आफ्नो कार्यालयको नाममा भएको अधिकार प्रयोग गरी उहाँको नामको जग्गा लिलाम गरी दिनु भयो। पूर्व प्रधानमन्त्री रिजालज्यूले यस कारवाईलाई सामना गर्न सक्नु भएन। यसपछि उहाँ प्रमुख सचिव खनालज्यूकहाँ जानु भई जग्गा फिर्ता गराई दिन अनुरोध गर्नु भयो । खनालज्यूले रिजालज्यूको पक्षमा केही गर्न मलाई संकेत गर्नु भयो तर मैंले उहाँले भने जस्तो केही पनि गर्न सकिनँ । रिजाल-ज्यूले आफ्नै जालसाज र अटेरिपनले गर्दा जग्गा गुमाउनु परेको थियो। उहाँले मूल पुजारी अडिगाज्यूको आदेशलाई पालन गर्नु भएको भए जग्गा वापस दिलाउन पनि सकिन्थ्यो । तर काम ढीला भइसकेको हुँदा यसबारे केही गर्न सकिएन। यद्यपि मैंले श्रीमती नैन बहादुर स्वांर (पुर्व गृह मन्त्रीज्यूको श्रीमती) ले नजानिकन रिजालज्यूबाट केहीं जग्गा खरिद गर्नु भएको हुँदा सो जग्गा मात्र भएपनि वापस दिलाउने व्यवस्थाको लागि अनुरोध गरें । अडिगाज्यूले मेरो अनुरोधलाई मानेर श्रीमती स्वांरले किने जतिको जग्गा फिर्ता गरी दिनु भयो ।

राज हुकुमको अवहेलनाः- राजा वीरेन्द्रबाट अति राम्रो तरीकाले विकास गर्न चाहिबक्सेका प्रमुख धार्मिक क्षेत्रहरूमध्ये पशुपति क्षेत्र पनि एक हो । पूर्व मन्त्री भूपालमान सिंह कार्कीज्यूको तथा सचिव (तत्कालीन महानिर्देशक) रमेशजंग थापाज्यूको सुपरिवेक्षणमा यस क्षेत्र अन्तर्गत भएका विकास कार्यहरूले राजालाई चित्त बुझाउन सकेन । पशुपति क्षेत्रको विकास-को काम यी दुवै महानुभावहरूले पशुपति क्षेत्र विकास समितिको अध्यक्ष भई सम्हाल्नु भएको थियो । यस कारण राजा वीरेन्द्रबाट कुनै बेला पशुपति-नाथका मूल पुजारी पद्मनाभ अडिगालाई पशुपति क्षेत्रको विकासको काममा सहयोग पुऱ्याउनको लागि कुरा चलाई बक्स्यो । राजाबाट अडिगाज्यूलाई

पशुपति क्षेत्र विकास समितिको अध्यक्ष पद ग्रहण गरी यस काममा सघाउ पुऱ्याउनको लागि पनि हुकूम बक्सेको थियो । मूल पुजारी अडिगाज्यूले तीन दशकभन्दा बढी समय नेपालमा बिताउनु भएको थियो । त्यसैले उहाँलाई नेपालको भ्रष्ट राजनैतिक तथा प्रशासनिक यन्त्रहरूबारे जानकारी थियो । यसैले उहाँले राजाबाट सुम्पिन लागेको जिम्मेवारी वहन गर्ने विचारमा हुनुहुन्नथ्यो । यो भन्दा अगाडि पनि राजाबाट उहाँलाई यो जिम्मेवारी सुम्पन खोजिबक्सेको थियो । त्यस बेला उहाँले म साधारण पुजारी भएको कारण प्रशासन, विकास तथा लेखाको काम जान्दिनँ, अर्को मानिस पठाई पाउँ भनी विन्ति चढाउनु भएको थियो ।

यस पटक अडिगाज्यू अन्तर्द्वन्दमा फँस्नु भयो । उहाँले यो पद स्वीकार नगरेमा उहाँको विरोधमा विपक्षीहरूको तर्फबाट कडा आवाज उठ्ने डर थियो । उहाँलाई विरोधी शक्तिहरूले मूल पुजारी अडिगा आफू पनि विकासको काम जिम्मा लिँदैन, अरूलाई पनि यस काममा सहयोग गर्दैन भनी आफू माथि लान्छना लगाउने डर थियो । यसैले उहाँले राजालाई सह-सचिव सानु भाइ डंगोल (लेखक) लाई विकास क्षेत्रको उपाध्यक्षको रूपमा पाए पशुपति क्षेत्र विकासको काम जिम्मा लिन तयार छु भन्ने कुरा जाहेर गर्नु भयो । साथै उहाँले यस कामको लागि करीब दुई वर्षभित्र भारतबाट बीस करोड भारतीय रुपैयाँ चन्दा उठाउन सक्ने कुरा पनि विन्ति चढाउनु भयो । राजा वीरेन्द्रले मूल पुजारी अडिगाको यस प्रस्तावलाई स्वीकार गरिबक्सी उहाँले भने बमोजिम पशुपति क्षेत्र विकास समितिको गठन गरी दिन प्रमुख सचिव रंजनराज खनाललाई अह्राइबक्स्यो । तर त्यस बेला राजालाई थाहा थिएन कि खनालको अरूलाई बेवकुफ बनाउने (**black-mailing**) बानीले गर्दा आफ्नो वचन खेर जान्छ भन्ने कुरा ।

राजा वीरेन्द्रसँगको यस भेटपछि मूल पुजारी अडिगाले पशुपति क्षेत्रमा तत्काल लागू गर्नु पर्ने योजनाहरूबारे मसँग सल्लाह लिनु भयो । नियमित रूपमा गरिने कार्यहरू बाहेक हामीले दुइ वटा नयाँ कार्यहरू तुरुन्तै लागू गर्ने निर्णय गऱ्यौं । यसमध्ये पहिले लागू गर्न खोजेको काम तिलगंगा घाटमा विद्युत्‌बाट चल्ने शवदाह गृह (**electric crematorium**) निर्माण गर्ने । यो गृह निर्माण गर्नुको उद्देश्य गरीब नेपाली जनताले आफ्ना मरेका मानिसको लाश जलाउँदा ज्यादै कम मोलमा लाश जलाउन सकोस्

भन्न थियो । यस्तै अर्को योजना थियो पशुपति क्षेत्रभित्र एउटा सानो अस्पताल वा उपचार केन्द्रको निर्माण । यो कार्य पशुपतिनाथ मन्दिरका भण्डारीहरूको समस्यालाई विशेष रूपले ध्यान दिएर गर्न लागिएको थियो । पशुपतिनाथको परम्परा अनुसार देवपाटन वा पशुपति क्षेत्रबाहिर जन्मेका भण्डारीका सन्तानलाई पशुपतिनाथ मन्दिरको भण्डारीमा भर्ना लिँइदैनथ्यो ।

अडिगाज्यूले राजा वीरेन्द्रमा जाहेर गरेको यो कुरा सुनेर प्रमुख सचिव खनालज्यू दुखित हुनु भयो । उहाँलाई अडिगाज्यूले यस प्रकार जाहेर गर्नु होला भन्ने कुरामा विश्वासै थिएन । सह सचिव डंगोलको नाम उपाध्यक्षमा प्रस्तावित भएको कारण विकास समितिमा आफ्ना चम्चाहरू भर्ना गर्ने उहाँको योजना विथोलियो । यस कारण उहाँले मूल पुजारी अडिगाज्यूलाई विकास समितिको नामावलीबाट डंगोलको नाम हटाउन अनुरोध गर्नु भयो । साथै उहाँले डंगोलको सट्टामा रेवतीरमण खनाल, धनमणि आचार्य जस्ता अर्कै सह सचिवहरू वा नरकान्त अधिकारी जस्ता अर्कै व्यक्तिहरूलाई मनोनीत गर्न पनि सल्लाह दिनु भयो । मूल पुजारी अडिगाज्यूलाई सह सचिव खनाल र अरुको भ्रष्ट आचरणबारे पूरा ज्ञान थियो । यसैले उहाँले मैले डंगोलको नाम पशुपतिनाथबाट प्रेरणा पाएको कारणले मात्र सिफारिस गरेको हुँ भनी ओठे जवाफ दिनु भयो । यस प्रकार ओठे दिइसकेपछि उहाँले विकास समितिमा दोश्रो व्यक्तिको रूपमा डंगोललाई नपाए आफू पनि अध्यक्ष नहुने कुरा जानकारी दिनु भयो । तीन वर्षपछि प्रमुख सचिव खनालले राजाको हुकूमको विरोधमा रानी ऐश्वर्यलाई उठाएर रानीकै अध्यक्षतामा पशुपति विकास कोष गठन गर्न राजालाई वाध्य पारिदिनु भयो ।

दक्षिणकाली क्षेत्रको विकासः- राजा वीरेन्द्रले राम्ररी विकास गर्न चाहिबक्सेको अर्को धार्मिक क्षेत्र थियो, दक्षिणकाली क्षेत्र । गुठी संस्थानसँग सम्वन्धित काम हेरी आएको नाताले गर्दा दक्षिणकाली क्षेत्रको विकास सम्बन्धी कार्यहरू सुपरिवेक्षण गर्ने कार्य पनि मलाई नै सुम्पियो । यस कामको सिलसिलामा आवास तथा भौतिक परियोजना विभागका वरिष्ठ अभियन्ता **(senior engineer)** श्यामसुन्दर शर्माज्यूसँग सम्पर्क रहनु मेरो लागि सौभाग्यको कुरा थियो । दक्षिणकाली विकास आयोजनाको आयोजना प्रमुखको रूपमा शर्माज्यूले गर्नु भएको सुपरिवेक्षण र योजना

बनाउने क्षमता (vision) को कारण विकासको काम ज्यादै राम्ररी सम्पादन हुन पुग्यो। हामीहरू दुवैको सुपरिवेक्षणमा यस क्षेत्रले नमूना लायक हिसाबले विकासको काम सम्पन्न गऱ्यो। यस वाहेक यो क्षेत्रले आफूलाई आत्मनिर्भर संस्थाको रूपमा पनि अनौठो उदाहरण पेश गऱ्यो। यस क्षेत्रमा भएको विकास कार्यहरुवाट खुशी होइवक्सी राजावाट कुनै वखत वरिष्ठ अभियन्ता शर्माज्यूलाई आफ्नै कारमा राखी वाहिरवाट विकास क्षेत्र नजर गरिवक्स्यो। अरू समयहरुमा राजा आफैं हामीसँगै पैदल मार्ग हिँडेर घण्टौं घण्टा 'व्रिफ' सुन्ने र विकास कार्यहरू अवलोकन गर्ने काम गरिवक्स्यो। कैयन पटक हामीले राजा र राजपरिवारको सामु उपस्थित भई भावी कार्यक्रमहरुवारे 'व्रिफ' चढायौं। यसले गर्दा काठमाडौं उपत्यकाका अन्य महत्वपूर्ण सांस्कृतिक तथा धार्मिक क्षेत्रहरुको विकासको काम पनि हामीलाई नै सुम्पियो। यसै सिलसिलामा मलाई काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास समन्वय समितिको सदस्य सचिवमा मनोनीत गरियो भने शर्माज्यूलाई काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजनाको परियोजना प्रमुखमा। दक्षिणकाली क्षेत्रमा सम्पन्न गरिएका विकास कार्यहरू सम्वन्धमा काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजनाका पछिल्ला परियोजना प्रमुख पूर्ण कडरियाका शब्दहरू यस प्रकार छन्।:-

> ''दक्षिणकाली क्षेत्र आज एक स्वावलम्बी संस्थाको रूपमा विकास भई आफ्नै खुट्टामा उभिन सक्ने अवस्थामा पुगेको छ। यस क्षेत्रलाई बहुआयामिक दृष्टिकोणले विकास गरी आत्मनिर्भर एकाईको रूपमा विकास गर्नमा राजप्रासाद सेवावाट खटिनु भएका सह-सचिव तथा दक्षिणकाली क्षेत्र प्रवन्ध समितिका अध्यक्ष र काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास समन्वय समितिका सदस्य सचिव श्री सानु भाइ डंगोल र भूकम्पपीडित क्षेत्र पुनः निर्माण तथा पुनर्स्थापन आयोजनाका प्रमुख श्री श्याम सुन्दर शर्मा- जो दक्षिणकाली क्षेत्र विकास आयोजनाका तत्कालिन आयोजना प्रमुख तथा काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजनाका शुरुका परियोजना प्रमुखको देन र योगदान कम मान्न सकिदैन। वास्तवमा दक्षिणकाली क्षेत्रले आज जे जुन रुपमा विकास गर्न सकेको छ त्यसको श्रेय श्री

डंगोल, श्री शर्मा, आयोजनामा कार्यरत सबै कर्मचारीहरू लगायत स्थानीय बासिन्दाहरूलाई नै जान्छ ।"५

फर्पिंग बजारमा सम्पन्न भएका विकास कार्यहरूः- मैले दक्षिणकाली क्षेत्रको काम सुपरिवेक्षण गरिरहेको वेला दरवारको तर्फवाट मध्यमांचल विकास क्षेत्रलाई सुपरिवेक्षण गर्ने काम प्रमुख निजी सचिव नारायणप्रसाद श्रेष्ठज्यूले जिम्मा लिई आउनु भएको थियो । दक्षिणकाली क्षेत्रमा अपूर्व तरीकाबाट हुँदै गरेको विकास कार्यले श्रेष्ठज्यूमा पनि ठूलो प्रभाव पार्‍यो । त्यसैले उहाँले काठमाडौंको फर्पिंग वजारमा हुन लागेको विकास कार्यहरू सुपरिवेक्षण गर्ने काम मलाई नै जिम्मा दिनु भयो । उहाँले यो काम मलाई जिम्मा दिनुको कारण दक्षिणकाली क्षेत्रमा बहुआयामिक दृष्टिले सम्पन्न भएको विकासको कामबाट उहाँलाई पनि जस मिलेको थियो । यो काम मलाई सुम्पनुको अर्को कारण फर्पिग बजारमा हुँदै गरेको विकास कार्यहरूमा विभिन्न प्रकारका उल्झनहरू देखा पर्न थाल्नु थियो । मैले फर्पिंग बजारको विकास कार्यहरू सुपरिवेक्षण गर्ने जिम्मा लिएपछि धेरै महिनादेखि उल्झनमा परी अल्झिराखेको यो कार्य केही दिनभित्रै सफलतापूर्वक सम्पन्न भयो । कामको सिलसिलामा मैले फर्पिंग वजारका स्थानीय जनतालाई स्वयम्‌सेवकको रूपमा संलग्न गराउन म सफल भएँ । यसले गर्दा विकासको लागि विनियोजित रकममध्ये करीब दुइ लाख रुपैयाँ जति बाँकी रहन आयो । यसरी बाँकी रहन आएको रकमबाट मैले फर्पिंग वजार स्थित झंकेश्वरी र तुलजा भवानीका मन्दिरहरूको छाना झिगटीको सट्टा तामाले छाउन लगाएँ । राजा वीरेन्द्र, राजपरिवारका सदस्यहरू र अन्य कर्मचारीहरू–प्रमुख राजदरवार पदाधिकारी ईश्वरीमान श्रेष्ठज्यू, उप–प्रमुख राजदरवार पदाधिकारी सुरेन्द्रमान जोशीज्यू आदिको समूह लिएर, दक्षिणकाली मन्दिरमा पूजा चढाउनको लागि सवारी भएको बखत, यो स्थानमा पनि सवारी होइबक्स्यो । त्यस वेला मौसूफहरूबाट विकास कार्यहरू पनि निरीक्षण गरिवक्स्यो । यहाँ सम्पन्न भएको काम देखेर राजा ज्यादै सन्तुष्ट देखिवक्सन्थ्यो ।

प्रमुख सचिव नारायणप्रसाद श्रेष्ठज्यू मेरो कामबाट अवाक् हुनु भयो । यहाँ सम्पन्न भएको कामले उहाँलाई पनि केही हदमा जस मिलेको थियो । यसैले उहाँले मेरो अनुभवबाट अन्य क्षेत्रहरूमा पनि फाइदा लिने चाहना राख्नु भयो । यसैले उहाँले मलाई पदोन्नति गरी उहाँको आफ्नै

कार्यालयमा दोश्रो व्यक्ति वा निजी सचिवको रुपमा सरुवा गरी पाउन राजा वीरेन्द्रमा विन्ति चढाउनु भयो । यसै सिलसिलामा निजी सचिव सहायक रथी सुशील सम्शेर राणाज्यूलाई वन्यजन्तु संरक्षण विभागमा सरुवा पनि गरियो । तर मेरो लागि दुर्भाग्यको कुरा । म आफ्नै पुरानो पदमा यथावत् कायम रहें जबकि निजी सचिव पदमा हीरा बहादुर जोशीज्यूलाई सरुवा गरेर पठाइयो । पछि थाहा पाएँ कि दाजदरबार समारोह प्रबन्धक मधुसूदन-राज राजभण्डारीज्यू र उप प्रमुख राजदरबार पदाधिकारी सुरेन्द्र मान जोशीज्यू (राजभण्डारीज्यूको छोराको ससुरा) ले मेरो विरोधमा क्रमशः मुमा बडामहारानी रत्न र बडामहारानी ऐश्वर्यमा कुरा लगाएका रहेछन् । यसरी कुरा लगाउने काममा प्रमुख राजदरबार पदाधिकारी ईश्वरीमान श्रेष्ठज्यू जस्ता कपटी (hypocrite) व्यक्तिले पनि साथ दिनु भएको रहेछ । श्रेष्ठज्यूले यसरी उहाँहरूको साथ दिनुको पछाडि राजभण्डारीज्यू[६] र जोशीज्यूको मद्दतबाट आफ्नो पद ६५ वर्षसम्म थाम्न पाउनु थियो ।

विद्यालयबाट सरकारी आदेशको अवहेलना:– यति बेला म दरबारको सेवामा ज्यादै लोकप्रिय व्यक्ति भइसकेको थिएँ । दरबारको घेराभित्र जता-ततै मेरो नाम काबिल र योग्य व्यक्तित्वको रुपमा चर्चा भइरहेको थियो । यसले गर्दा मेरा हाकिमहरू, विशेष गरेर मेरा दौंतरीहरू (collegues) मबाट सम्पन्न भएका कार्यहरू र मैले पाएका सफलताबाट ईर्ष्याएका थिए । उहाँहरू मप्रति एक वा अन्य षड्यन्त्रहरूको रचना गरी मलाई ढाल्ने योजना बनाउन व्यस्त भए । यस सन्दर्भमा मेरा दौंतरीहरू रेवतीरमण खनालज्यू, धनमणि आचार्यज्यू र मभन्दा तलका दौंतरी पशुपति भक्त महर्जनज्यूले छाउनीतिरको केही प्रमुख व्यक्तिहरूलाई हातमा लिनु भयो । उहाँहरूले यसरी हातमा लिनु भएको मुख्य व्यक्तिहरुमा पंचकन्या प्राथमिक विद्यालयको कार्यकारिणी समितिका अध्यक्ष पूर्णप्रसाद ब्राह्मणज्यू, काठमाडौं नगर पंचायत वडा नं. १३ का अध्यक्ष जीवनराज मानन्धरज्यू, १३ नं. वडाकै सदस्य रामकृष्ण महर्जनज्यू र पंचकन्या प्राथमिक विद्यालयका प्रधान अध्यापिका भगवती शर्माज्यू हुनुहुन्थ्यो ।

मेरा दौंतरीहरूले आफना हातमा लिएका यी व्यक्तिहरूले मलाई हैरान पार्न मेरो घर अगाडिको सार्वजनिक चौरमा विद्यालयको शौचालय ठड्याउने काम गर्न थाले । यो यस्तो प्रयास थियो जसले यस क्षेत्रको

पर्यावरणीय वातावरणलाई बिगार्न सक्तथ्यो। यसैले मैले उहाँहरूलाई यो काम रोक्नको लागि अनुरोध गरें तर उहाँहरूबाट मेरो कुरा सुनुवाई भएन। हामी (स्थानीय जनता) ले यस कुरालाई सम्बन्धित अधिकारीहरू समक्ष पुऱ्यायौं। काठमाडौं उपत्यका नगर विकास समितिले यो कुरालाई गम्भीरता पूर्वक लियो र पंचकन्या प्राथमिक विद्यालय[७] लाई यस प्रकारको गतिविधि रोक्नको लागि पत्र लेख्यो। यसै पत्रलाई पछ्याउँदै काठमाडौं स्थित जिल्ला कार्यालय (परिशिष्ट नं. ४ हेर्नुहोस्) र जिल्ला शिक्षा कार्यालयहरूले पनि आदेश पठाए जुन आदेशलाई विद्यालयका पदाधिकारीहरू, विशेष गरेर प्रधानाध्यापिका भगवती शर्माज्यूले अवहेलना गरी मान्नु भएन।

यसै बेला मैले मेरो आफ्नै दौंतरी याने राजदरवार सेवाका अति भ्रष्ट र निकम्मा मानिएको व्यक्ति रेवतीरमण खनालज्यूलाई पदोन्नति गरी विशेष जाहेरी विभागबाट प्रमुख सचिवालयमा सरुवा भएर आएको पाएँ। केही दरवारिया कर्मचारीहरू उहाँ यसरी पदोन्नति भएकोमा ताज्जुव पनि देखिए। यसरी ताज्जुव देखिनुको कारण खनालज्यूले राजाको साथ पूर्वांचल विकास क्षेत्रको भ्रमणमा पाल्नु हुँदा 'ब्रिफिंग' जाहेरीमा प्राप्त गर्नु भएको असफलता थियो। 'ब्रिफिंग' जाहेरीमा भएको असफलताको कारण शाखा अधिकृत नन्दकृष्ण वाराहीज्यूलाई नोकरीबाट हटाए जस्तै खनालज्यूलाई पनि सरकारबाट नोकरीबाट हटाइबक्सिन्छ भन्ने उहाँहरूको धारणा थियो। प्रमुख सचिवालयको सचिवको रूपमा पहिलो पटक मन्त्रिमण्डलको प्रस्ताव जाहेर गर्दा पनि उहाँ असफलै ठहरिनु भयो। यस पटक उहाँले मन्त्रि-मण्डलको प्रस्तावसाथ संलग्न (अंग्रेजी भाषाको) सन्धिलाई वाचनसम्म पनि गर्न सक्नु भएन। दरवारिया कर्मचारीहरूले पछि गएर थाहा पाए कि उहाँले... कुनै क्षेत्रमा कमीशन बुझाउन सक्नु भएको कारण नै उहाँले पदोन्नति पाउनु भयो भन्ने कुरा। अर्को तर्फ आफ्नो योग्यता र अन्य गुण-हरूको कारण दरवारको सचिवहरूमा अति राम्रो कहलिएका सचिव नगेन्द्रप्रसाद श्रेष्ठज्यूलाई खनालज्यूको लागि ठाउँ दिन प्रमुख सम्वाद सचिवालयमा सारियो। पछि गएर श्रेष्ठज्यूलाई सचिवको पदबाटै हटाइयो। यसले गर्दा दरवारले देशकै लागि अति काबिल मानिएको कानूनी सल्लाह-कारको सेवा गुमाउनु पऱ्यो पनि।

खनालज्यूको पदोन्नतिले गर्दा पंचकन्या प्राथमिक विद्यालयका

अधिकारीहरूलाई अरु बढी शूरो बनायो। राजदरबार सेवाका उच्च पदस्थ व्यक्तिहरूबाट साथ पाएकोले उनिहरूले आफैंलाई अधिकारी सम्झी अझ बढी हैरानी दिने काम गरे। यस सिलसिलामा काठमाडौं जिल्लाभित्रका सरकारी यन्त्रहरू– काठमाडौं उपत्यका नगर विकास समिति, प्रमुख जिल्ला कार्यालय, जिल्ला शिक्षा कार्यालय– मूक दर्शकका रूपमा रहन बाध्य भए या भनौं यिनीहरूलाई निकम्मा पारियो। यिनीहरूले आफ्नो आदेश नमाने-कोमा विद्यालयमाथि कुनै कारवाई गर्न सकेनन्। यसै प्रकारको क्रम जारी रहेको वखत विद्यालय संचालक समितिका अध्यक्ष पूर्णप्रसाद ब्राह्मणज्यूको निधन भयो। जिल्ला शिक्षा अधिकारीले विद्यालयको अवांछनीय गतिविधि रोक्ने हिसावले मलाई विद्यालयको संचालक समितिको अध्यक्षमा मनोनीत गरी आदेश (पत्र) पनि पठाए। तर यस आदेशलाई पनि विद्यालयले मान्ने काम गरेन। यसै सन्दर्भमा लक्ष्मण डंगोलज्यूले साप्ताहिक निर्माणलाई लेखेको पत्रमा उल्लेखित केही हरफहरू पढौं:–

> ''नयाँ मनोनीत हुनु भएका अध्यक्षसँग बसेर काम गर्दा विद्यालयलाई व्यवस्था विरोधी राजनीतिक अखडा बनाउन नपाउने, विद्यार्थीहरूको उत्थानको लागि अनुशासन र नागरिक चेतनामा बढी जोड दिनु पर्ने भएकोले हेड मिस र संचालक समिति लगायतका व्यक्तिहरू जिल्ला शिक्षा अधिकारीको आदेशलाई पालन गर्ने पक्षमा छैनन्।''[८]

यो कारणले गर्दा पंचकन्या प्राथमिक विद्यालयले बैंकमा रहेको आफ्नो खाता संचालन गर्न पाएन। यसले गर्दा विद्यालयका शिक्षकहरूले केही महीना तलब पनि खान पाएनन्। यस्तो अवस्था आइपर्दा पनि जिल्ला शिक्षा कार्यालयको आदेशलाई मान्नुको बदला शिक्षकहरूले मेरो विरोधमा वडा नं १३ का जनतालाई भड्काउन थाले। यसरी जनता भड्काउने क्रममा ममाथि विद्यालयको काम संचालनमा अवरोध खडा गरेको लान्छना लगाइयो। साथै उनिहरूले **साप्ताहिक विमर्श** र **समाज** पत्रिकामा मेरो विरोधमा समाचार छपाई राजनीतिकरण गर्ने र विभिन्न प्रकारका जनताहरू उठाई मेरो घरको वातावरण बिथोल्ने काम गरे। यी सब समस्याहरूलाई विचार गरेर मैंले आफ्नो निवास स्थान अन्यत्र सार्ने योजना बनाउनु पर्‍यो।

यसको लागि पहिलो कदमको रूपमा मैंले आफ्ना मित्रहरू र नातेदारहरूसँग रकम सापटी लिई भीमसेन स्थानमा एउटा सानो घर

किनें । यो घर किन्नुको मतलव वसोवासको लागि अन्यत्र व्यवस्था मिलाउनु अगाडि केही समयको लागि यो घरमा ठहर्नु थियो । २०४६ सालमा जन आन्दोलन शुरु भई पंचायत व्यवस्था ढलेर दरवारको शक्ति पनि चकनाचूर भएपछि मात्र विद्यालयबाट मेरो विरोधमा भएका अवान्छनीय गतिविधिहरू बन्द हुन पुगे । यसै बेलादेखि पंचकन्या प्राथमिक विद्यालयबाट म उपर सिर्जना गरिएको हैरानीबाट धेरै हदमा छुट्कारा मिल्यो ।

विकास कार्यको विरोधमा हो हल्ला:– मेरा विरोधीहरूले ममाथि रचेको अर्को षड्यन्त्र थियो मेरो विरोधमा बडामहारानी ऐश्वर्य, शाही नातेदारहरू र प्रमुख राजदरवार पदाधिकारी ईश्वरीमान श्रेष्ठज्यूको कानमा नराम्रो कुरा भर्नु । यो काममा प्रमुख सचिव रंजनराज खनालज्यूले प्रमुख भूमिका निभाउनु भएको थियो । दक्षिणकाली मन्दिरको प्रांगण (मूल) क्षेत्रको विकास योजनालाई लिएर उहाँले अप्रत्यक्ष तरीकाले बडागुरुज्यू अम्बिकाप्रसाद अधिकारीज्यूलाई मेरो विरोधमा भड्काई प्रांगण क्षेत्रको विकासको विरोधमा विन्तिपत्र चढाउन लगाउनु भयो । बडागुरुज्यू अम्बिका-प्रसाद अधिकारीज्यूले यसरी निभाउनु भएको षड्यन्त्रकारी भूमिकाकै कारण प्रमुख सचिव खनालज्यूले उहाँको छोरा जगदीश शर्माज्यूलाई पशुपति विकास कोषको सदस्य सचिवमा नियुक्ति दिने व्यवस्था मिलाउनु भयो । यस षड्यन्त्र पछाडि रहेका घटनाहरू निम्न लेखिए बमोजिम छन्:–

> "२०४५ साल वैशाखको शुक्ल अष्टमीको दिन राजा वीरेन्द्र पंचवली पूजा चढाउने क्रममा दक्षिणकालीको मन्दिरमा सवारी होइबक्सेको थियो । यस समयमा काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजनाको तर्फबाट दक्षिणकाली क्षेत्रको भावी विकास योजनाबारे 'ब्रिफ' जाहेर गर्न हामीलाई समय प्रदान गरिएको थियो । 'ब्रिफ' जाहेर गर्ने सिलसिलामा परियोजना प्रमुख श्याम सुन्दर शर्मा-ज्यूले सरकारमा विन्ति चढाउनु भयो:– "दक्षिणकाली क्षेत्रको बाहिरी योजना प्राय: पूरा भइसकेको छ । सरकारबाट मार्गदर्शन बक्से बमो-जिम अहिले हामी मन्दिरको मुख्य हाता या प्रांगणको विकासको लागि आफ्नो ध्यान केन्द्रित गर्दछौं । हामीले सोच्दा मन्दिरको हाता (प्रांगण) ज्यादै साँगुरो लाग्यो । हामी यसलाई अलिकति फराक बनाउन चाहन्छौं । यस सन्दर्भमा सरकारबाट हुन्छ हुकूम बक्सेमा हामीले

मन्दिरसँगैको ढिस्कोलाई केही ताछेर मन्दिरका गण देवताहरूलाई अलिकति पछाडि सार्ने विचार गरेका छौं । यस योजना अन्तर्गत मूल देवताको परिक्रमा हाता क्षेत्र भित्रैबाट गरिन सक्तछ भने सबै देवी देवताहरूको परिक्रमा भने साविकमा जस्तै बाहिरबाट गर्नु पर्ने हुन्छ । शर्माज्यूको यस जाहेरीबाट राजा खुशी होइबक्स्यो र यस अनुसार योजना कार्यान्वयन गर्न तत्कालै स्वीकृति बक्स्यो पनि । यसै सिलसिलामा हुकूम प्रमांगी पनि लेखेर पठाउने काम भयो ।''

यस योजनाको कार्यान्वयनको लागि हामीले बडागुरुज्यू अम्बिकाप्रसाद अधिकारीज्यूको अध्यक्षतामा धार्मिक विशेषज्ञहरूको बैठक बोलायौं । बैठकले गण देवताहरू सार्ने काम शुक्र (ग्रह) अस्त भएकोले तत्कालै लागु गर्न सकिंदैन, करिब ६ महीनापछि अर्थात् शुक्र उदय भएपछि यो काम गर्नु पर्ने हुन्छ भनी निर्णय दियो । यसै बखत बैठकले गण देवताहरू सार्दा अपनाइनु पर्ने धार्मिक विधिविधानबारे पनि जानकारी दिने काम गऱ्यो ।

यस बारेको अन्तिम बैठक २०४५ साल चैत २२ गते राजदरबारभित्र सचिवालय भवनको २३ नं. कोठामा सम्पन्न भएको थियो । बैठकमा भाग लिने महानुभावहरूमा विशेषज्ञको तर्फबाट मूलपुरोहित रमेशप्रसाद पाण्डेज्यू, राज ज्योतिषी मंगल राज जोशीज्यू, प्राध्यापक सोमनाथ पौड्यालज्यू, पण्डित हरिहरनाथ गौतमज्यू (राष्ट्रिय अभिलेखालय) र दक्षिणकाली मन्दिरका पुजारीहरूले प्रतिनिधित्व गर्नु भएको थियो । बैठकमा भाग लिने अरू महानुभावहरूमा त्यस बेलाका वाग्मती अंचलाधीश, प्रमुख जिल्ला अधिकारी (काठमाडौं), शेष नारायण, छैमले र दक्षिणकाली गाउँ पंचायत-का प्रधान पंचहरूका साथै अरू सरकारी पदाधिकारीहरू हुनु हुन्थ्यो ।

बैठकबाट मूर्ति सार्ने निर्णय भएको केही दिनपछि दरबारभित्र एउटा हल्ला फैलियो । यो हल्लाको मनसाय दक्षिणकाली मन्दिरका गण देवताहरू सारेर डंगोलले राष्ट्रलाई संकटकालीन अवस्थामा धकेल्दै छ भन्ने थियो । यस प्रकार हल्ला फैलिएको र बडागुरूज्यू अधिकारीज्यूको विन्तिपत्र परेको समेत कारणबाट प्रमुख राजदरबार पदाधिकारी ईश्वरीमान श्रेष्ठज्यूले मलाई आफ्नो कार्यालयमा बोलाउनु भयो र गण देवता नसार्नको लागि आज्ञा दिनु भयो । यो आज्ञाले राजाको हुकूम प्रमांगीलाई सीधै काट्दथ्यो । यसैले मैंले उहाँलाई राजाको हुकूमलाई काट्न नसक्ने कुरा जानकारी दिएँ । यसै बेला

मैंले यो हुकूम महोदयकै सामुन्ने सरकारबाट बक्सेको हो भन्ने कुरा पनि जानकारी गराएँ । यसको साथै मैले बडागुरुज्यू, अम्बिकाप्रसाद अधिकारीज्यू र अरू धार्मिक विशेषज्ञहरूले मूर्ति सार्ने कुरामा सहमति जनाउनु हुँदै मूर्ति सार्दा अपनाइनु पर्ने विधि विधान समेत निर्धारित गरी दिएको कुरा जानकारी गराएँ । यद्यपि महोदयलाई चित्त बुझ्दैन भने यस कुरालाई पुन: एक पटक राजाको सामु जाहेर गर्ने छौं भनी मैले आश्वासन पनि दिएँ ।

मैंले प्रमुख राजदरबार पदाधिकारी श्रेष्ठज्यूलाई दिएको आश्वासन तत्कालै पूरा हुन सकेन । कार्य व्यस्तताको कारण राजा वीरेन्द्रबाट काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजनाको 'ब्रिफिंग,' विशेष गरेर दक्षिणकाली मन्दिरका गण देवताहरू सार्ने विषयको 'ब्रिफिंग,' सुन्नको लागि समय दिन सकिबक्सेन । यसैले हामी पंचबली पूजाको लागि दक्षिणकाली सवारी होइबक्सने दिन अर्थात् २०४६ सालको वैशाख शुक्ल अष्टमीको दिनलाई पर्खंदै गर्‍यौं ।

हुकूम प्रमांगीको विरोधमा षड्यन्त्र:- २०४६ साल वैशाख शुक्ल अष्टमीका दिन राजा वीरेन्द्र निजामती र जंगी पदाधिकारीहरूको लस्कर लिएर दक्षिणकाली मन्दिर सवारी होइबक्स्यो । हामीले दक्षिणकालीको हाता (प्रांगण) मा रहेका गण देवताहरू सार्नेबारे 'ब्रिफ' जाहेर गर्ने अवसर पायौं । यसै बेला बडामहारानी ऐश्वर्यबाट सोधी बक्सियो:- "यी गण देवताहरूको मूर्ति नसारे हुँदैन र ?" बडामहारानीबाट सोधी बक्सेको प्रश्नको जवाफ दिंदै मैंले बिन्ति चढाएँ:- "सरकार, गण देवताहरूको मूर्ति अलिकति सार्दा हाता क्षेत्र वा प्रांगण भव्य र शोभनीय देखिने हुन्छ । यही कारणले गर्दा हामीले यो योजना अघि सारेका हौं ।" हाम्रो कुरा सुनेर राजा अति खुशी होइबक्स्यो । रानीबाट पुन: सोधनी गरिबक्स्यो:- "यी देवताहरू सार्‍यो भने देशलाई खतरा आइपर्दछ भनिन्छ नी ।" मैंले पनि जवाफमा बिन्ति चढाएँ:- "यही कुरालाई विचार गरेर बडागुरु, अम्बिका-प्रसाद अधिकारीज्यूको अध्यक्षतामा बैठकको आयोजना गरी धार्मिक विशेषज्ञहरूको पनि सल्लाह लिएका थियौं । उहाँहरूले हाम्रो कार्यक्रममा सहमति जनाउनु भएको छ । बरु उहाँहरूले मूर्ति सार्दा अपनाइनु पर्ने पूजा पद्धतिबारे पनि बताउनु भएको छ, मूर्ति सार्ने क्रममा हामीले यस कुरालाई कार्यान्वयन पनि गर्नेछौं ।" यसै बेला मैंले राजा वीरेन्द्रका हजूरमा बैठक-

वाट भएका निर्णयको प्रतिलिपि पनि नजर गराएँ । राजाबाट तुरुन्त हुकूम भयो– ''के म यो निर्णय पढी रहन भ्याउँछु र ?'' यस बेला मेरा जवाफ थियो:– ''यो त सरकारको जानकारीको लागि मात्र नजर गराएको ।'' मेरो जवाफ सुनेर राजा वीरेन्द्र अझ वढी सन्तुष्ट होइबक्स्यो र हाम्रो प्रस्तावलाई स्वीकृति प्रदान गरिबक्स्यो पनि । यस बेला दरवारका विशिष्ट पदाधिकारीहरू, विशेष गरेर प्रमुख राजदरबार पदाधिकारी ईश्वरीमान श्रेष्ठज्यू र प्रमुख निजी सचिव नारायणप्रसाद श्रेष्ठज्यू, एक प्रकारको डरले काँपी राख्नु भएको थियो । उहाँहरू यस प्रकार काँप्नुको पछाडि मबाट वडा महारानीको हुकूमको अवहेलना भयो भन्ने थियो । यसै बेला बडामहारानीबाट मूल देवतासँगै टाँसिएको मूर्तिलाई संकेत गर्दै हुकूम भयो:– ''यो मूर्तिलाई मूल देवताबाट छुट्याउन मिल्दैन भनिन्छ नी ?'' प्रमुख राजदरवार पदाधिकारीज्यूले बडामहारानीको ध्यान अर्कै तर्फ मोड्न ,मूर्तिबारे सानो विवरण पेश गर्नु भयो । मैले उहाँका शब्दहरूलाई खण्डन गर्दै ''यो प्रमुख राजदरवार पदाधिकारी श्रेष्ठज्यूले बताउनु भए झैं वाराहीको मूर्ति होइन । यो विष्णुको शक्ति अर्थात् वैष्णवीको मूर्ति हो । यसैले यसले चक्रलाई धारण गरिराख्नु भएको छ । यो पनि गण देवताभित्रै पर्ने हुँदा यसलाई पनि केही मात्रामा सार्न सकिन्छ, सरकार,'' भनी विन्ति चढाएँ । राजा वीरेन्द्र हाम्रो जवाफबाट पूरा सन्तोष होइबक्स्यो र हामीले प्रस्तावित गरे वमोजिम मूर्ति सार्न सहमति बक्स्यो । राजा वीरेन्द्रबाट यसरी सहमति बक्सेको देखेर प्रांगणमा भेला भएका अधिराजकुमार ज्ञानेन्द्र तथा अधिराजकुमारी कोमल लगायतका दरवारका पदाधिकारीहरू ताज्जुव मानेको देखियो ।

अर्को दिन प्रमुख राजदरवार पदाधिकारी ईश्वरीमान श्रेष्ठज्यू सामु उपस्थित भई मैले राजा वीरेन्द्रबाट दक्षिणकाली क्षेत्रको विकासको लागि बक्सेका मार्गदर्शनहरू उहाँलाई नजर गराएँ । यी मार्गदर्शनहरू पढेर उहाँले गण देवताहरू सार्ने बारेको निर्देशन हटाउनको लागि आज्ञा दिनु भयो र मैले उहाँको आज्ञा पालन गरेँ पनि सायद यही कारणले गर्दा दक्षिणकाली देवी रिसाएर हो वा अन्य कुनै कारणले हो, यसै बेलादेखि नेपाल र भारत बीचको सम्बन्ध क्रमश: बिग्रँदै गयो । भारतले नेपालको विरुद्ध व्यापारको कुरामा नाकाबन्दी लगाए । करीव १२ महीनापछि नेपालमा एक यस्तो अवस्था सिर्जना भयो जसले जन आन्दोलनलाई निम्त्यायो । यसरी निम्त्या-

इएको जन आन्दोलनको कारण दरबारले संकट भोग्नु पऱ्यो र आफूमा रहेको सार्वभौम सत्ता पनि गुमाउनु पऱ्यो। गण देवताहरूको मूर्ति सार्ने स्वीकृति प्रदान नगरिएकोमा मैंले आफूलाई ज्यादै भाग्यमानी सम्झें पनि।

चिरन शम्शेर थापाज्यूलाई प्रत्युत्तरः— दक्षिणकाली क्षेत्रको काममा यति धेरै संलग्न भए तपनि मैंले आफूलाई यस क्षेत्रको विकासको लागि मुख्य व्यक्तिको रूपमा लिएको छैन। वास्तवमा यो वरिष्ठ अभियन्ता श्याम-सुन्दर शर्माज्यूको दूरदृष्टि **(vision)** र क्षमताको उपज थियो। शर्माज्यूले गर्नु भएको अति राम्रो कामको जश उहाँलाई नै मिलोस् भनी २०४४ र २०४५ सालको राजाको शुभ जन्मोत्सवको उपलक्ष्यमा उहाँलाई पनि विभूषण प्रदान गरियोस् भनी काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास समन्वय समितिको सदस्य सचिवको हैसियतले मैंले सिफारिस गरेर पठाएको थिएँ। त्यस बेलाका शिक्षा मन्त्रीज्यूबाट पनि सिफारिसमा सही गरिदिनु भएका थियो। यसरी सिफारिस पठाउँदा पनि शर्माज्यूले विभूषण पाउन सक्नु भएन। दोश्रो पटक सिफारिस गर्दा मैंले यस कुरालाई प्रमुख निजी सचिव नारायणप्रसाद श्रेष्ठज्यूमा पनि जानकारी दिएको थिएँ। श्रेष्ठज्यूले यस कुरालाई गम्भीरतापूर्वक लिनु भएर सरकारमा विन्ति चढाएर भए पनि उहाँको नाम विभूषण पाउनेहरूको फेहरिस्तमा समावेश गरी दिनु हुनको लागि प्रमुख सम्वाद सचिव चिरन शम्शेर थापा-ज्यूलाई पत्र लेख्नु भयो। उहाँले यसरी लेख्नु पर्नाको कारण शर्माज्यू आवास तथा भौतिक योछना मन्त्रालय अन्तर्गतको कर्मचारी हुनुहुन्थ्यो जुन क्षेत्रको सबभन्दा वरिष्ठ सुपरिवेक्षक थापाज्यू हुनुहुन्थ्यो। आवास तथा भौतिक योजना मन्त्रालयबाट विभूषण पाउनेहरूको नामावली अन्तिम छनौट गर्ने काम पनि थापाज्यूकै भएकोले म पनि उहाँकहाँ गई यस बारेमा विचार पुऱ्याई दिनु हुन अनुरोध गरें। यस प्रकार पत्र पठाउने र अनुरोध गर्ने गर्दा पनि शर्माज्यूले दोश्रो पटक पनि विभूषण पाउन सक्नु भएन। मैंले आफूलाई एक प्रकारले अनौठो स्थितिमा पाएँ।

२०४६ साल पुस १९ गतेको दिन। युवराजाधिराज दीपेन्द्र उमेर पुगिबक्सेको अवसरलाई लिएर राजदरबारमा एक भव्य समारोह मनाइँदै थियो। समारोह मनाउने सिलसिलामा राजा वीरेन्द्रबाट केही समय अघि मात्र युवराजाधिराजमा शाही नेपाली सेनाको प्रधान महासेनानी

(Colonel-in-Chief) दर्जा र नेपाल अधिराज्यका विभूषणहरूको सबै काम हेर्ने गरी पृथुलाधीश (**Grand Master**) को सम्मान प्रदान गरिबक्सेको थियो। यस सुखद अवसरमा युवराजाधिराजको दर्शन गर्न दरबारका कर्मचारीहरू लाइनमा उभिरहेका थिए। यसै बेला मेरो सामना प्रमुख सम्बाद सचिव चिरन शमशेर थापाज्यूसँग भयो। थापाज्यूले त्यस वखत मलाई नारायणप्रसाद श्रेष्ठज्यूले कस्तो अभियन्ताको नाम विभूषणको लागि सिफारिस गर्नु भएको? वडामहारानी सरकारबाट यो अभियन्ता (**engineer**) लाई चिनिनै बक्सेन भन्नु भयो। यो कुरा सुनेर मलाई दरबारभित्र रहेका मंडले गिरोह (**palace mafia**) बारे याद आयो. जसलाई पूर्व प्रधानमन्त्री सूर्य बहादुर थापाज्यूले भूमिगत गिरोहको संज्ञा प्रदान गर्नु भएको थियो। यही मण्डले गिरोहले जताततै अपराध, विकृति र भ्रष्टाचार फैलाउने गरेको कारण नै देशले प्राणातक वातावरण (**lethal atmosphere**) सहनु परेको थियो। यस्तै मैंले नेपालका ख्यातिप्राप्त पत्रकार पदम ठकुराठीले **साप्ताहिक विमर्श**मा दरबारका मण्डले गिरोहले चलाएको अपराध कार्यहरूलाई भण्डाफोर गर्दै लेख्नु भएका लेखहरू पनि सम्झें। यस मण्डले गिरोहको कार्यकलापबारे वोरे, पाण्डे र तिवारीहरूले लेख्नु भएका केही हरफहरू यस प्रकार छन्:—

> "विशेष गरेर आर्थिक विकासको क्षेत्रमा भएको भ्रष्टाचारले गर्दा देशको शहरी क्षेत्रभित्र रहेको सानो वर्गमा असीमित धन थुप्रने काम भयो। यस वर्गमा राजपरिवारका सदस्य र तिनका नातेदार तथा घनिष्ठ मित्रहरू (**cronies**), राजनीतिज्ञहरू, राजदरवार र सरकारी सचिवालयका माथिल्लो तहका नोकरशाहहरू, सैनिक र प्रहरीका उच्च पदस्थ अधिकारीहरू सम्मिलित थिए। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाका ठेकेदारहरू ठेक्का पत्ता हासिल गर्ने सिलसिलामा एक आफसमा षड्यन्त्र र होडबाजी गर्दै राजदरवार निकटका राजनीतिज्ञ तथा नोकरशाह-हरूलाई कमिशनको रूपमा ठूलो रकम घुस चढाउँदथें। यसरी प्राप्त भएको रकम पदाधिकारीहरू बीच दामासाहीको हिसावले बाँडिन्थ्यो। यो रकम आखिर जापान, संयुक्त राज्य, स्वीजरलाण्ड, हंगकंग, सिंगापुर, दुवई र अरू मुलुकमा बैंकहरूको खातामा जम्मा हुन्थ्यो किनकि यिनै

बैंकहरूमा यसरी भ्रष्टाचार गरी कमाएको धन सुरक्षित तरीकाले राख्न सकिन्थ्यो ।''३०

अकस्मात् मेरो मुखबाट केही कडा शब्दहरू निस्किए र यी शब्दहरू थिए:– ' प्रिय महोदय, यो त ज्यादै वाहियात कुरा भयो । बडामहारानी सरकारबाट वरिष्ठ अभियन्ता श्याम सुन्दर शर्माज्यूलाई चिनिबक्सेन भनी महोदयले कसरी भन्नु भयो । शर्माज्यूले दक्षिणकाली क्षेत्रको विकास योजनालाई लिएर धेरै पटक दरवारमा हाजिर भई ब्रिफ जाहेर गरेको कुरा महोदयलाई जानकारी नै होला । सरकारहरू आफैं पनि शर्माज्यूको 'ब्रिफ' सुन्दै दक्षिणकाली क्षेत्रको पैदल मार्गबाट धेरै पटक सवारी होइबक्सेको थियो । कुनै बेला सरकारहरू शर्माज्यूले गरेको अति राम्रो कामबाट खुशी होइबक्सेको उहाँलाई आफ्नो मोटरमा राखी ब्रिफ सुन्दै दक्षिणकाली क्षेत्रको बाहिरी हाता नजर गरिबक्सेको थियो । यदि बडामहारानी सरकारबाट यस्ता व्यक्तिलाई पनि चिनिबक्सँदैन भने कस्ता मानिसलाई चिनिबक्सन्छ त । महोदयको भनाई बडामहारानी सरकारबाट कमिशन एजेन्टहरूलाई मात्र चिनिबक्सन्छ भन्ने हो की ?'' मेरो मुखबाट अनायास निक्लेका यी शब्दहरूले थापाज्यूलाई चुप रहन बाध्य पार्‍यो । यसको परिणाम यो भयो कि उप सचिव (हालको सह सचिव) मोहन बहादुर पाण्डेज्यू, सहायक सचिव प्रदीप अर्यालज्यू आदि जस्ता चिरन शम्शेर थापाज्यूका चम्चाहरूको नाम मेरो विपक्षहरूको फेहरिस्तमा थपिए ।

अरू विभागहरूमा

२०४६ साल चैत्रको तेश्रो सप्ताह । राजदरवार सेवाका प्रथम व्यक्ति याने प्रमुख राजदरवार पदाधिकारी ईश्वरीमान श्रेष्ठज्यूले मलाई आफ्नो कार्यालयमा बोलाउनु भयो । त्यस बेला उहाँले मलाई आफ्नो पदबाट राजिनामा चढाउने सल्लाह दिनु भयो । मैंले उहाँसँग यसको कारणबारे जानकारी माग्दा उहाँले जवाफमा भन्नु भयो:– ''भाइको नम्वर ज्यादै कम छ । भाइले यस वर्ष पनि पदोन्नति पाउन सक्तैन । यसले गर्दा भाइले आफूलाई हीनताभास महसूस गर्नु पर्ने हुन्छ । भाइ अन्यत्र सरुवा हुने वा यथावत् रहने कुरामा पनि कमै सम्भावना देख्दछु ।'' उहाँले यस प्रकारको प्रश्न सह सचिव पुरुषोत्तम प्रसाद अर्याल र अरूहरूलाई पनि सोधी सक्नु भएको रहेछ । यो प्रश्न सुनेर म अवाक् भएँ । मेरो सामु श्रेष्ठज्यूको चाप्लुसीपन र टेढो स्वभाव

स्पष्ट छर्लङ्ग गियो । मैंले मनमनै सोधें ''के राजदरवार सेवाका प्रथम व्यक्ति ईश्वरीमान श्रेष्ठज्यूले यतिको नीच धरातलमा ओर्ली यस्ता वाहियात प्रश्न-हरू पनि सोध्न सक्नु हुँदो रहेछ र ?'' वास्तवमा उहाँ चाप्लुसी र चाकडीको शिकार भई सक्नु भएको रहेछ । राजा वीरेन्द्र र राजपरिवारका सदस्यहरू-लाई खुशी पार्न उहाँ यतिको नीच धरातलमा ओर्लनु भएको रहेछ । यसले गर्दा मेरो मुखवाट केही सनकी कुराहरू निस्क्यो र यी कुराहरू यस प्रकार थिए:– ''मलाई मेरो हाकिम रेवतीरमण खनालले ज्यादै कम नम्बर दिन्छ भन्ने कुरामा कुनै शंका छैन । मैंले अरू कसैको सिफारिसमा भन्दा आफ्नै क्षमता र सहृदयतामा बढी विश्वास राखेको छु । तर महोदयले बुझ्नु पर्ने कुरा के हो भने राजा आफैंले पनि मेरो काम, क्षमता र काविलताबारे जानकारी राखिवक्सेको छ । सरकारवाट केही विकास क्षेत्रहरूको भ्रमणको अवसरमा मलाई अति राम्रो 'व्रिफ' जाहेर गर्ने दरवारिया कर्मचारीको रूपमा पाई वक्सेको छ । यसमाथि पनि मौसूफवाट मलाई काठमाडौं उपत्यका-भित्रका धेरै सांस्कृतिक तथा धार्मिक क्षेत्रहरूको विकास कार्यहरू सुपरिवेक्षण गर्ने जिम्मा लगाई वक्सेको छ । कुनै बेला महोदय पनि दक्षिणकाली मन्दिरमा राजपरिवारको साथ पाल्नु भएको थियो । राजपरिवार मेरो सुपरिवेक्षणमा फर्पिंग बजार र दक्षिणकाली क्षेत्रमा सम्पन्न भएका विकास कार्यहरू देखेर खुशी होइवक्सेको थियो । मौसूफहरूवाट मेरो काविलतालाई तारिफै गरी वक्सेको थियो । दक्षिणकाली मन्दिरको प्रांगण फराक पार्नेबारे मैंले 'व्रिफ' जाहेर गरेको बेला महोदय र नारायणप्रसाद श्रेष्ठज्यू डर र उत्तेजनाले काँपि-रहनु भएको थियो । त्यस बेला मैंले वडामहारानीको वचनलाई पनि अवहेलना गरे जस्तो गर्नु परेको थियो । यसरी बडामहारानी सरकारको वचनको अवहेलना गरेको जस्तो अवस्थामा पनि सरकारवाट ठूलो हूलका बीच मेरो प्रस्तावलाई समर्थन गरी वक्सेको थियो । यस हूलमा अधिराज-कुमार ज्ञानेन्द्र, अधिराजकुमारी कोमल, महोदय र अरू राजदरवार तथा श्री ५ को सरकारका विशिष्ट पदाधिकारीहरू पनि सम्मिलित हुनु हुन्थ्यो ।''

यी कुराहरूको साथै मैंले आफूले गरेका अन्य सफलताका कथाहरू एक एक गरेर वताउँदै गएँ । यदि उहाँ राजाको सच्चा र बफादार नोकर हुनु भएको भए मैंले आफ्नो कामको सिलसिलामा आफूभन्दा वरिष्ठ दौंतरी-हरूलाई पनि कसरी उछिनेको रहेँछु भन्ने बुझ्नु हुन्थ्यो । तर दुर्भाग्यको कुरा मलाई आफूले पूर्व जन्ममा गरेको पापको फल भोग्नै थियो । यसैले उहाँ

मेरा यस्ता कुराहरू सुन्ने धूनमा हुनुहुन्थेन । यसैले मैंले पुनः थपें:– "यी कुराहरू जानेर पनि यदि सरकारबाट, महोदयबाट पनि, यस्तै नकारात्मक धारणा राखिबक्सिन्छ भने मलाई आफ्नो पक्षमा केही भन्नु छैन । सरकार-बाट जे चाही बक्सन्छ त्यही होस् । तर विचार गर्नु होला, सरकारबाट यस्तो नकरात्मक धारणा राखिबक्सेको कारण आफैंबाट उचित फल पनि भोगिबक्सनु पर्नेछ ।"

यसको केही दिनपछि, मलाई रिकर्ड विभागमा हाकिमको रूपमा काम गर्न खटाई बक्स्यो । यसको केही दिन बाद राजा वीरेन्द्रले ममाथि प्रमुख राजदरबार पदाधिकारी ईश्वरीमान श्रेष्ठज्यू मार्फत् जस्तो प्रश्न उठाई बक्सेको थियो ठीक त्यस्तै प्रश्न नेपाली जनताले राजामाथि उठाएको देखेर म ताज्जुब भएँ । त्यस बेला जनताले दरबारको विरोधमा एक अभूतपूर्व आन्दोलन संचालन गरे र साथै "वीरे चोर गद्दी छोड!!" (परिशिष्ट नं. ५ मा पनि हेर्नु होला) को नारा लगाउँदै राजालाई गद्दी छोड्नको लागि आह्वान गरे । फलस्वरूप राजाले जन आन्दोलन सामु झुकेर आफूमा रहेको सार्वभौम सत्ता जनतामा सुम्पिबक्सनु पर्‍यो ।

मबाट बोलिएका कुराहरू एक कान, दुइ कान गर्दै दरबारका प्रायः सबै वरिष्ठ कर्मचारीहरूमा फैलिसकेको रहेछ । मेरो विरोधमा रहेका वरिष्ठ कर्मचारीहरू, ती कर्मचारीहरू, जसले राजाको हुकूमको नाममा दिनदहाडै लुट्ने गरेका थिए, मेरो कुराबाट अति दुःखित भएका थिए । उहाँहरू आफ्नो काम गर्ने तरीका र चलनमा परिवर्तन ल्याउनुको सट्टा मलाई बदला लिने धूनमा हुनु हुन्थ्यो । तर मैंले उहाँहरूको धारणा प्रति कुनै ध्यान दिइनँ पनि । मेरो विचारमा मेरो वाणीको कारण दरबारको शक्ति क्षय भएको नभई राजाको आफ्नै कार्यकलापले गर्दा यस्तो हुन गएको भन्ने थियो । यद्यपि म मेरो नयाँ कार्यालयमा तीन पटक मूर्छा परें । केही रहस्यदर्शी र महात्मा-हरूको विचारमा मूर्छा पर्नुको कारण कसैले शैतानी शक्ति प्रयोग गरेकोले हो भन्ने थियो । रोग दुइ तीन दिनभित्रै ठीक भएकोले मैंले (मेरो विरोधमा शैतानी शक्ति प्रयोग गर्ने) अपराधीलाई पत्ता लगाउनेबारे कपाल दुखाइँन पनि । तर ताज्जुबवश मलाई थाहा हुन आयो कि म तीन पटक मूर्छा परेको बखत राजा वीरेन्द्रले पनि तीनवटा विकराल समस्याहरू भोगिबक्सनु पर्‍यो र ती समस्याहरू हुन्:–

क) २०४७ साल वैशाख २८ गते राजा वीरेन्द्रबाट संविधान सुधार सुझाव आयोग गठन गरिबक्स्यो । मौसूफबाट यो घोषणा अन्तरिम सरकारका प्रधान मन्त्री कृष्ण प्रसाद भट्टराईको सल्लाह नलिइकन गरिबक्सेको थियो । राजनीतिक नेताहरूले यस कार्यलाई राजाबाट पुनः आफूमा शक्ति फर्काउन रचेको चाल ठाने । यसैले उनीहरूले यस कदमको घोर भर्त्सना गरे जसले गर्दा राजाले २०४७ साल जेठ १ गतेका दिन उक्त आयोगलाई विघटन गरिबक्सनु पऱ्यो ।

ख) २०४७ साल भदौ २५ गते न्यायाधीश विश्वनाथ उपाध्यायज्यूले राजा वीरेन्द्रमा नयाँ संविधानको मस्यौदा बुझाउनु भयो । राजाबाट प्रमुख सम्वाद सचिवालय मार्फत् सूचना जारी गराई संविधान लागू गर्ने कार्य ढिलाउन खोजी बक्स्यो । प्रमुख सम्वाद सचिवालयको सूचनामा संविधान लागू गर्ने दिन दीपावली बिदासम्मको लागि रोकिएको कुरा उल्लेख थियो । नेपालका राजनीतिक नेताहरूले यसरी ढीला गरिनुको पछाडि प्रजातान्त्रिक आन्दोलनबाट प्राप्त उपलब्धिलाई एकातिर पन्छाउन खोजेको भनी शंका गरे । यसैले उनीहरूले जनतालाई प्रजातन्त्रको विरोधमा हुन सक्ने खतरा प्रति संकेत गर्दै सभाहरू संचालन गर्ने तथा प्रेस बक्तव्य निकाल्ने काम गरे ।

ग) २०४७ साल कार्त्तिक ४ गते राजाबाट नयाँ संविधानको घोषणा भयो । यो संविधान अन्तरिम सरकारले अन्तिम रुप दिएको संविधानभन्दा मूलभूत रूपमा फरक थियो । यसले गर्दा राजनीतिक पार्टी र व्यवसायिक समन्वयकर्ताहरूको समूह (**professional solidarity group**) उत्तेजित भएर उनीहरुले यसको विरोधमा सभा तथा विरोध जुलूश-हरूको आयोजना गरे जसले गर्दा राजाबाट सो संविधान फिर्ता लिई बक्सनु पऱ्यो ।

यस्ता स्थितिहरू सामना गरिबक्सेपछि पनि राजा वीरेन्द्र आफ्नो स्वभाव परिवर्तन गर्ने पक्षमा होइबक्सन्नथ्यो । मौसूफ सरकार दरबारका कर्मचारीहरूको लागि आफैंले लागू गरिबक्सेको नियममा पनि टिकिबक्सेन । कुनै बखत एउटा दरबारको कर्मचारी म कहाँ आएर मलाई मभन्दा पछिको दौंतरी नरेन्द्रराज पाण्डेज्यूले निकट भविष्यमा पदोन्नति पाउने कुरा सुनाए । राजपरिवारबाट पहिलेका बर्षहरूमा जस्तै मलाई नीचा देखाउन यस्तो प्रयास

भएको भन्ने कुरा मलाई जानकारी थियो । त्यसैले मैले जवाफमा भनें:– ''यो कुरा मलाई पनि थाहा छ । पाण्डेज्यू यस्तो अधिकारी हुनु हुन्छ जसलाई राजाको हुकूमबाट कुनै पनि बेला जे चाहे पनि दिन सकिन्छ । तर मेरो विचारमा उहाँलाई सचिवमा पदोन्नति गरिनु राजाको हुकूमबाट मन्त्री हुने उहाँको भाई देवेन्द्रराज पाण्डेज्यूको सामु नीचा देखाउनु हो । यस कुरालाई विचार गरेर राजाबाट उहाँलाई उहाँको भाइको सामु नीचा नदेखिने गरी सचिवको सट्टा प्रधानमन्त्री बनाई बक्सनु पर्दछ ।'' यी कुराहरू बोल्दा मलाई मनमा लागेको थियो यदि यस्तै अरूलाई नीच देखाउने परम्परा चल्दै रहने हो भने नेपाली जनताले राजा वीरेन्द्रलाई आजको नेपालको धृतराष्ट्रमा गणना गर्नेछ । नभन्दै केही दिन पछाडि एक दरबारीलाल पूर्व मन्त्री के. वी. शाहीले एउटा अन्तर्वार्तामा पोख्नु भएका उद्‌गारहरू सुन्दा म छक्क परें । उहाँका उद्‌गारहरू:– ''राजा महाभारतको धृतराष्ट्र जस्तै हो । धृतराष्ट्र पनि आँखा देख्थे, तर नदेखेको जस्तो गर्नु परेको मात्र हो । दरबारलाई गुटबन्दी र भाई–भारदारले बिगारेका हुन् ।''[३२]

पछिल्ला वर्षहरूमा पदोन्नति सूचीमा म १ नम्बरको उम्मेदवार थिएँ । यी वर्षहरूमा मलाई खर्च विभागको हाकिमको रूपमा सरूवा गरियो । यो विभागमा रहँदा म राजपरिवारका सदस्यहरू, विशेष गरेर बडामहारानी ऐश्वर्य र मुमा बडामहारानी रत्नको सम्पर्कमा पनि पुगेको थिएँ । मौसूफहरू मबाट विभागमा भएको काम देखेर सन्तुष्ट होइबक्सन्थ्यो । मौसूफहरू म बढी विनम्र रहोस् भन्ने चाहिबक्सन्थ्यो । आफूभन्दा तलका दौंतरीहरूको सामु पहिलै नीचा देखिइसकेकोले मैले आफ्नो व्यवहारमा परिवर्तन ल्याउन सकिनँ । यसले गर्दा पदोन्नतिको सूचीमा नं १ को उम्मेदवार भए तापनि मैले पदोन्नति पाउन सकिनँ । आफ्नै मनोभावले गर्दा मलाई राजदरवारको सेवामा टिकिरहन इच्छा पनि भएन । राजदरवार सेवा नियमावली श्री ५ को सरकारबाट सहमति जनाई लागू गरिएको भए आफूमाथि भएको अन्यायको विरुद्ध मैले सर्वोच्च अदालतमा गई मुद्दा दायर गर्थें पनि । तर यो कुरा सम्भव हुन सकेन । तीन वर्षपछि राजदरवार सेवा नियमावली संशोधन भयो । सह सचिवको पदावधि १२ वर्षबाट ६ वर्षमा झारियो र यसैको आधारमा मलाई अवकाश दिइयो पनि । यस प्रकार मैले ३५ वर्ष ६ महीनादेखि दरवारमा रही बोकी आएको भारी बिसाउने अवसर पाएँ ।

सन्दर्भ सूची

१) पोखरेलज्यू र पाण्डेज्यू क्रमश: हाल राजाको सचिव तथा सह सचिवमा वहाल हुनु हुन्छ ।

2) M.M. Rajbhandari, **Problems of Transit Trade: Transit Procedures From Calcutta to Nepal,** (paper prepared for presenting to ESCAP/UNCTAD/UNDP workshop on Special Measures in Favour of Least Developed Land-locked Countries, Nov, 22-27, 1982.)

3) L.G. Shrestha, **Current Status of Operational Problems Relating to Nepal's Transit Trade,** (Paper prepared for presenting to ESCAP/UNCTAD/UNDP Workshop on special Measures in Favour of Least Developed Land-locked Countries, Nov. 22-27, 1982.)

४) शाहज्यू राजदरवारको सबभन्दा सच्चा र समर्पित अधिकृतहरू मध्ये एक हुनु हुन्थ्यो । उहाँ मलाई राम्रो व्यक्ति सम्झेर नै मेरो घरमा पाल्नु भएको थियो ।

५) जगदीश चन्द्र रेग्मी, **श्री दक्षिणकाली: ऐतिहासिक सांस्कृतिक अध्ययन** (काठमाडौं: दक्षिणकाली प्रवन्ध समिति, २०४८)

६) राजभण्डारीज्यू मेरा हाकिमहरूमध्ये एक हुनु हुन्थ्यो । उहाँकै सिफारिशमा मैले दरबारको सेवामा प्रवेश गरेको थिएँ । यस प्रकारको सहयोग र मद्दतको बावजूद म उहाँको कपटकला (blackmaling) र शैतानको साधना गर्ने (satan worshipping)

गतिविधिको कारण म उहाँसंग मिल्न सकिनँ । साथै उहाँ एक यस्तो व्यक्ति हुनु हुन्थ्यो जसले आफ्नो स्वार्थको लागि कुनै पनि बेला जो कोहीलाई पनि धोका दिन सक्नु हुन्थ्यो । एक पटक उहाँलाई राजाको नाम दुरूपयोग गरी करोडौं रुपैयाँको जवाहरात तेश्रो मुलुकबाट झिकाएकोमा र ५५५ मार्काको चुरोट काठमाडौं स्थित सुविधादायक पसल (bonded ware house) को सट्टा हंगकंगबाट झिकाएकोमा कार्वाई चलाइएको थियो । उहाँको यस्तै कीर्ते गतिविधिले गर्दा राजा वीरेन्द्रबाट एक पटक उहाँलाई चार तह तल पदावनति (**demotion**) पनि गरी बक्सेको थियो । तर मुमा बडामहारानी रत्नको जोडबलले गर्दा उहाँ पुरानै पदमा थमौती हुन पाउनु भयो । एक पटक उहाँले मलाई उहाँको कपटकलामा साथ दिन मद्दत माग्नु हुँदा मैंले उहाँको कपटकलामा साथ दिइनँ । त्यसै बेला-देखि उहाँ मलाई नोकरीबाट हटाउनमा प्रयासरत हुनु हुन्थ्यो ।

७) यो विद्यालय काठमाडौंको छाउनी स्थित मेरो घर नजीक रहेको छ । हाल यसलाई माध्यमिक विद्यालयमा परिणत गरिएको छ ।

८) **साप्ताहिक निर्माण,** (काठमाडौं), भदौ २७, २०४६ ।

९) काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास परियोजना-द्वारा २०४५ साल चैत २२ गते बोलाइएको बैठकमा निर्णय ।

१०) Ole Borre, Sushil R. Pandey and Chitra K. Tiwari, **Nepalese Political Behaviour** (New Delhi: Sterling Publishers Pvt. Ltd., 1994), p. 27,

११) सानु भाइ डंगोल, "खनालको राजतन्त्र डुबाउने सल्लाह," **मूईंचालो साप्ताहिक,** (काठमाडौं), जेठ २६, २०५३ ।

१२) **जन आस्था** साप्ताहिक, (काठमाडौं), फागुन १, २०५३ ।

★

अध्याय ६

भुवनप्रसाद श्रेष्ठज्यूको स्मृतिमा खसेको आँशु

श्रेष्ठज्यूको स्मृतिमा आँशु

भुवनप्रसाद श्रेष्ठज्यू स्वर्गवास हुनु भएको आज १८ वर्ष भइसक्यो । उहाँ स्वर्गबास भएपछि काठमाडौं स्थित रहस्यवादको प्रमुख मरूउद्यान (oasis) एक प्रकारले सुख्खा भएको छ । श्रेष्ठज्यूले छोडेर जानु भएको स्थानलाई पूर्ति गर्न उहाँ जस्तो अर्को सबल व्यक्तित्व हालसम्म देखा पर्न सकेको छैन । उहाँको सम्झनामा केहीं थोपा आँशु चुहाउने बाहेक हामीले उहाँको लागि गर्न सक्ने अरू केही कुरा पनि थिएन । उहाँको स्वर्गारोहणले गर्दा मैंले आफूलाई दुःख र संकटको घडीमा मार्गदर्शन गर्ने एक अभूतपूर्व गुरुसँग बिछोडिनु पऱ्यो । काठमाडौंको त्यौड टोल निवासी पूर्णकुमार श्रेष्ठज्यूले भने आफ्नो ईष्टदेवता नाटेश्वरसँग सम्पर्क राख्ने (कुरा गर्ने) शक्ति गुमाउनु भयो । काठमाडौंको स्वयम्भू निवासी लीलाकृष्ण श्रेष्ठज्यूले रहस्यमय शक्ति प्रयोग गरी आफूलाई बेहोश पार्न सक्ने एक मित्र गुमाउनु भयो । यस्तै अरु धेरै मानिसहरूले आफ्नो प्रमुख सल्लाहकार (consultant) लाई एक वा अन्य प्रकारले गुमाउनु पऱ्यो । यस प्रकार श्रेष्ठज्यूको स्वर्गारोहणले काठमाडौंमा रहेको रहस्यवादको मरूउद्यानमा अपूरणीय क्षति पुऱ्यायो ।

आज म यस अति सीधा कल्याणमित्र याने काठमाडौंमा जन्मनु भएका यस रहस्यवादका अलौकिक प्रतिभाको सुखद स्मृतिमा केही थोपा आँशु चुहाउँदै छु । मेरा यीं आँशुका थोपाहरू मेरो हृदयमा संचित केही दुःख र केही खुशीका आँशुहरू पनि हुन सक्छन् । यसैले यी आँशुहरू केवल मेरा आँखाहरूबाट रसाएर आएको नभई हृदयतलदेखि नै उब्जिएर

आएका हुन् । यी आँशुहरूले यस बेला अक्षर अनि शब्द र वाक्य गर्दै पुस्तिकाको रूप लिन लागेको छ । काठमाडौं जस्तो सांसारिक मरुभूमिमा रहेको यस अति सुन्दर मरुउद्यान सुक्न गएकोमा म दुःखको आँशु झार्न पनि अति विवश भएको छु । यस्तै म खुशीको आँशु झार्न पनि उत्तिकै विवश भएको छु किनकि मैले कुनै बेला यस मरुउद्यानबाट अमृत रुपी जल पिउने अबसर पाएको छु ।

मैले आज सकार्नु पर्ने कुरा के हो भने मैले यस रहस्यदर्शीले जस्तो अलौकिक शक्ति प्राप्त गरेको छैन । मैले उहाँले जस्तै दैवी शक्ति शक्तिपात गर्न सक्छु भन्ने कुरामा दावा गर्न सक्तिनँ । यस्तै न त म दिव्य दृष्टिको आधारमा भविष्यवाणी गर्ने वा अरूको दैनिक समस्याहरू समाधानको लागि सल्लाह दिन नै सक्षम छु । यस प्रकारका कमी, कमजोरीहरूको वाद पनि यस्ता शक्तिहरू उपलब्ध गर्न नपाएकोमा मैले आफूलाई भाग्यमानी नै ठानेको छु । यदि ममा यस्ता शक्ति उपलब्ध भएको भए म र अरूले भुवनप्रसाद श्रेष्ठज्यूलाई देवी दक्षिणकालीको रूपमा माने जस्तै मलाई पनि आफ्नो देवता सम्झी धेरै मानिसहरू मकहाँ ओइरिने थिए । उहाँहरूले आफ्ना दुःख निवारण गरी दिन वा केही भविष्यवाणीहरू बताउन मलाई अनुरोध पनि गर्ने थिए । यस्तै कसैले आफूलाई भूत प्रेत, दुर्भाग्य र घाउचोटबाट बचाउन पनि मेरो आशिष माग्ने थिए । यस प्रकार उहाँहरूले मलाई सच्चा मार्गबाट एक वा अन्य प्रकारले हट्न बाध्य पार्नु हुन्थ्यो होला पनि ।

भाग्यमानी व्यक्ति

यस्ता कुराहरू भएर पनि म एक ज्यादै भाग्यशाली व्यक्ति हुँ । श्रेष्ठज्यूसँगको संसर्गले ममा परमात्माको ढोका खुलेको कुरा म दावा गर्न सक्तछु । निर्वाणको दृष्यावली स्पष्ट भई ममा ध्यान स्वतः खुल्ने गरेको छ । बाटो लामो भए पनि बिराउने डर भने हटिसकेको छ । मार आएर केही बाटो त छेक्न सक्दछ तर यसले मलाई आफ्नो बाटोबाट विचलित पार्न भने सक्दैन । मैले यो कुरो भन्न सक्नुको कारण ममा स्वरूपान्तर देखापरेको वा **सोतापन्न**को स्तर उपलब्ध भएकोले हो । चाहे फड्फडाइरहेको अवस्थामा किन नहोस्, म आफ्नो लागि आफैं ज्योति बनी सकेको छु र यही ज्योतिले गर्दा म शान्त रहन सक्तिनँ पनि । यसले गर्दा मेरा केही मित्रहरू मसँग ताज्जुब रहेका पनि छन् ।

मैंले अपनाएको यो मार्ग समस्त मानवको लागि उत्तिकै लागू हुने सार्वजनीक मार्ग हो । जात, वर्ग र राष्ट्रियताभन्दा माथि उठेर यो मार्गमा जो कोही पनि लाग्न सक्तछ । यो मार्ग सब प्रकारका संप्रदाय, परम्परा, सिद्धान्त वा धर्मका बन्धनहरू पार गरी माथि उठेको छ । यो मार्गलाई अवलम्बन गर्न हिन्दू, बौद्ध, खिृष्टान, मुसल्मान, तावबादी वा यस्तै अरू केही बन्न आवश्यक छैन जब कि यिनीहरूमध्ये कुनै पनि मतलाई मानेर पनि यो मार्गमा पदार्पण भने गर्न सकिन्छ । यो मार्ग त्यसै बेला प्राप्त हुन्छ जब चित्तका सबै विकार निर्मूल हुन्छ र मनले आफ्नो आदिम–रूप (**primordial state**) लाई पुन: धारण गर्न पुग्दछ । यस प्रकार यो बौद्धहरूको मतमा तथता (**suchness**) हो भने हिन्दूहरूको मतमा आत्मा र परमात्माको मिलन । यस्तै खिृस्टानहरूको लागि यो परमेश्वर (**godhead**) सँगको मिलन हो भने तावबादीहरू (**Taoists**) को मतमा ताव (**Tao**) । यो एक व्यक्त गर्न नसकिने सत्य हो जसबारे खिृष्टान र तावहरू क्रमश: यस्ता शब्दहरू अभिव्यक्त गर्दछन्:– सब वस्तुहरू ईश्वरबाटै सिर्जना हुन्छन् र सर्वव्यापी ईश्वरले नै यसलाई ढाकेको छ पनी ।"[१] अथवा "सबै वस्तु तावबाट निक्लन्छ, तावमै फर्कन्छ र ताव सबै अस्तित्व नै हो ।"[२] यसरी नै बुद्धले यो अवस्थालाई "भिक्षुहरू हो, निर्वाण अजात, अभूत, अकृत, असंस्कृत हो । यदि निर्वाण अजात, अभूत, असंस्कृत नभएको भए जात, भूत, कृत र संस्कृतहरूबाट पलायन हुन सक्तैन"[३] भनी प्रकट गर्नु भएको हो।

शब्दबाट व्यक्त गर्न नसकिने वस्तु वा स्थितिको सम्बन्धमा यतिका शब्दहरू व्यक्त गर्न पुगेकोमा मलाई ज्यादै खेद लागेको छ । यसबारे स्पष्ट विवेचना वा वर्णन पेश गर्नु भनेको गाइलाई गधा बनाउने प्रयास जस्तो प्राय: असम्भवै छ । यी शब्दहरू मैंले आफ्नो मूर्खताको कारण मात्र पोख्न पुगेको हूँ । मेरो विचारमा मूर्खताले भरिएको संसारबाट पारी जानको लागि चालिने पहिलो कदम नै आफ्नो मूर्खताबारे अग्रिम जानकारी लिनु हो । साथै मैंले मेरो आध्यात्मिक मार्गदर्शक भुवनप्रसाद श्रेष्ठलाई वचन दिएको कारण पनि यी कुराहरू पोखन बाध्य भएको हूँ ।

झ्यालखानाबाट छुटाइएको

सोतापन्नको अपूर्व अनुभव प्राप्त गरेको बेला म एक प्रकारले पक्क परेको थिएँ । आफूले प्राप्त गरेको अनुभवबाट म एक प्रकारले भयभीत पनि

थिएँ । त्यस बेला मलाई लाग्यो के म उही स्वस्थ (sane) व्यक्ति हूँ र ? मेरा गुरु श्रेष्ठज्यूले नडोऱ्याउनु भएको भए मैंले त्यो अवस्थालाई मानसिक विकृतिको रूपमा लिई डाक्टरकहाँ धाई सक्थें पनि । त्यसै बेलादेखि मलाई यस संसार रूपी कालकोठरी (**dungeon**) बाट केही हदमा उठाइएको अनुभव भयो । यसैले गर्दा आफूलाई यसरी कालकोठरीबाट उठाउनु हुने आफ्नो अप्रतिम गुरुप्रति म अति आभारी छु जुन कालकोठरीबारे एन्ड्रु मार्वलले यसरी वर्णन गर्नु भएको छ ।

''हाडखोरको वन्धनमा बाँधिएर
खुट्टाले उभिने, हातमा हथकडी लगाइएको
यता आँखा कानो बनाइएको छ भने
उता दुन्दुभिको आवाजले कान वहिरो पारिएको छ,
यस प्रकार विभिन्न तरीकाले दास बनाइएको यो आत्मालाई
त्यस झ्यालखानबाट उठाउने कसले ?''४

संसार रूपी कालकोठरीबाट यसरी उठाइएपछि, ममा भएको मनोबृत्ति र स्वभाव आपसे आफ अर्कै दिशातर्फ मोडियो । कुनै बेला मलाई अत्यन्त चोट पुऱ्याएर निराश पार्ने दुःख, धोका र पीडा आफसे आफ मेरो लागि निर्वाणको पथमा दौडाउने सामग्री बन्न पुगे । साथै आफूलाई बराबर दुःख दिने धोकेबाज, ठग र फटाहाहरू पनि उनिहरूकै पुरानो रूपमा रहन पाएनन् । परीको कहानीमा उल्लेखित छद्मभेषी पशु पछि गएर सुन्दरीको लागि अति राम्रो राजकुमारमा परिणत भए जस्तै उहाँहरू पनि मेरो लागि उदार मार्गदर्शकको रूपमा देखा पर्नु भएका छन् । वास्तवमा उहाँहरूले मलाई निःशुल्क रूपमा दुःख सबन्धी आधारभूत सत्यबारे शिक्षा प्रदान गर्नु भएका छन् । दुःख सम्वन्धी आधारभूत सत्यबारे निःशुल्क रूपमा शिक्षा पाएको कारणबाटै म दुःख निरोधको मार्ग खोज्न विवश भएँ । अनि यस खोजमा मैंले आफूलाई आफ्नो कुनै अस्तित्व नभएको (अनत्ता), बन्धनमा बाँधिएको (conditioned) व्यक्ति अथवा दुःख र अनित्य (अनिच्चा) को पोकाको रूपमा अल्झिरहेको पाएँ । जसै मैंले यी कुराहरू महशूस गरें त्यस बेला मैंले आफूलाई विपश्यना ज्ञानको जंगमा टेकिरहेको पाएँ । जसै ममा **मार्ग ज्ञान** (**knowledge of path**) उदय भयो त्यस बेला मैंले आफूलाई **लोकिय** (**mundane**) बाट **लोकोत्तर** (**supramundane**) मा पदार्पण हुने गरी **विपश्यना ज्ञान** (**insight knowledge**) केही

मात्रामा भए पनि फलीभूत भएको पाएँ । मैंले ती धोकेबाज, ठग र फटाहा-हरूले मलाई आफ्नो आध्यात्मिक मार्गमा अगि बढ्न यसरी उदार मार्गदर्शक (**benevolent guides**) को रूपमा सहायता पुऱ्याउने छ भनी थाहा पाएको भए मैंले उहाँहरूलाई पहिले सराप्ने काम गर्दिनथें होला।

वर्तमान स्थिति

भुवनप्रसाद श्रेष्ठज्यूको स्वर्गारोहणपछि पनि मैंले आफूमा बलेको ज्योति अहिलेसम्म निभेको पाइनँ । फडफडाइरहेको अवस्थामा रहे तापनि यसले मलाई आफ्नो मार्गको लागि प्रकाश दिने काम गरी आएको छ । थप मार्ग पहिल्याउने सिलसिलामा मैंले धार्मिक ग्रन्थहरू पढ्ने काम पनि गरें । यस सिलसिलामा मैंले बौद्ध ग्रन्थहरूमा, विशेष गरेर, अभिधम्ममा यसबारे केही संकेतहरू पाएँ । आशा गर्दछु कुनै दिन कोही गुरु आएर मलाई **शमथा** (**tranquil abiding**) ध्यान सम्बन्धमा आफू सुहाउँदो **कर्मस्थान** (**suitable or right path**) मा दीक्षित गराउनु हुनेछ जसले गर्दा ममा बलेको ज्योति एक छिन पनि मलिन हुन नपावस् । **चित्तानुपश्यना** (**mindfulness of mind**) वा **धम्मानुपश्यना** (**mindfulness of mind objects**) जस्ता उच्च तहमा ध्यान मार्ग (प्रस्थान) हरूमा लाग्नु अगाडि मैंले पालन गर्नु पर्ने कुरा पनि यिनै हुन् । यस सन्दर्भमा काठमाडौंको आनन्दकुटी विहारमा सत्य नारायण गोयन्काज्यूको सुपरिवेक्षणमा संचालन गरिएको **विपश्यना** ध्यान शिविरमा पनि भाग लिएँ । यहाँ सिकेको **वेदनानुपश्यना** (**mindfulness of sensation or feeling**) सम्बन्धी ध्यानको अभ्यासले मलाई आफू ठीक दिशामा हिंडेको रहेंछु भन्ने कुराको अनुभव भयो । साथै यसले मलाई कसरी निर्वाणका केही अंगहरू हासिल गरी सकेको रहेंछु भन्ने बुझ्न पनि मद्दत पुऱ्यायो ।

पुस्तक टुंग्याउनुभन्दा अगाडि, म यहाँ मिल्टनज्यूले मार्ग पहिल्याउन सफल यात्रीको बारेमा लेख्नु भएका केही शब्दहरू दोहऱ्याउन चाहन्छु । मैंले यी शब्दहरू दोहऱ्याउनुको मतलब मेरा प्यारा पाठकहरूले मलाई पनि मार्ग पहिल्याउन सफल त्यस यात्रीसँग तुलना गरी मेरो वर्तमान अवस्थाबारे जानकारी हासिल गर्न सकुन् भन्ने मात्र हो । मिल्टनज्यूका शब्दहरू यस प्रकार छन्ः–

"(यति बेला) रातको बेला बाटो लागेको यात्रीले स्वप्न प्रदेशहरूबाट यात्रा गर्दा भोर हुन गई दिवा, घाम र सत्य मिल्न गए झैं हाम्रो इतिहास पनि अहिले यही अवस्थामा आइपुगेको छ चाहे हाम्रा दृष्टिबाट गन्तव्य स्थलको रंग र आकार दूरै रहेको किन नहोस् ।"५

सन्दर्भ सूची

1) John Blofeld, **Beyond the Gods,** (London: George Allen and Unwin Ltd. 1974), p.21

2) **Ibid**, p. 21

3) Ananda Coomarswamp, **The Buddha and Gospel of Buddhism,** (Bombay: Asian Publishing House, 1956), pp. 224–225

4) Edward Conze, **Buddhism: Its Essence and Development**, (New York: Harper and Row, 1959), p 98.

5) Perceval London, **Nepal** Volume I, (Kathmandu: Ratna Pustak Bhandar, 1976), p.7 मा उध्दृत ।

उपसंहार

पुस्तक बन्द गर्नु भन्दा अगाडि लेखक आफ्नो तर्फबाट निम्न लिखित कुराहरू अभिव्यक्त गर्दछ:-

१) ज्यादै राम्रो प्राक्कथन लेखी पुस्तकको स्तर बढाई दिनु भएकोमा मित्रहरू श्री पुरुषोत्तम राज मास्के तथा डाक्टर लक्ष्मण शाक्य प्रति आभार;

२) व्याकरण शुद्धि गरी पुस्तक राम्ररी सम्पादन गरिदिनु भएकोमा डाक्टर जगदीशचन्द्र रेग्मीलाई विशेष धन्यवाद; र

३) राजदरवार र यसका पदाधिकारीहरू प्रति नचाहेर पनि कटु शब्दहरू पोख्नु परेकोमा क्षमायाचना ।

परिशिष्ट

१. ध्यानको सम्बन्धमा सानु भाइ डंगोलसँगको अन्तर्वार्ता ९१
२. रहस्यवादका अलौकिक प्रतिभा भुवनप्रसाद श्रेष्ठ ९६
३. खनालको राजतन्त्र डुबाउने सल्लाह १००
४. जिल्ला कार्यालय, काठमाडौंको पत्र १०५
५. संघीय गणतन्त्र जर्मनीका राष्ट्रपति तथा श्रीमती हेन्रिक लुब्केको निमन्त्रणा १०६
६. संयुक्त राज्य अमेरिका स्थित नेशनल जियोग्राफिक सोसाइटीद्वारा सानु भाइ डंगोललाई सम्मानार्थ सदस्य चुनेको प्रमाणपत्र १०७

ध्यान सम्बन्धी अन्तर्वार्ता

(ध्यान, देवी देवता, गुरुवाद आदिबारे अलमलिएका र यताउति भौंतारिरहेका साधकहरूका लागि रेडियो नेपालको हाम्रो संस्कृति कार्यक्रम-द्वारा हालै प्रसारित श्री डंगोलको ध्यान सम्बन्धी अन्तर्वार्ता अत्यन्त प्रेरणादायी बनेको छ । हामी ध्यान सम्बन्धी विशेषज्ञ होइनौं तापनि उहाँको अन्तर्वार्ता आजको वर्तमान जगत्को लागि अति सामयिक होला भन्ने हामी-लाई लाग्दछ । उहाँसित लिइएको अन्तर्वार्ता निम्न बमोजिम छ । पाठकहरूले रूचि लिएमा उहाँको ध्यान सम्बन्धी अन्य लेखहरू प्रकाशित गर्ने छौं ।– सं)

प्र. डंगोलजी, केही वर्षअघि रमझममा प्रकाशित तपाईंको Meditation–Some Experiments and Some Experiences भन्ने लेख पढ्ने अवसर पाएको थिएँ । तपाईंसंगको आजको यस भेटघाटमा ध्यान सम्बन्धमा केही कुरा सोध्ने इच्छा लागेको छ, कृपया बताई दिनु हुन्छ कि ?

उ. हिरण्यजी, ध्यान संबन्धमा म कुनै योग्य अथवा वरिष्ठ विशेषज्ञ त होईन तर तपाईको उत्सुकतालाई म कदर गर्दछु । साथै प्रश्न सोध्न खोज्नु भएकोमा धेरै धन्यवाद ।

प्र. ध्यानको बारेमा यहाँको धारणा के कस्तो छ, बताई दिनु हुन्छ कि ?

उ. कुनै पनि वस्तु विशेष प्रति विशेष गरेर Mental Phenomena प्रति सजग भएर चिन्तनशील रहनु नै मेरो विचारमा ध्यान हो । अंग्रेजीमा यसलाई Memory र Attention को जोड भने पनि हुन्छ याने आफ्ना पुराना अनुभवहरूको यादगार र वर्तमान अनुभव प्रति सचेतता, अनि दुवैमा तुलनात्मक अध्ययन अर्थात् मनोविज्ञानको परिभाषामा Associative thinking ध्यान गर्दा हामीले सोच्नु

पन कुरा के छ भने हामी कुनै पनि मानसिक तनाव र तरङ्गका शिकार वन्नु हुँदैन । यसप्रति सजग र सचेत भएर तटस्थ रूपले दर्शकले सिनेमा हेरे जस्तो हेर्दै गर्नु नै मेरो विचारमा ध्यान हो ।

प्र. यहाँले ध्यानको क्रम के कस्ता प्रक्रियाहरू अपनाएर शुरू गर्नु भएको थियो, कृपया यसवारे विस्तृत रुपले बताई दिनु हुन्छ कि ?

उ. मैंले तान्त्रिक ध्यानक्रम अपनाएर ध्यान शुरू गरेको थिएँ । तान्त्रिक ध्यानको क्रममा ती Stage हरू या स्तरहरू पाइन्छन्–पशुभाव–वीरभाव र दिव्यभावका ध्यानक्रम पहिलो ध्यानक्रममा साधकले आफूलाई दास र इष्ट देवतालाई मालिकको रूपमा पुकार र आराधना गरेर पशुभावले ध्यानको क्रम शुरू गर्दछ । यसमा साधकले इष्ट देवताको वर्ण, रूप, रंग आभूषण, अंग–प्रत्यंग स्मरण गरेर ध्यान गर्दछ । यस स्तरमा जपिने मन्त्र या दासोऽहं हो । यस ध्यान क्रमको अभ्यास गर्दै जाँदा साधकले क्रमश: आफ्नो अस्तित्व विर्संदै जान्छ र इष्ट देवतालाई मात्र मानसपटलमा वाँकी राख्दछ । यस वेला उ द्वितीय स्तरको ध्यानक्रममा पुग्दछ र दासोऽहं बाट सोऽहं अथवा शिवोऽहं भन्न थाल्दछ यस ध्यान क्रममा साधक र इष्ट एकाकार भएका हुन्छन् । यसलाई बीरभावको ध्यानक्रम भन्न सकिन्छ । साधकले यो क्रमलाई पनि नाघेर जव उंभो लाग्दछ, त्यसबेला उसले आफ्नो मात्र होइन इष्टको पनि अस्तित्व विर्सन्छ र नाऽहं भावनाको विकास गर्दछ । यसलाई तान्त्रिक मतको सबैभन्दा उत्कृष्ट ध्यानक्रम अथवा दिव्यभावको ध्यानक्रम भन्न सकिन्छ । मैंले अनुभव गरेको ध्यान सम्वन्धी प्रयोग र अनुभव यिनैं हुन् जस्तो मलाई लाग्दछ ।

प्र. तपाईं अहिले आफूलाई ध्यानको कुन स्तरमा पुगेको महसूस गर्नु हुन्छ ?

उ. मलाई लाग्दछ, मैंले तान्त्रिक ध्यानको अन्तिम चरण पनि अनुभव गरिसकें । यसो भन्दैमा मैंले भन्न खोजेको म Perfect भई सकें, पूर्ण भइसकें, मुक्त भइसकें भन्ने होइन । बौद्ध धर्मका अनुसार Sainthood अथवा महात्माका चार स्तरहरू मध्ये म पहिलो स्तरमा प्रवेश गरिसकेको जस्तो मलाई लाग्दछ जसलाई श्रोतापत्ति अर्थात् अँग्रेजीमा Stream winner भनिन्छ र जहाँ सुख अथवा आनन्दको वेदना वढ्ता महसूस हुन्छ । विपश्यना ध्यानका चार

पश्यनाहरूमध्ये दोस्रो पश्यना अर्थात् वेदनानुपश्यनाको अनुभव हुन्छ। यो स्तर त्यसै पुगिंदैन। यसको लागि कठिन साधना चाहिन्छ, शरीर् भित्र कुण्डलिनी शक्तिको जागरण हुनु पर्दछ।

प्र. तपाईंले कुण्डलिनी शक्ति जागरणको कुरा गर्नु भयो। हिन्दु र बौद्ध दुबै मतले र साथै योगको सिद्धान्तमा पनि यसलाई अत्यन्त महत्व दिइएको छ। यसैले कुण्डलिनी शक्तिबारे तपाईंको धारणा सुनु न।

उ. मानव शरीरभित्रको ऊर्जा जसलाई अँग्रेजीमा Life energy वा Bio-energy भनिन्छ। यँाटा यस्तो सत्य हो जुन बढी मात्रामा यौनशक्ति अथवा Sex energy को रूपमा खर्च हुन्छ। यसलाई Channalise गरेर Sex energy मा परिणत गर्नुको साटो माथितिर [उभो] लैजान सकियो भने यसले कुण्डलिनी शक्तिको रूप धारण गर्दछ। कुण्डलिनी शक्तिबारे मेरो धारणा यही हो।

प्र. तपाईंले ध्यानमा सबभन्दा व्यावहारिक र निर्वाणमुखी अनुभव गर्नु भएको ध्यान पद्धति कुन हो ?

उ. करिब २५०० वर्ष अगाडि बुद्धले सिकाएका विपश्यना ध्यान पद्धति नै ध्यान सम्बन्धमा सबभन्दा उत्कृष्ट स्तरको ध्यान क्रम हो जस्तो मलाई लाग्दछ। यो पद्धति व्यावहारिक र वैज्ञानिक मात्र नभई निर्वाण (Enligthenment) मुखी पनि छ जस्तो मलाई लाग्दछ। यो पद्धति केही समय लोप भएर हालसाल मात्र वर्मावाट पुनः विश्वभर प्रसारमा आउँदै गर्नु खुशीको कुरा हो।

प्र. तपाईंले विपश्यनाको अभ्यास र अनुभव गर्नु भएको थियो कि ?

उ. कहिलेकाँही नजानिदो तरीकाले पनि विपश्यनाको अनुभव गरिँदो रहेछ। वेदनानुपश्यना त मैंले पहिले अनुभव गरेको थिए। केही समयअघि आनन्दकुटीमा आयोजना गरिएको विपश्यना शिविरमा प्रवेश गरेपछि यसलाई सैद्धान्तिक पक्षमा पनि जान्ने मौका पाएँ।

प्र. विपश्यनाको अभ्यास र अनुभव गर्नेहरू देवीदेवता मान्दैनन् भन्दछन् तपाईं त कहिलेकाहीं मन्दिरतिर धाएको पनि देख्दछु र पूजापाठ गरेको पनि देख्दछु ?

उ. कुनै देवी देवता प्रति आस्था राख्नु अथवा मन्दिर धाउनुको मतलब विपश्यना विपरीत जानु होइन जस्तो मलाई लाग्दछ। के तपाईं अफिस

धाउंदा वाटोमा कोही मित्रवर्ग वा माननीय जनहरू भेटेमा पटक्कै वास्ता नगरी जानु हुन्छ र ?

प्रश्नकर्ताको उत्तर– अवश्य वास्ता गर्दछु ।

प्र. महेश योगीको भावातीत ध्यान, रजनीशको Dynamic र Dancing meditation आदिवारे तपाईंको धारणा के छ ?

उ. महेश योगीको ध्यानक्रम हिन्दूमतको पुरानो ध्यानक्रमको उपज हो, यसमा शंका मान्नु पर्ने केही छैन । यसको अभ्यासद्वारा द्रष्टा र दृष्टि See and seen मा एकाकार भएर तान्त्रिक ध्यानक्रमको दोस्रो स्तरसम्म वल्ल पुगिन्छ । तर Enlightenment को बारेमा केही भन्न सक्तिनँ । योगीजीको ध्यानक्रमलाई Primary meditation method भने उपयुक्त होला जस्तो लाग्दछ । रजनीशको Dynamic and dancing meditation पनि यस्तै Primary method of meditation त हो जसले एकछिन हिप्पीवादमा लागेका र युवाजोशमा अलमलिएका मन र शरीरलाई थकित गराई Relaxation तर्फ लैजान्छ तर Enlightenment तर्फ कसरी हो त्यो त भन्न सक्तिनँ । ध्यानको क्रममा सबभन्दा अनुभव गर्नु पर्ने कुरा मनस्थितिमा अगाध शान्ति आउनु, चित्तको चन्चलता निवृत्त हुनु र आफूलाई चित्त संस्कारबाट भिन्न अनुभव गर्नु आदि नै हुन् जस्तै मलाई लाग्दछ ।

प्र. ध्यानबारे यतिका कुरा सुनें तर गुरु बारे कहां उल्लेख गर्नु भएको पाइएन । गुरुबारे तपाईंको विचार पनि सुनिहालौं न ?

उ. वाटोमा हिंड्दा लौरोको सहायता लिए जस्तै गुरुको सहायता त लिन सकिन्छ तर भर त आफ्नै पर्नु पर्दछ । बुद्धको वचन "अप्प दीपो भव" Be a lamp unto thyself भन्ने सिद्धान्त आफूभा लागू गर्न नसकुन्जेल जतिसुकै र जस्तोसुकै गुरुको सहयोग पाए पनि आफू त वेकामै हुन्छ भन्ने मलाई लाग्दछ । गुरुवाद (Gurudom) को बारेमा मेरो विचार पनि यसै अनुरूप छ । गुरु मेरो विचारमा आमा जस्तो हुनु पर्दछ, जसले बच्चालाई हात समातेर विस्तार–विस्तार डोऱ्याओस र हिंडन सिकाओस् । बच्चा आफै हिंडन र दौडिन सक्ने भए पछि पनि हात समातेर डोऱ्याउन थालिन्छ भने त्यो Gurudom भएन वरू Domination को प्रक्रिया भयो । मेरो विचारमा आमाले

बुढो भएपछि तरूण पुत्रको भर परे झैं गुरुले पनि चेलालाई भर दिनुको साटो दरो चेलाको भरमा आफूले हिंड्नु पर्दछ ।

प्र. तपाईं ले कुण्डलिनी शक्तिको जागरण, दिव्यभावको ध्यानक्रमको अनुभव महात्माको प्रथम लक्षण आदिको अनुभवबारे उल्लेख गर्नु भयो। यो हामी जस्ता सर्वसाधारणको दिमागमा घुस्ने कुरा पनि भएन । के यो तपाईंको मानसिक भ्रम मात्र हो की वास्तविक कुरा ?

उ. कैयन लक्षणहरू यस्ता छन् जसलाई सामान्य स्तरमा या सामान्य भाषामा बुझ्न सकिन्छ । कुनै Expert mathematician ले कुनै विशेष हिसाबको Solution निकाल्न सक्यो भन्दैमा तपाईं हामीले पनि निकाल्न सक्तछौं भन्ने अथवा निकाल्ने तरीका बुझ्दछौं भन्ने पनि त भएन ।

प्र. तपाईंको कुरा वैज्ञानिक तरीकाले प्रमाणित भए जस्तो लाग्दैन । के हामी यसलाई विश्वास गरी हालौं त ?

उ. विज्ञान त हालै जन्मेको कुरा हो अवको Miracles अथवा चमत्कार जुन जमानामा Miracles र Hallucination बारे मलाई केही भन्नु छैन तापनि मैंले धेरै वर्ष अगाडि पढेका दुई अंग्रेजी पंक्तिहरू शायद म राम्ररी सम्झन सक्दिन होला-तैपनि यसलाई दोहऱ्याउन चाहन्छु ।

Science was born only yesterday whereas miracles areas old as hills and an infant could hardly debunt an older who besides had lived for ages and ages .

२०३९ मार्ग १२ शुक्रवार

"अर्पण" पत्रिकाबाट साभार

★

रहस्यवादका अलौकिक प्रतिभा श्री भुवनप्रसाद श्रेष्ठ

आज म तपाईंहरूलाई काठमाडौंका एक जीउँदो तर अपरिचित रहस्यमय (मिस्टिक) लाई परिचय दिने तरखरमा छु । यिनी हुन् काठमाडौं त्यौड टोल, तुम बहाल निवासी करीब ५३।५४ वर्षको श्री भुवनप्रसाद श्रेष्ठ । करीब ४०।४५ वर्षसम्म श्री श्रेष्ठको जीवन एक प्रकारले व्यर्थै वित्यो, सामान्य दिन चर्यामा । काठमाडौंको मध्यम परिवारमा जन्मेका करीव ४०।४५ वर्षसम्म वेकार जीवन बिताउने श्री श्रेष्ठ पछि गएर एक दिन काठमाडौंका एक सशक्त रहस्यमय पुरुष मिस्टिक बन्न पुग्नेछ भन्ने कुरा त्यो वेला कसलाई थाहा थियो र ?

होनहार दैव नटार भने झैं यस संसारमा मानिसको सधैं कहाँ जोर चलेको छ र ? समय परिस्थितिले गर्दा नेपोलियन र हिटलर जस्ता ज्यादै शक्तिशाली मानिसहरू पनि पछि गएर शक्ति सम्पन्नतावाट गिरेको छ भने आज केही काम नलाग्ने कहलिएको मानिस भोली गएर कुनै पनि क्षेत्रमा एकदम सशक्त र प्रेरणादायी अग्रदूत बन्न सक्तैन भनेर कसले भन्न सक्तछ र ? श्री भुवन प्रसाद श्रेष्ठ यस्तै प्रकारले संयम परिस्थितिले बनाइएका रहस्यवाद (मिस्टिसिज्म) एक प्रेरणादायी अग्रदूत हुन् ।

कखघराको अध्ययनपछि साना तिना व्यापारलाई जीवन पद्धतिको रूपमा अँगाल्ने श्री श्रेष्ठ कहिले पनि आफ्नो पेशामा सफल बनेनन् । व्यापारमा भएको रोज रोजको घाटा, आर्थिक कठिनाईले गर्दा निस्केको पारिवारिक झैं–झमेला तथा साहुहरूबाट बराबर ताकेता र गन्थनले यिनका जीवनमा धेरै वर्षहरू हण्डर खाँदै विते । यही झैं–झमेला, हण्डर तथा मारले गर्दा उनमा आफुमा रहेका अहंपनाको भावना क्रमशः बिलाउँदै गयो ।

उनमा अहंपनाको भावना विलाएर मन एकदम शून्य र स्वच्छ के भएको थियो, त्यसबेला श्री भुवनप्रसाद श्रेष्ठको रूपमा रहेनन् । बरू उनी बनेका थिए एउटा शून्य (रित्तो) मान्छे पूरा खोक्रो बाँस जस्तो एउटा मान्छे । यसरी उनले खोक्रो बाँसको रूप मात्र के धारण गरेका थिए, परमात्माको एक रूप श्री दक्षिणकाली आमाले यिनै खोक्रो बाँसलाई बाँसुरीको रूप दिइन् । अनि उसबाट संगीत निक्लन थाल्यो अनौठो संगीत, रहस्यमयताको संगीत या भनौं जीवनको सच्चा संगीत । यसैले आज श्रेष्ठबाट जे संगीत निकलन्छ अथवा भनौं वाणी निक्लन्छ, त्यो उनको आफ्नै संगीत या वाणी होइनन् । यी हुन् परमात्मा कै संगीत अनि परमात्मा कै वाणी ।

श्री दक्षिणकालिकाको संगीत आफ्नो वाणीबाट निस्केपछि श्री श्रेष्ठ छर छिमेकमा एक पागलको रूपमा देखा परे बिलकुल मदिराले लठ्ठिएको एक पागलको रूपमा । देखा नपरोस् पनि कसरी, उनी सँधै भरी परमात्माको मदिराले लठ्ठिएका थिए र यही मदिराको सुरमा विभिन्न कुराहरू निकाल्दथ्यो । तर छर छिमेकीहरूले उनको यस मस्तीपनलाई बिरामी माने अनि उनको वाणीबाट निस्केका परमात्माको संगीतलाई मदिराको सूरमा बकेको अन्तसन्ट छर छिमेकीहरूको यस मान्यताको असर श्री श्रेष्ठमा पनि पऱ्यो, अनि उनी विभिन्न स्थानहरूमा गएर रोग परीक्षण गराउने कार्य गर्न थाल्यो । डाक्टर, वैद्य, झाँक्रीदेखि लिएर झारफूके गर्ने साधक तथा तान्त्रिकहरूकहाँ पनि उनी पुगे । तर परमात्माको मदिराले लठ्ठिएको उनको यो रोग डाक्टर वैद्यहरूको उपचार तथा झाँक्री र साधनहरूको फाकफुकले के ठीक पार्न सक्तथ्यो र ? यही उपचारको क्रममा एक दिन उ स्वर्गीय राजवैद्य श्री हिरालालका सुपुत्र काठमाडौं जिल्लाको कमलाक्षी टोल स्थित श्री चक्र औषधालयका संस्थापक श्री सच्चिदानन्द वैद्यकहाँ पनि पुगे । श्री वैद्यले केही दिनको परीक्षणपछि उनको यस रोगलाई रोगको रूपमा नलिई शरीरमा दैवी शक्तिको अवतरणको रूपमा लिए अनि उनको वाणीलाई परमात्माको एक रूप श्री दक्षिणकाली आमाको वाणीको रूपमा । यसैले श्री भुवनप्रसाद श्रेष्ठबाट निक्लेको श्री दक्षिणकाली आमाको संगीतलाई सर्व प्रथम पहिल्याउने मानिस श्री सच्चिदानन्द वैद्य हुन् भन्नमा कुनै अत्युक्ति हुने देखिँदैन । हुन त श्री वैद्यको सामु भन्दा अगाडि पनि श्री श्रेष्ठबाट परमात्माको संगीत अन्यत्र कतै नगुन्जेका होइनन्, तर दैनिक रोजगारको समस्यामा अलमलिएका अधिकांश नेपालीहरूले परमात्माको

त्यस अस्पष्ट संगीतलाई पागलको प्रलाप बाहेक के अरू मान्दथे ? यसैले संगीतको स्वरलाई परमात्माको हुन् भनी सर्वप्रथम पहिल्याउने श्रेय श्री वैद्यं-मा जान्छ ।

श्री चक्र औषधालयको ठूलो बैठकमा एक दिन श्री श्रेष्ठबाट वाणी निक्लेको बेला श्री वैद्यले श्री दक्षिणकाली आमाको संगीतलाई पहिल्याएर सोधेका थिए, के यो आमाको वाणी हो ? श्री वैद्यको पीठमा धाप दिंदै आमाले जवाफ दिनु भएको थियो, स्यावास तैंले बुझ्न सकिस् । श्री श्रेष्ठ संगको केही समयको सहवासमा श्री वैद्यले पनि विभिन्न दैवी देवताहरू देख्न सक्ने र कहिले कांही उनीहरूसँग कुरा गर्न सक्ने शक्ति पनि प्राप्त गरेका थिए ।

श्री वैद्य एक दुब्लो तर ज्यादै फुर्तिला मानिस हुन् । उनको हक्की र कहिले काहीँको हट्टी स्वभावले छर छिमेकका केही मानिसहरू उसँग रिसाउदथे भने कोही उनको यही स्वभावलाई व्यंग विनोदको रूपमा लिने गर्दथे । श्री वैद्यसँगको सम्बन्धले श्री श्रेष्ठको प्रचार अलि अलि बाहिर फैलिन लाग्यो । केही समय अघि पागलको रूपमा हेर्ने साथीहरू पनि अब श्री भुवन प्रसादबाट हुने दैवी संगीत सुन्नको लागि उनकहाँ आउन लागे । अब श्री दक्षिणकाली आमा भूत, भविष्य र वर्तमानको कुरा वताई दिने तथा विभिन्न रोगहरूको निदान तथा उपचार गरी दिने कार्य सम्पन्न हुन लाग्यो । यसको साथै उनको प्रमुख कार्य थियो केही साथीहरूमा र कुनै कुनै साधकहरूमा समेत देवी देवताहरू देख्न सक्ने शक्ति शक्तिपात गरिदिनु तर यी सबै कार्यहरूको लागि श्री श्रेष्ठ निमित्त मात्र बन्दथे, सब कुरा आमाबाटै हुन्थे ।

श्री श्रेष्ठ र श्री वैद्य बीचको सम्बन्ध साँच्चै भन्ने हो भने नेपालको आजको रहस्यवाद (मिष्टिसिजम) को इतिहासमा एक नयाँ अध्याय थपिएको भन्न सकिन्छ । श्री वैद्यसँग सम्बन्ध शुरू भएपछि श्री श्रेष्ठ दिनहुँ भने जसो लगातार तीन चार वर्षसम्म श्री वैद्यको घरमा पुग्ने गर्नु भयो । घरको पहिलो तल्लाको ठूलो बैठक अर्थात् श्री चक्र औषधालयको कक्षमा दिनहुँ केही अरू मानिसहरू पनि जमघट हुन्थे । दुई चार बट्टा आशा चुरोट तथा दुई चार कप चियाको भरमा घण्टौ घण्टौसम्म श्री श्रेष्ठबाट रहस्यमय शक्ति (mysticism) को प्रयोग हुन्थ्यो । केही विगत वर्षहरूमा घटेका तथा वर्तमानमा घट्न लागेका घटनाहरू सिंहावलोकन भएकोमा छक्क पर्दछन् भने कोही आफ्ना रोगहरू निदान भई उपचारबाट तत्काल ठीक भएकोमा अनौठो

मान्दथे । यसै प्रयोगको सिलसिलामा कसैको तेश्रो नेत्र आज्ञा चक्षु खुल्दछ भने कोही समाधीमा पुगेर आफ्ना उपास्य देवीहरूसँग कुराकानी गर्न समर्थ हुन्थे । कहिले काँही मिनेट मिनेटमा कसैको रोग ठीक भएकोमा र कसैको मष्टिक एक्सपरेन्स गरेको देखदा हामीलाई लाग्दछ, के क्राईष्टले श्री भूवन प्रसाद श्रेष्ठमा पुनर्जीवन त लिएको होइन ?

श्री श्रेष्ठ हामीहरूको आफ्नो सामुन्ने हुनुहुन्छ । हामीहरू उहाँलाई एक दाज्यू एक मित्र अथवा एक मानवको रूपमा तत्काल सङ्गत गर्न सक्दछौं । साँच्चै भन्ने हो भने हामीहरूले उहाँलाई एक दाज्यू, एक मित्र अथवा एक मानवको रूपमा लिनु हुन्न । उहाँ एक साधु हो जसलाई आधार बनाएर हामी मानवीयबाट दैवीय क्षेत्रमा पदार्पण गर्न सक्तछौं । यो कुनै असंभव कार्य होइन किनकि श्री श्रेष्ठले तपाई हामीलाई शक्तिपात गरेर जब तेश्रो नेत्र आज्ञा चक्षु खोली दिनु हुन्छ, त्यसबेला हामी पनि उहाँले जस्तै मिष्टिक एक्सपेरेन्सको अनुभव गर्न थाल्दछौं र दैवीय संसारमा अथवा अर्कै संसारमा प्रवेश गर्न थाल्दछौं । श्री श्रेष्ठले एक दिन देखि लिएर एक वर्ष भित्रमा जस्तो सुकै मै हुं भन्ने मानिसलाई पनि यस्तो गरेर देखाउन सक्छु भन्नेमा विश्वास राख्नु हुन्छ ।

श्री श्रेष्ठ जस्तो मानिस हामीहरूको सामु भइकन पनि हामीहरूले उहाँलाई चिन्नै पर्दछ भन्ने केही छैन । सूर्य उदाएको हुन सक्दछ तर हामी-हरूले आँखा बन्द गरेका रहेछौं भने हामीहरूले यसको प्रकाश देखन सक्दैनौं । हामीहरूको भित्र मनका यति शोर गुल छन् यतिका कोलाहल छन् कि हामीहरूको आँखा खुल्नै सकेको छैन । हामीहरू पद, प्रतिष्ठा, इज्जत सम्पत्तिको लागि आँखा बन्द गरेर वकुला जस्तो ध्यानमग्न छौं कि श्री श्रेष्ठ जस्तोको प्रयासले पनि हामीहरूलाई छून सकेको छैन । यसैले तपाइहरू मध्ये कसैको आँखा खुलेका छन् भने आउनु होस्, केही महिना श्री भूवन प्रसाद श्रेष्ठको संगत गरौं । अनि तपाईहरू आफैं छुट्‌याउन सक्नु हुनेछ । श्री श्रेष्ठ केवल तपाई हामीजस्तै सामान्य मानिस हुन या साँच्चै दैवी शक्ति बोकेका असाधारण व्यक्ति हुन् । अस्तु ।

(प्रणव भन्ने उपनामबाट लेखिएको ।
०३६ साल असोज ३ गतेको ''प्रतिविम्व'' बाट साभार ।)

★

खनालको राजतन्त्र डुबाउने सल्लाह

(२०५३ साल जेठ १० गते बिहीबारको समकालीन साप्ताहिकमा राजदरबारका पूर्व प्रमुख सचिव रेवतीरमण खनालले लेख्नु भएको "श्री ५ र प्रधानमन्त्री बीच रहनु पर्ने सम्बन्ध" विषयक लेख नेपालको राजनीतिक क्षेत्रमा एक प्रकारले चर्चाको विषय बन्यो । केही विद्वानूहरूले यस लेखलाई सम्विधानको मर्म विपरीत गरिएको प्रहार माने भने अन्य केही विद्वानूहरूले यसलाई सम्वैधानिक राजतन्त्रलाई संक्रिय राजतन्त्रमा फर्काउन गरेको प्रचार । यस लेखको सिलसिलामा हामीले त्रिभुवन विश्वविद्यालयमा 'द पालेस इन नेपालीज पोलिटिक्स" विषयमा विद्यावारिधि गरिरहनु भएका रादरबार सेवाबाट अवकाश प्राप्त सहसचिव सानुभाइ डङ्गोलको राय बुझ्ने प्रयास गर्‍यौं । उहाँले श्री खनालको लेख सम्बन्धमा आफ्नो राय स्वरूप लेख्नु भएको यस लेखलाई पाठकहरूको जानकारीको लागि यहाँ पेश गरेका छौं ।)

नेपालको वर्तमान सम्विधान अन्तर्गत श्री ५ र प्रधानमन्त्री बीच रहनु पर्ने सम्बन्धलाई लिएर हालै एउटा साप्ताहिकमा एक लेख छापिएको रहेछ । लेख उत्कृष्ट प्रकृतिको देखिए तापनि उक्त लेखका लेखक रेवती रमण खनाल कुनै बेला राजा वीरेन्द्रको ज्यादै नजिकको अर्थात् राजदरवारको प्रमुख सचिव रही सकेको व्यक्ति हुनाले उक्त लेखले नेपालको राजनीतिक बजारमा एक प्रकारको अनौठो हल्ला फैलाउन पुगेको छ । यस हल्ला अनुसार यो लेखलाई राजदरवारका निवर्तमान प्रमुख सचिव रेवती रमण खनालले राजतन्त्र डुबाउन दिएको सल्लाहको रूपमा लिइनु पर्दछ । नभए उहाँले यो सल्लाह उहाँ आफै राजा वीरेन्द्रको प्रमुख सचिव भएको बेला दिन छोडेर हालै आएर मात्र दिनुमा कुनै माने रहने देखिंदैन ।

यो सबैलाई जानकारी भएको कुरा हो कि कुनै बेला श्री खनालले आफू राजदरवारको प्रमुख सचिव रहेको बेला, पञ्चायत व्यवस्थालाई प्रजातान्त्रीकरण गर्नको साटो निरंकुश बनाउन सल्लाह दिएका थिए। यसरी पञ्चायत व्यस्थालाई निरंकुश बनाउने सल्लाह दिनुको पछाडि उहाँको आफ्नै स्वार्थ लुकेको थियो। र यो स्वार्थ थियो, राजा र व्यवस्थाको नाममा देश र जनतालाई लुट्नु। उहाँ र उहाँ जस्तै अन्य कैयन् राजदरवारका पदाधिकारीहरूले राजा र व्यवस्थाको नाममा लुट्ने काम गरेकाले नै उहाँ प्रमुख सचिव रहेको बेला, नेपाली जनताले राजा र व्यवस्थाको विरोधमा जनआन्दोलन शुरू गरे। राजा वीरेन्द्रको विरोधमा ''वीरे चोर गद्दी छोड'' को नारा लाग्यो। फलस्वरूप पञ्चायत नामको ३० वर्षीय निरंकुश व्यवस्था जगैदेखि ढल्न पुग्यो। अनि राजा वीरेन्द्रले आफूमा अन्तर्निहित सार्वभौमसत्ता जनतालाई सुम्पनु पर्‍यो। वर्तमान सम्विधानको प्रस्तावना र धारा ३ अध्ययन गरिएमा यो कुरा स्वतः स्पष्ट हुने देखिन्छ।

प्रस्तावनामा उल्लेखित केही हरफहरू

.. ... नेपाली जनताले केही समय अघि भएको जनआन्दोलनको माध्यमबाट सम्वैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकाले सो अनुरूप नेपाली जनतालाई चिरकाल पर्यन्त सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई यो नेपाली अधिराज्यको सम्विधानको घोषणा गरी लागू गरिबक्सेका छौं।

धारा ३ मा उल्लेखित केही शब्दहरू

नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने छ।

देशमा नेपाल अधिराज्यको सम्विधान २०४७ अर्थात् वर्तमान सम्विधान लागू भई सकेपछि राजा श्री ५ वीरेन्द्रबाट श्री कल्याण विक्रम अधिकारीलाई राजदूतमा नियुक्ति गराउने काम गराइयो। यो काम लेखक महोदय वरिष्ठ कानूनी सल्लाहकार या भनौं कायम मुकायम प्रमुख सचिव रहेको बेला सम्पन्न हुन सकेको हो। यो कार्य सम्विधान विपरीत देखिएकोले नै राधेश्याम अधिकारीले सो नियुक्तिको विरोधमा सर्वोच्च अदालतमा रीट निवेदन दायर गरियो। उक्त रीट निवेदनमा लेखक महोदयले उल्लेख गरेझैं

कल्याण विक्रम अधिकारी राजदूतमा नियुक्त हुँदा प्रधानमन्त्रीले श्री ५ मा सिफारीश चढाएको सम्बन्धमा जानकारी लिन परेको रीट निवेदनमा सर्वोच्च अदालतको विशेष इजलाशले सम्विधानको धारा ३५ (६) अनुसार हेर्न नमिल्ने भनी व्याख्या गरेको देखिन्छ । तर उहाँले उल्लेख गर्न छुटाउनु भएको अर्को कुरा के हो भने सोही फैसलामा सर्वोच्च अदालतले सम्विधानको धारा ३५ (२) लाई व्याख्या गर्दै श्री ५ बाट मात्र वा मौसूफको स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारीशमा गरिबक्सने भनी किटानीसाथ भएकोमा बाहेक यो सम्विधान बमोजिम श्री ५ बाट गरिबक्सने सबै कार्यहरू मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट गरिबक्सने छ भनी उल्लेख गरेको कुरा । यो कुरा फैसलामा उल्लेख गर्नको अभिप्राय राजाको नामबाट भविष्यमा राजदूत वा यस्तै अन्य नियुक्ति गर्दा सम्विधान विपरित कुनै कार्य हुन नपावस् भनेर नै हो ।

उक्त लेखमा लेखक महोदयले "२०४८ सालमा मनाङ्गको ज्यान मुद्दामा अदालतबाट २० वर्ष कैद भएका व्यक्तिलाई कारागारमै नबसी फरार रहेकै अवस्थामा श्री ५ को सरकारले माफी गरायो भनी पीडित पक्षले पत्रिका मार्फत विरोध गरेका थिए । अदालतको फैसला कार्यान्वित नै नभएमा न्यायपालिकाको प्रतिष्ठा घट्छ । अतः यस्तो नहुने नीति बनाएर माफीका लागि जाहेर गर्ने गर्नु भनी श्री ५ बाट सुझाव पठाउन सकिबक्सिन्छ" भन्ने कुरा उल्लेख गर्नु भएको रहेछ । लेखक महोदय २०४८ सालमा नेपालको राजनीति अर्थात् मन्त्रिपरिषद्को काम हेर्ने राजदरवारका मुख्य व्यक्ति हुनुहुन्थ्यो ।

उहाँले सोही बेला श्री ५ को तर्फबाट यस विषयमा श्री ५ को सरकारको ध्यान आकृष्ट गर्न छोडेर हालै मात्र सो कुरा उठाउनुको औचित्यता के हो ?

यसै लेखमा लेखक महोदयले राष्ट्राध्यक्षलाई राष्ट्रिय महत्त्व विषयक कुराहरू प्रधानमन्त्रीले अवगत गराउनु पर्ने, यदि प्रधानमन्त्रीले सो कर्तव्य पालन नगरेमा सचेत गराउनु पर्ने कुरालाई अप्रत्यक्ष रूपमा संकेत गर्नु भएको देखिन्छ । यसको लागि उहाँले भारतीय राष्ट्रपतिले तत्कालीन प्रधानमन्त्रीलाई ९ मार्च १९७८ मा चिठ्ठी लेखेर संकेत गराएको व्यहोरा पनि उल्लेख गर्नु भएको रहेछ । लेखक महोदयले यो कुरा उहाँ आफैं राजाको राजनैतिक सल्लाहकार अथवा प्रमुख सचिव रहेको बेला के, किन कार्यान्वयन गराउनु

भएन ? फेरि वेलायतको महारानी वा यस्तै सम्वैधानिक राजतन्त्र भएको अन्य राजतन्त्रात्मक मुलुकका राष्ट्राध्यक्षले आफ्नो सरकारलाई लेखेको पत्र वा सतर्क गराउन पठाएको सुझावलाई लेखमा उल्लेख गर्नुको सट्टा एउटा गणतन्त्रात्मक देशको राष्ट्र प्रमुखले लेखेको चिठ्ठीलाई उल्लेख गर्नुको माने के हो ? के लेखकको मनसाय नेपाललाई पनि गणतन्त्र बनाएर वर्तमान श्री ५ लाई भारत जस्तो गणतन्त्रात्मक देशको राष्ट्रप्रमुख बन्नु पर्दछ भन्ने अर्थमा हो कि ?

लेखक महोदयले सम्विधान अनुसार श्री ५ वाट गरिवक्सनु पर्ने धेरै कुराहरू छन् सो काममा मौसूफलाई कानूनी सहायता कसले गर्छ भन्ने प्रश्न उठाउनु भएको देखिन्छ । यसरी प्रश्न उठाउने क्रममा उहाँले ''भारतीय सम्विधानको धारा ७६ (२) मा राष्ट्रपतिलाई कानूनी परामर्श र सहायता महान्यायाधिवक्ताले गर्ने व्यवस्था छ । नेपालमा पहिलेदेखि रहेको त्यो व्यवस्था अहिले किन आवश्यक मानिएन ?'' भन्ने कुरा उल्लेख गर्नु भएको छ । यसमा भन्नु पर्ने कुरा यो हो कि नेपालको वर्तमान सम्विधान निर्माण-कालमा लेखक महोदय नै राजदरवारको प्रमुख महोदय नै राजदरवारको प्रमुख कानूनविद्, राजनीतिक सल्लाहकार र कायम मुकायम प्रमुख सचिव हुनुहुन्थ्यो । लेखक महोदयले सोही समयमा यसबारेमा श्री ५ मा जाहेर गर्न छोडेर हाल मात्र जनसमक्ष कुरा उठाउनुको तात्पर्य के हो ?

लेखक महोदयले सोही लेखमा अहिलेसम्म श्री ५ वाट सम्विधानको धारा, उपधारा अनुसार सन्देश सहित वा सुझाव सहित फिर्ता हुन सक्ने प्रस्ताव वा विधेयक फिर्ता नजानुमा ''श्री ५ को उदारता वा क्षमाशील स्वभावले हो कि ?'' भन्ने प्रश्न उठाउँदै विदुर नीति अनुसार त्यस्तो क्षमाशील महापुरुषलाई मानिसहरूले असमर्थ सम्झने कुरा उल्लेख गर्नु भएको रहेछ । लेखक महोदयले यसरी प्रश्न उठाउनुको सट्टा उहाँले आफ्नै कार्यकालमा यसरी प्रस्ताव वा विधेयक किन फिर्ता पठाउने काम गर्न सक्नु भएन भन्ने कुरा उल्लेख गर्नु भएको भए अझ बढी उपयुक्त हुने थियो ।

यो सबै नेपाली जनतालाई थाहा भएको कुरा हो कि नेपालका वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव अत्यन्त क्षमाशील राजा होइबक्सन्छ । यसरी क्षमाशील राजा पाएकोले नै लेखक महोदयले, अन्य महोदयहरूले पनि ३० वर्षीय सेवा अवधि पूरा गरेको वा ५८ वर्ष

उमेर पूरा गरेको कारण, श्री ५ को सरकारको कर्मचारीले जस्तै अवकाश पाउनु पर्नेमा, सोको सट्टा ६० वर्षका उमेर पछि मात्र अवकाश पाउनु भएको। अनि श्री ५ को सरकारबाट निवृत्तिभरण पाउने व्यवस्था अन्तर्गत रहेर पनि शुरूदेखिको सम्पूर्ण सेवा अवधि जोडी ग्रेड अनि सोही ग्रेड समेतको आधारमा निवृत्तिभरण पनि पाउनु भएको। यसरी आफूले नियम विपरीत सुविधा पाउन्जेल सब कुरा ठीक, पाउन छोडेपछि सब कुरा बेठीक ? यो कस्तो परम्परा हो जानकारी दिनु पर्‍यो लेखक महोदय। अस्तु।

(२०५३ साल जेठ २६ गते शनिवारको
भूईंचालो साप्ताहिकबाट साभार)

★

3466

श्री ५ को सरकार

जिल्ला कार्यालय

काठमाडौं

(निवेदन फाँट)

फोन नं. ४-१२१५०
४-१०३५९

पत्र संख्या :-

च. नं. १।० ४-४५।५३६

प्राप्त पत्र संख्या र मिति :- २२२५।०४४

चारखाल, डिल्लीबजार

मिति ....

विषय :- निर्माण कार्य रोक्का गर्ने बारे ।

श्री जिल्ला प्रहरी कार्यालय,

काठमाडौं ।

काठमाडौं नगर पंचायत वार्ड नं. १२ छाउनी स्थित पंचकन्या प्राथमिक विद्यालयले सार्वजनिक जग्गामा अस्थाई रूपमा प्रयोग गर्ने गरेको शौचालयले सार्वजनिक रूपमा तरार पारेको सम्बन्धमा लक्ष्मणमान डंगोल समेतको उजुरी परि तत् सम्बन्धमा सम्वन्धित विद्यालय तथा विद्यालयका संचालक समितिका पदाधिकारी र नगर विकास समतिका प्रतिनिधि समेतबाट स्थितीको बारेमा विचार विमर्श भई समाधानको उपाय तर्फ विचार गर्दा विद्यालय कै पूर्व तर्फ साबिकमा नै रहेको टहरामा दुर्गन्ध नआउने किसिमले स्थायी शौचालय निर्माण गर्न सहमती भएको सो विषयमा काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको निर्णयानुसार ३ महिना भित्र कार्य सम्पन्न गर्ने मिति २०४४।२।४।३ च.नं. १९१६ को पत्रानुसार लेखि गएको तर यस सम्बन्धमा सो बमोजिम नगरि अस्थाई शौचालयलाई नै स्थायी बनाउने उद्देश्यले शौचालय निर्माण गर्न लागेकोले मिति २०४४।६।५ मा सो कार्य रोक्का गर्न लिखित सूचना दिंदा पनि काम चालु नै राखेकोले पूर्णतया सो कार्य गर्न नदिन आवश्यक व्यवस्था हुन अनुरोध छ भनी काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालय टंगाल माईतीघर बाट मिति ०४४।६।६ मा लेखि आएको हुंदा उपरोक्त बमोजिम निर्माण कार्य हाल रोक्का गर्नु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

प्रशासकिय अधिकृत

In honour of Their Majesties the King and the Queen of Nepal
The President of the Federal Republic of Germany
and Mrs. Heinrich Libke
request the pleasure of the company of

Naib Subba, Sanu Bhai Dongol

at a Reception to be held at Basant Nivas, Gyaneswar
on Tuesday the 14th of March 1967 at 3.30 o'clock p.m.

R.S.V.P.
German Embassy
Tel. 11730

Informal

The National Geographic Society

Through the Board of Trustees
has elected

SANY BHAI DANGOL

a Member of the Society with all privileges of such affiliation. Attested to in the City of Washington by the Seal of the Society and the signature affixed.

July 1, 1973

Robert E. Doyle
Secretary

९८९.८४२
ड २९८ सो.



विक्रम सम्वत् १९९९ साल पुष २३ गते बिहीवारका दिन जन्मनु भएका डा. सानु भाइ डंगोलज्यू काठमाडौंमा एक रहस्यदर्शीको रूपमा चिनिनु हुन्छ। एक रहस्यदर्शीको रूपमा उहाँले आफूमा कुण्डलिनी शक्ति जागरण भएको र सोतापन्न अर्थात् निर्वाणको प्रथम दर्शन अनुभव गरेको कुरा दावा गर्नु हुन्छ। उहाँ नेपालको राजदरवारबाट सेवा निवृत्त वरिष्ठ पदाधिकारी हुनुहुन्छ जहाँ उहाँले कुनै बखत तीन दशकभन्दा बढी सेवा चढाउनु भएको थियो। उहाँले यी सेवाहरू नेपालका दुई नरेशहरू- महेन्द्र वीरविक्रम शाह तथा वीरेन्द्र वीरविक्रम शाह -अन्तर्गत विभिन्न पदहरूमा रही चढाउनु भएको थियो। उहाँले काठमाडौं उपत्यका सांस्कृतिक तथा धार्मिक क्षेत्र विकास समन्वय समितिका प्रथम सदस्य सचिव र दक्षिणकाली क्षेत्र प्रवन्ध समितिको पहिलो अध्यक्षको रूपमा पनि थप सेवा चढाउनु भएको थियो। काठमाडौं जिल्ला स्थित दक्षिणकाली क्षेत्र र फर्पिङ बजारमा उहाँको सुपरिवेक्षणमा सम्पादन भएका विकास कार्यहरू उहाँका केही अपूर्व कार्यहरूको रूपमा लिने गरिएको छ। श्री पशुपतिनाथ मन्दिरको भित्री छतमा उहाँको नाम कुँदिएबाट उहाँ कुनै समयमा पाशुपत क्षेत्रसँग सम्वन्धित काममा पनि संलग्न भएको कुरालाई संकेत गराउँदछ।

श्री डंगोल नेपाल संग्रहालय संघ र नेपाल बौद्ध समाजमा क्रमश: उपाध्यक्ष र महासचिवको रूपमा संलग्न रहनु भएको छ। संयुक्त राज्य अमेरिकामा रहेको राष्ट्रिय भूगोल समाज (National Geographic Society) का सम्मानार्थ सदस्य समेत रहनु भएका उहाँ दर्शन, धर्म र नेपाली राजनीतिका एक वरिष्ठ लेखक हुनु हुन्छ। उहाँले नेपाली र अंग्रेजीमा धेरै गहन लेखहरू लेख्नु भएको छ। उहाँले लेख्नु भएका फुटकर उद्गारहरू (Stray Sentiments) र श्री पशुपतिनाथ (The Pashupatinath) नामका पुस्तकहरू दर्शन र धर्मका क्षेत्रहरूमा महत्वपूर्ण कृतिहरू मानिएका छन्। त्रिभुवन प्रज्ञा पुरस्कार विजेता डाक्टर जगदीश चन्द्र रेग्मीज्यू लिखित दुई वटा पुस्तकहरूमा उहाँले कुनै बखत दार्शनिक उपोद्घात लेख्ने अवसर पनि पाउनु भएको हो। उहाँले हालै मात्र त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र संकायबाट नेपालको राजनीतिमा दरबार (The Palace in Nepalese Politics) विषयमा विद्यावारिधि सम्पन्न गर्नुभएको छ। उहाँ अविवाहित हुनुहुन्छ र एक अनागारिक (गृहविहीन आध्यात्मिक साधक) को रूपमा जीवन बिताउँदै हुनु हुन्छ।